CC-0. In Public Domain. Digitization by eGangotri

समसामयिक नेपाली गजल



सम्पादक
दुबसु क्षेत्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समसामयिक नेपाली गजल

प्रिय श्री ज्ञानमणि नेपाल ज्यूमा,
सादर, दुबसु क्षेत्री
२०५६।८।२२

सम्पादकः दुबसु क्षेत्री

बसुन्धरा प्रकाशन, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वाधिकार : सम्पादक

प्रकाशक :

वसुन्धरा प्रकाशनकालागि चक्रब्यूह क्षेत्री

व्यवस्थापक :

तारा कुमार सुवेदी

वितरक :

सुश्री लक्ष्मी क्षेत्री

आवरण :

टेकवीर मुखिया

मुद्रक :

गीताञ्जली छापाखाना, ज्ञानेश्वर ।

आवरण मुद्रक :

क्वालिटी प्रिन्टर्स

पुतली सडक ।

संस्करण :

पहिलो (वि. सं. २०५०, वैशाख)

मूल्य : रू. १०१।–

(SAMSAMAYIK NEPALI GHAZAL (A collection of contemporary Nepali Ghazals)

EDITOR : DUBASU CHHETRI.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

वसुन्धरा प्रकाशनबाट पहिलो पटक दुबसु क्षेत्रीको सम्पादनमा समसामयिक नेपाली गजल प्रकाशित भइरहेको छ । गजल, साहित्यका विभिन्न विधाहरूमध्ये चर्चित र लोकप्रिय विधा पनि हो र नेपाली साहित्यमा पनि दिन प्रतिदिन यो विधा लोकप्रिय हुँदै गइरहेको छ । मोतीराम भट्टबाट शुरू भएको नेपाली गजलको यात्रा शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, ज्ञानुवाकर पौडेल हुँदै कृसु क्षेत्री सम्म आई पुगेको छ । यो लामो यात्राका विभिन्न चरण-हरूमध्ये समकालीन चरणलाई प्रतिनिधित्व गर्ने संकलन निकाल्ने क्रममा हामीले समसामयिक नेपाली गजल प्रकाशन गर्ने निर्णय गरेका हौं ।

वसुन्धरा प्रकाशनबाट हामीले साहित्यका अतिरिक्त भाषा, शिक्षा र संस्कृति सम्बन्धी कृतिहरू पनि प्रकाशन गर्ने योजना बनाएका छौं । तर हामीले साहित्य सम्बन्धी कृतिहरूलाई प्राथमिकता दिएका छौं। यस क्रममा समसामयिक नेपाली गजलपछि नेपाली कथा, कविता, गीत, निबन्ध र नाटक विधाका प्रति-निधि सङ्कलनहरू क्रमशः प्रकाशन गर्ने योजना राखेका छौं ।

यस संग्रहका सबै प्रतिष्ठित गजलकारहरूमा साधुवाद व्यक्त गर्नु हामी आफ्नो कर्तव्य ठान्दछौं । त्यसै गरी यस संग्रहको सुन्दर आवरण बनाइ दिनु हुने सुप्रसिद्ध कलाकार श्री टेकवीर मुखिया ज्यूमा पनि आभार प्रकट गर्दछौं । स्तरीय तथा शीघ्र मुद्रणकालागि गीताञ्जली छापाखानाका प्रोपाइटर श्री चिरञ्जीवी शर्मालाई र आवरण मुद्रणका लागि क्वालिटी प्रिन्टर्सका प्रोपाइटर श्री राघव बीर जोशीलाई पनि कृतज्ञता प्रकट गर्न चाहन्छौं र यस संग्रहका सम्पादक श्री दुबसु क्षेत्रीलाई पनि धन्यवाद नदिई रहन सक्दैनौं । धन्यवाद ।

चक्रव्यूह क्षेत्री
प्रकाशक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज–जसका रचनाहरूबाट यो संग्रह तयार भएको छ,
तिनै श्रद्धेय लेखकहरूप्रति यो संग्रह सादर समर्पित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गजल--क्रम

१. अमृतलाल श्रेष्ठ
२. अर्जुन सापकोटा
३. अविनाश श्रेष्ठ
४. इन्द्र कुमार श्रेष्ठ 'सरित्'
५. कृष्णहरि बराल
६. कुसु क्षेत्री
७. केशव आचार्य
८. केशव प्रधान
९. खगेन्द्रप्रसाद बस्याल
१०. खुश्बूराज शाही
११. गुलाब खेतान
१२. गोविन्द गिरी प्रेरणा
१३. घनश्याम न्यौपाने 'परिश्रमी'
१४. चक्रव्यूह क्षेत्री
१५. जैनेन्द्र जीवन
१६. तीर्थ श्रेष्ठ
१७. दिव्य गिरी
१८. दुबसु क्षेत्री
१९. धर्मागत शर्मा 'तूफान'
२०. ध्रुवचन्द्र गौतम
२१ ध्रुव मधिकर्मी
२२. धीरेन्द्र मल्ल
२३. धीरेन्द्र प्रेमर्षि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४. नरेन्द्रराज प्रसाईं
२५. प्रकट पगेनी 'शिव'
२६. प्रमोद प्रधान
२७. पूर्ण रंजितकार
२८. पुष्कर माथेमा
२९. पुष्पहरि क्याम्पा राई
३०. बलराम बञ्जारा
३१. बूँद राना
३२. भरत भारद्वाज
३३. मनु ब्राजाकी
३४. मुन पौडेल
३५. युवराज नयाँघरे
३६. रत्न प्रजापति
३७. रमेश पौडेल
३८. रमेश क्षितिज
३९. रवि प्राञ्जल
४०. राजेश्वर रेग्मी
४१. राम अविराम
४२. ललिजन रावल
४३. लव गाउँले
४४. वसन्त प्रकाश उपाध्याय
४५. विजय वजिमय
४६. विप्लव ढकाल
४७. वियोगी बुढाथोकी
४८. विवश पोखरेल
४९. सानुराजा श्रेष्ठ 'अञ्जान'
५०. हरि अधिकारी
५१. ज्ञानुवाकर पौडेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमृतलाल श्रेष्ठ

१. [सारा रात वितेर गयो ।
सपना केही देखिएन
सिरानी भिजेर निथ्रुक्क भयो
आँखामा आँसु रित्तिएन
प्रतीक्षामै जीवन थाकेर गयो
कोही यता फर्किएन
बैंसालु फूल झरेर गयो
टिप्न कसैले सम्झिएन
सारा जीवन वितेर गयो
जीवनको गन्तव्य भेटिएन ।

२. तिनी आउने भन्दाभन्दै साँझ ढल्ने भो
कुर्दा कुर्दै जिन्दगी त्यसै वित्ने भो
वाचाहरू बाँधेर चौतारीमा पर्खी वसें
कुर्दा कुर्दै मनको दियो त्यसै निभ्ने भो
अक्षरहरु सुकेर खामभित्रै हराए
कुर्दा कुर्दै प्रेमपत्र त्यसै विझ्ने भो
तिर्खाएर धाउँदा धाउँदै खोलै सुकेछ
कुर्दा कुर्दै जिन्दगी त्यसै वित्ने भो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. मैनबती भएर मलाई पग्लिन देऊ
हत्केलाले छेक्न कोही नआऊ

घाउ भएर मलाई बल्भिन देऊ
मलमपट्टी लगाउन कोही नआऊ

आँसु भएर मलाई बहन देऊ
सान्त्वनाले पुछ्न कोही नआऊ

कैदी भएर बन्धनमा बस्न देऊ
मनको ढोका खोल्न कोही नआऊ

दियो बनेर मलाई बल्न देऊ
आँधीले निभाउन कोही नआऊ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जुन सापकोटा

१. पैतालामा यात्रा दुख्छ, छातीभित्र मुटु दुख्छ
यस्तो भयो यो जिन्दगी कर्मसितै भाग्य दुख्छ

परेलीभित्र नानी दुख्छ, हत्केलामा रेखा दुख्छ
चर्केको भाग्य लेखौं भन्दा औंलासँगै कलम दुख्छ

पोखिन आँसु काख खोज्छ, लुक्न जिन्दगी वास खोज्छ
मध्यरातमा पीर दुख्छ, चोटभरि रहर दुख्छ

चोटहरुमा विश्वास छाँयाभरि दिन दुख्छ
के गर्छस् अर्जुन तेरो छातीमै जिन्दगी दुख्छ ।

२. थापी सकियो सबैतिर जिन्दगीको पसल
सकिएन थाप्न एउटै तिम्रो यादको पसल

भत्की सके जिन्दगीमा आशाहरुका महल
सकिएन भत्काउन तिम्रो आशको पसल

बेची हिंडे ठाउँ ठाउँ बैंसालु यो रहर
सकिएन बेच्न तर तिम्रो रुपको पसल

देखिए यहाँ धेरै धेरै फूलहरुका बजार
सकिएन देख्न तिम्रो सौन्दर्यको पसल

भेटिए यहाँ कति कति स्वाभिमानी नजर
सकिएन भेट्न तिम्रो स्वाभिमानको पसल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. दिन ढलेर घाम डुब्दा अचानक तिम्रो नाम आयो
साँझ परेर बत्ती बाल्दा अचानक तिम्रो याद आयो

कहिलेकाहीं त तिमीबाट टाढा भागुँ जस्तो लाग्छ
बिर्सौं भनेको मात्र थिएँ, तिम्रो तस्वीरको याद आयो

आकाशमा हेरें, एक जोडी पंक्षी माथि उडेको देखें
त्यसपछि त झनै तिम्रो र मेरो भेटको याद आयो

विहानै देखें गमलामा सुन्दर फूल फुलेको रहेछ
आँखाभरि तिम्रो रुप र मुस्कानको याद आयो

साँझ पर्‍यो धूप बालें, कोठा सुनसान थियो
सन्दुक खोली हेरें, तिम्रो हरेक चिठ्ठीको याद आयो

मध्यरातमा डायरी पल्टाएँ, तिमीले कोरेको हरफ भेटें
बिस्तारै झस्कें, तिम्रो न्यानो स्पर्शको याद आयो

मेघ गर्जेर आकाशबाट पानी बर्सन थाल्यो
अनायासै तिमी र म छुट्दा झरेको आँसुको याद आयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अविनाश श्रेष्ठ

१. प्रेम जब जब तिरस्कार बन्छ
आस्था र विश्वास व्यापार बन्छ

भक्कानो फुट्छ जब कोपिला
फक्रिन नपाउँदै बजार बन्छ

अँध्यारो पुज्ने पूजारीसँग
उज्यालोको प्रशंसा निस्सार बन्छ

'क्रान्ति' त्यो रक्तबीज हो साथी
एक निमोठे हजार बन्छ

फोर्नु नै हो भने यो ढुंगालाई
एक थोपा पानी आधार बन्छ

अहिलेलाई टुकी नै बालौं
सपना घामको एक दिन साकार बन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. शहर छ र शहरका अनगिन्ती व्यस्त बाटा छन्
मुटु छ र मुटुमा, चोटका अभ्यस्त खाटा छन्

बोल्दैनन् ठूलै घातमा पनि अचम्म यहाँका मानिसहरू
तिमो भने ठान्छौ क्या'र ज्वालामुखीहरू लाटा छन्

भताभुङ्ग भइसके मन, लथालिङ्ग छन् नजर पनि
बिन्तीपत्र जस्तो अनुहारभरि समस्यै समस्याका टाटा छन्

मनमनै रून्छ मात्र भनौला, गर्दैन जाहेर किन
काजी! बन्दैन क्रन्दनको शब्द, भक्कानोभरि गाँठा छन्

बाइफाले आ:इमाई जस्तो बिटुलिएको छ नैतिकता
लोग्ने बाहेक पनि जसका हेर, थुप्रै थुप्रै नाठा छन्

पुग्नु थियो तिमीलाई कता, हेर कहाँ पुऱ्याइयौ
बोल्न सक्दैनन् दृश्यहरु, गाइड चौपट्टै बाठा छन् ।

३. तिमीलाई माया गरेर दु:ख बेसाए झैं लाग्छ
तिर्खा मेट्न जाँदा मरुभूमि पाए झैं लाग्छ

मेरो दुनियामा पीडा थिएन तिमीलाई भेट्नु अघि
तिमोलाई देखेदेखि नोद हराए झैं लाग्छ

मेरो बाटो कुरिरहन्थे कतिका रूष्ठ नजर
तिम्रो बाटो मैले कुर्दा आज, केही बिराएँ झैं लाग्छ

हाँसो बाँडेर हिंड्थे जजसलाई ब्यथाको साटो
तिनैको हाँसोले आज, मलाई गिजाए झैं लाग्छ

टोलमा, गल्लीमा, सडकमा, एकान्तमा चाँदनी नै चाँदनी
तिम्रो सम्झनाका चीसा स्पर्शहरूले, मलाई जलाए झैं लाग्छ

मुटुदेखि हाडसम्म म भित्र कुँद्यो यो छट्पटी किन
प्रत्येक दुख्ने ठाउँबाट मेरो, तिमीले चियाए झैं लाग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. गीत गाउँदा गाउँदै, गजल गुनगुनाउँदै
खुशीको लामो पहर सक्कियो

वर्षौं सम्म ओछ्याई रहें प्रतीक्षामा आँखा
तिमीलाई भेटें आज, त्यो रहर सक्कियो

तिमी छैनौ, पीडा छ; विषाद छ र म छु
नदी जस्ताको तस्तै छ, तर लहर सक्कियो

खुशीमा जहर, हाँसोमा जहर, सपनामा विपनामा जहर
अलिकति इलाजलाई खाँचो छ, आजै जहर सक्कियो

इच्छा थियो न तृष्णा, सँगसँगै मसित शहर थियो
'आकांक्षा' तिमीलाई भेटें जहाँ, त्यहींशहर सक्कियो।

५. यसपालि त कस्तो वाँचियो तपाईंको
मृत्युका वङ्गारा भाँचियो तपाईंको

जीवनको अनमोल असर्फी धन्नै
उमेरको हाटमा मासियो तपाईंको

भ्रम'थ्यो निकै लम्कें अगाडि
आफ्नै वरिपरि नाचियो तपाईंको

मुक्ति आफैंसित खै कहाँ खोजूँ
मोह झन् दोब्बर गाँसियो तपाईंको

मृत्यु र जीवन जिस्केको देखी
यसपालि खूपै हाँसियो तपाईंको

म त हुँ पक्कै के-के न भन्थें
त्यो अहम् पनि नाशियो तपाईंको

स्वर्ग त परै टकटकाइ आएँ
माटोको माया पो टाँसियो तपाईंको ।
(मृत्यु छल्ने कवि श्री केदारमान व्यथितमा समर्पित)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रकुमार श्रेष्ठ 'सरित्'

१. आँखा हुन् कि हजुरका, ती हुन् मयका प्याला
तिनै प्यालाभित्र म छु कि, हातमा छन् मयका प्याला

नगिज्याऊ, भो तिम्रै प्रीत बस्ने मनलाई अरू नदुखाऊ
लाजको सुन्दर तलाउभित्रै मुस्कुराऊ, छल्काएर मयका प्याला

आ. . आ. . भनी मनैले बोलाई, नभनीदेऊ मुखले जा जा
डुबाएर राख, लठ्याएर राख, त्यहीं छन् मयका प्याला

के देखाऊँ चिरेर छाती, माया छ तिम्रै पाथीका पाथी
चिम्लौं लज्जाको आँखा दुबैले, छापेर मयका प्याला

दिन तिम्रै, रात तिम्रै, सुन चाँदीको यो बैंस पनि तिम्रै
तर मनसँगै तन पनि देऊ प्रिय, उघारेर मयका प्याला ।

२. प्रिय ! उपहार यो जुनेली रात तिमीलाई
तिमी नै हो मेरी यो जुनेली रात तिमीलाई

काँडाहरू पन्छाएर तिमीलाई भेट्दा
अंग अंगहरू तातिएको हात तिमीलाई

बढेको यो ढुकढुकी, उर्लेको यो जवानी
एउटा कथाको सुन्दर शुरूवात तिमीलाई

तिमीले मलाई,मैले तिमीलाई सकारेको क्षण
नभन्नु कसैलाई, यो गोप्य बात तिमीलाई

मायाको बिरूवा हुर्काउने हाम्रो प्रण छ
नयाँ ज़ीवनको नौलो सुप्रभात तिमीलाई ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. आऊ आऊ भन्छौ प्रिय, आऊँ म कसरी
बाटोमा छ काँडे तार, आऊँ म कसरी

हुन्छ कि हुन्न आकाश र धर्तीको मिलन
तिमी धर्ती भए आकाश छाऊँ म कसरी

सपनामा पनि देख्न सकिनँ तिमीलाई भने
विपनामा तिम्रो गीत गाऊँ म कसरी

यता म विछोडमा, हाय हाय उता तिमी
दुनियाको आँखा छलो, तिमीलाई लैजाऊँ म कसरी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णहरि बराल

१. हटाई शर्मको बादल शशी छाए मजा हुन्थ्यो
भनेको तिमीलाई नै हो, तिमी आए मजा हुन्थ्यो

चियाउँछ जून आकाशमै, चियाउँछ घाम आकाशमै
यो मन हरदम अँध्यारै छ, तिमी च्याए मजा हुन्थ्यो

यो फूलमा के छ र रम्नु, यो धूनमा के छ र सुन्नु
गुलाफी ओठ खोलेर तिमी गाए मजा हुन्थ्यो

सुकिलो रात क्यै हैन, यो मीठो मात केही हैन
सुकोमल हातले तिम्रो, सधैं प्याए मजा हुन्थ्यो ।

२. मेरो मात्रै त हैन कथा यो, तिम्रो पनि कथा त उहो हो
किन भन्छ्यौ मलाई नरोक, तिम्रो पनि व्यथा त उही हौ

तिमी लुक्थ्यौ म खोज्थें घुमेर, फूलै फूलको त्यो वसन्तभित्र
तिमो टाढा छ्यौ छैन वसन्त, तर मनको मिलन त उही हो
म देख्छु जुन आकाश यहाँवाट, तिमी पनि त त्यही देख्दै हौली
जति बर्सोस् यो आँसु वियोगको, तर दिलको जलन त उही हो

किन धड्किन्छ मुटु वियोगमा, किन तड्पिन्छ दिन रात जीवरु
भन्नु कसलाई दोषी भनेर, दुनियाको चलन त उही हो ।

३. मेरो दिन यो किन चोर्‍यौ, मेरो प्रातः यो किन चोर्‍यौ
साथ छोड्यौ सहेकै छु, प्यारो रात यो किन चोर्‍यौ

चिट्ठी लेखौं निष्ठुरीलाई कता कता रहर उठ्छ
औंलाहरू काँपि दिन्छन् लेख्ने थ्याँट यो किन चोर्‍यौ

मसँग सँगै रूने मेरो वर्षा यौटै साथी थियो
शरद् फुलाई फूलहरूमा वर्षात् यो किन चोर्‍यौ
भुल्ने थिएँ तिमीलाई यही प्यालासँगसँगै
कसम खुवाई रगतको मीठो मात यो किन चोर्‍यौ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. तिमी आउँछ्यौ जब मेरो उजाड-उजाड जिन्दगीमा
फर्फराउँछन् वसन्तका विजय-पताकाहरू

रूपको त्यो वयानमा जब मेरो गीत बग्छ
जुर्मुराउँदै भावनाका उठ्छन् सगरमाथाहरू

जून लुक्छ, जब फुक्छन् वादलका ती काला केश
फूलै-फूलमा भमरा झैं अल्झिन्छन् यी आँखाहरू

नयनको दर्पणमा जब तिम्रो रूप खुल्छ
हृदयको चालभरी खुल्छन् तिम्रै भाखाहरू

मायाप्रीति करूणाका चाहिन्न क्यै कथा अब
गीतभरि फुल्छन् मेरा तिम्रै नव–गाथाहरू ।

५. रोकेर सारा आँसुको वाढी, खुलेर आज म हाँसिरहेछु
छुटेको आशा फुटेको विश्वास, भुलेर जोबन म साँचिरहेछु

टाढा छ लक्ष्य, यात्रा छ छोटो, त्यसमा पनि भत्किदै छ गोरेटो
दिन-दिन घटाई जीवन अमूल्य, अन्धो बनेर म नाचिरहेछु

लेखिन्न केही, देखिन्न केही, कुहिरो छ जता तिर हेर्‍यो कुहिरो
सुन्दैन कोही, बुझदैन कोही, यस्तो कथाभित्र म बाँचिरहेछु ।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृसु क्षेत्री

१. तिम्रा आँखासँग मेरो मनको बात साटिएछ
एउटै सपना नदेखी सिंगो रात काटिएछ

अधरहरूसँग नजरको सम्झौता गर्न खोजें
एउटै रहर नसेको सिंगो रात काटिएछ

प्रेमको एउटा सुन्दर शहर बसाउन खोजें
एउटै खण्डहर नटेकी सिंगो रात काटिएछ

मनलाई मैनबत्ती बनाएर जलाउन खोजें
एउटै लहर नछेकी सिंगो रात काटिएछ

तिम्रो प्रशंसामा थुप्रै गजल गुन्गुनाउन खोजें
एउटै गजल नलेखी सिंगो रात काटिएछ ।

२. खाटा बसे पनि घाउ दुखी रहेछ
पानीमै रूझे पनि मन सुकी रहेछ

कहीं कहिल्यै निहुरिन्न भनेर कतै भनें हुँ
तिम्रो सामु अनायास नजर झुकी रहेछ

तिमीलाई देखेर अलिकति हाँस्न खोजे हुँ
मनभित्र तर पीडा अ ै लुकी रहेछ

एक्लो नितान्त एक्लो भएर हिँड्न चाहे हुँ
थाहै नपाई आफ्नै छा ां बाटो ढुकी रहेछ

तिम्रा अङ्ग अङ्गहरू गीत धेरै रचे हुँ
तिम्रो गाजलमा अझै एउटा गजल लुकी रहेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. चारैतिर चर्किएको काँच भो मेरो जीवन
ओइलिएको फूलको सुवास भो मेरो जीवन

सदैव तिम्रा आँखाहरूमा वास माग्न खोजें
टाढा कतै मुगलानमा प्रवास भो मेरो जीवन

चोटहरूमा सधैं सधैं ओठ जोड्न खोजें
तै पनि छातीको भग्न उच्छ्वास भो मेरो जीवन

व्यर्थै भएछन् अपनत्वका भावनाहरू मेरा
आफन्तकै माझमा अपरिचित लास भो मेरो जीवन

सपना देख्नुको कुनै सार्थकता रहेन अब 'कृसु'
बादलले ढाकिएको आकाश भो मेरो जीवन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केशव आचार्य

१. यात्रा गर्दा नजिकैमा थुम्का थुम्की देखें
नजरले म्वाइ खाँदै मैले गजल लेखें

ती थुम्कालाई नछोइकन छुनु पर्दो रै' छ
झुकिएर झण्डै मैले स्पर्शले छेकें

बतासले सुमसुम्याउँछ, मन रोकिँदैन
बल्लतल्ल यो मनलाई सह्मालेर रोकें

उकालीमा ओरालीमा भूकम्पको चाल
बेहोसीका यात्राभरि काँडै-काँडा टेकें ।

२. बन्द बोतलको पानी भयो जिन्दगानी
जानी नजानी गयो जिन्दगानी

चाहना असाध्य मन थामिंदैन
यो गन्धे पानीमा बह्यो जिन्दगानी

न मीठो, रसिलो न त पुष्टकारी
बुझेर नबुझिने छ यो जिन्दगानी

न वारी न पारी नशाको सवारी
मझधारको मझधारमै रह्यो जिन्दगानी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. म वगूं-वगूं झैं लाग्छ उनी बग्ने धुनैतिर
चिप्लन्छन् यी आँखा किन? अनायास उनैतिर

पाकेको स्याउको रङ्ग चढ्छ उनी लजाउँदा
आतुर छन् औंलाहरू उनको लाज छुनैतिर

नहाँसे झैं गरी हाँस्छ्यौ गुलाव फक्रन्छ ओठमा
को लाग्दैन यतिखेर हेर्न पूर्ण जूनैतिर

बैंसका परेवा जोडी उन्मुक्त उड्न खोज्दछन्
पापी नजर टोलाउँछन् चौवन्दीको तुनैतिर ।

⊛

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केशव प्रधान

१. सामूमा नजर झुकाउँछ्यौ, तिमी टाढिँदैमा के भो
चुपचाप बैंस बित्दैछ, अलिकति माया दिँदैमा के भो

संघर्ष मात्र हैन, माया प्रीति पनि जिन्दगी रै' छ
तिम्रो साथ चाहेर, अलिकति खुकुलो हुँदैमा के भो

तिम्रो सौन्दर्यले मोहित तुल्यायो, त्यसैले भन्दैछु
रिसाउनुको पनि हद भा, अलिकति मुस्काउँदैमा के भो

दुःखी नवन यसरीं, तिम्रै यादमा पिएको हुँ
यत्रो पार लाग्दो हो त, अलिकति मन दिँदैमा के भो ।

२. दिनमा फुल्ने फूल रातमा फुलेको देखें
ती आँखाहरूमा सपना फुलेको देखें

सपना ब्युँझेर विपना, विपना वल्झेर सपना
तिम्रा अधरहरूमा गुलाब खुलेको देखें

मल जल गर्दा गर्दै फूल ओइलिएछ हरे
जून फूल्ने मुहारमा झरी परेको देखें

जति वेला अभावले मलाई पिरोलेको हुन्छ
तिम्रो सपनामा मेरो विपना वसाइँ सरेको देखें ।

३. ए, नसोध मलाई पिउनुको अर्थ के छ
अर्थ नखोज, पिउनुको मजा अर्कै छ

भन्छन् भने वेहोसी नै भनुन् त के भो
बेहोसी हुनुको पनि कथा अर्कै छ

भो नसोध रक्सीमा जीवन किन डुवाइस्
तिमीलाई के थाह्रा यसको व्यथा अर्कै छ

आफ्नो भन्नु नै को छ र केशवको यहाँ
आफन्तको वेइमानीको कथा यहाँ अर्कै छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खगेन्द्र प्रसाद बस्याल

१. त्यसै कहाँ लेखिन्छ र मनमा उठ्ने भावलाई
वचाउनै गाह्रो भयो तिम्रो मेरो साँधलाई

ममताको हार्दिकता छाड्दै गयो तर
मिलाई दिने कसले अब तिम्रो मेरो काँधलाई

चाहे जस्तो रूप सफा देखिएन कतै पनि
नचाहेकै दाग रह्यो तिम्रो मेरो चाँदलाई

यो हल्लाको समाजमा कुरा भए थरी थरी
एउटै कुरा चाहिएथ्यो तिम्रो मेरो बाँधलाई ।

२. कैयौं हिउँद काटिसकें खोज्दै मनको दियो
भेट्न अझै गाह्रो भयो जिन्दगीको मियो

सत्यताको पछि पछि बाटोमा म हुंदा
किन अझै भएको छ मेरो बारे चियो

आफ्नै सम्झ भनी जसले सधैं भनेकोथ्यो
उसले पनि मेरो मनमा राख्यो क्यारे सियो

एकान्तमा हराउँदै जिन्दगानी पिएँ
अस्तित्वलाई साटेर उसले के के लियो

मैले उसका व्यथाहरू पूरै सुनें आज
त्यस्तो कथा त्यस्तो व्यथा मेरो पनि थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. कति धेरै लामो यात्रा दुई दिनको जिन्दगीमा
फूल जस्तो मुस्कुराउन सकिएन जिन्दगीमा

नपत्याउँदै भए पनि आई पुगें आज यहाँ
सही बाटो खोजिरहें देखिएन जिन्दगीमा

उनको मनमा केही थियो तर सधैं लुकिरह्यो
विश्वासका कुरा पनि भेटिएन जिन्दगीमा

सधैं आँधीबेरीसँग आफूलाई जुध्नु पर्‍यो
सन्तोष लिने काम अझै गरिएन जिन्दगीमा

किन आँखा अगाड़िमा फुलिरह्यो तोरी फूल
फ्फल्कोलाई नाघ्ने साँघु तरिएन जिन्दगीमा ।

४. लामो रात पार गरी जन्मिएला भोलि
को हुँ म त्यो परिचय बताउँला भोलि

पुराणको उत्सवमा रमाउनु कति
फागु खेले जस्तै गरी रमाउँला भोलि

तारा त छन् जानेको छु यहाँ नदेखिने
तिम्रो मनको ध्रुवतारा उदाउला भोलि

कैले काहीं मयल पनि प्यारो लाग्नु पर्छ
दु:ख कष्ट पखाल्नलाई नुहाउँला भोलि

न छ मलाई दु:ख कष्ट न छ दिग्दारी
मैले कति घात सहें सुनाउँला भोलि

मेरो मनमा टह्टह जून लागेकै छ
सपनासँग खेल्ने जून देखाउँला भोलि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खुश्बूराज शाही

१. मनुष्यलाई अब केही डर घीन कुनै लाज रहेन
अन्याय, भ्रष्टाचारको कतै अघुरो रियाज रहेन

महापुरूषमा पनि त्यो आस्था-युक्त आवाज रहेन
कूट, छल-कपट सिवाय सत्य, इमानको राज रहेन

मासिए ती दनुजपनामै मानवका सब ज्ञान-बुद्धि
यहाँ-वहाँ कतै पनि विवेकशील सद्समाज रहेन

मानव-धर्म-च्यूत यहाँ मानवीय –उपदेश कुक्छन्
कुनै पनि धर्मवीरको बाँकी सावाँ–ब्याज रहेन

देवदेवी पनि पृथ्वीमा झोर्ले रे स्वर्गबाट
अब त्यो अस्तित्व, आदर, आस्थापूर्ण ताज रहेन

इमान्दार, सत्यवादीको छ शून्य सत्व, महत्त्व
भीम, बलभद्र, दशरथ, गंगाको काम-काज रहेन

नर्कदेखि स्वर्गसम्मको छ उदाङ्ग वातावरण
उच्च उच्छृङ्खलताको बाँकीं साँध-रिवाज रहेन

बाँच्ने इच्छा त छैन तर मरे पनि सुख कहाँ हुने भो
सुन्छु म स्वर्गमा पनि व्यभिचारको अन्दाज रहेन

प्रलयको तमतयारीको छ जानकारो हरवखत
"खुश्बू" एकोहोरो शङ्खबाहेक अरू साज रहेन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. लैजाने हृदय चोरी खुद लत छ तिम्रो यो
सताउने प्रेमीलाई आदत छ तिम्रो यो

तिम्रो जातै निर्मोही हो, मलाई थाहा छ
मुस्कुराई मोहित गर्ने हैसियत छ तिम्रो यो

राख्ने दिल लुकाइ तिमीहरूको रीतै हो
कहाँ दिल फुकाई हिंड्ने ताकत छ तिम्रो यो

नयनवाण चलाइ आफैं हुने निर्दोष सावित
व्यर्थको बेमतलवको फतफत छ तिम्रो यो

छलेर कुक्याएर केवल टुना गरेर बस्ने
"खुश्वू" उपर अन्याय एकदम गलत छ तिम्रो यो ।

३. सर्वत्र छ चर्चा विचलनको, पथ एकदम अँध्यारो छ
"खुश्वू" तर सत्य अङ्गाली हिंड्न बडो अप्ठ्यारो छ

न बास कपासको व्यवस्था, न गाँसकालागि चारो
लथालिङ्ग छ जनजीवन, सबको मुहार अँध्यारो छ

अनाचार र भ्रष्टाचारको जहाँ तहाँ छारो उडेको छ
मात्र विकासको बकवास छ, काम सब उधारो छ

कर्तव्यको दिन्छन् उपदेश अधिकारको कुरै छैन
केही दिनु भन्दा सबलाई कमाउनुकै हतारो छ

छोड, नगर व्यर्थका कुरा, व्यथा कहेर सकिन्न
"खुश्वू" उपल्ला व्यक्तिको बानी सप्रन गाह्रो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुलाब खेतान

१. जीवन यही नै हो अब, मर्नूं के नमर्नूं के
माया अरू कसैलाई अब, गर्नूं के नगर्नूं के

एउटा तिम्रो आँखाको रङ्ग, उतार्न सकिन जीवनमा
रङ्ग कुनै तस्वीरमा अब, भर्नूं के नभर्नूं के

विवश आँखाले सबलाई, सधैं हेरी नै रहने
यस निर्बल जमानासँग अब, डर्नूं के नडर्नूं के

"गुलाब" त भूंईमा झरी सक्यो, वगैंचा आफन्तले लुटे
बितेका कुरालाई याद अब, गर्नूं के नगर्नूं के ।

२. असफलताले भरिएको, त्यो जमाना याद आउँछ
रून्छ दिल जब हाम्रो, त्यो गाना याद आउँछ

साउनको वर्सातमा, एक्लै बसेर सोच्दा तिम्रो
हाँसी हाँसीं गरेको, त्यो वहाना याद आउँछ

मेरो घरको गोठमा, लुकामारी खेल्दाको
ठाउँ ठाउँमा चुहिएको, त्यो छाना याद आउँछ

"गुलाब" मिष्ठान्न बेकार लाग्ने, तर तिमीले ल्याएको
छीनाझपटी गरी खाएको, त्यो खाना याद आउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. म कम्पित हुन्छु देखेर, प्यारको यो हाल
जमानाले सिकायो होला, मक्कारीको यो चाल

तिमी बेअसर हुन सक्छौ, कसरी म बुझ्न सक्तिन
सजल रहन्छन् मेरा आँखा, तप्त हुन्छ यो भाल

समुद्रको गहराई हो वा, सगरमाथाको उचाई
कोसँग मिल्न खोज्दैछ, मन भित्रको यो छाल

"गुलाब" निरीह माकुरा झैं, फस्यों तिम्रो मायामा
तिमीले कुल्ची हिंडेपछि, किन चाहिन्छ यो जाल ।

४. तिम्रो मायाको सफलता, मेरो एउटै चाहना
बनी रहोस् त्यो सफलता, मेरो एउटै चाहना

शुष्क आवरणभित्रको, कैक्टस्‌को स्निग्धता
बनी रहोस् त्यो कोमलता, मेरो एउटै चाहना

समाजको हुरीबेरीले, धूलो छ्याप्न नसकोस्
बनी रहोस् त्यो निर्मलता, मेरो एउटै चाहना

"गुलाब" को रस, रूप देखी, सारा गुणहरु युक्त भै
बनी रहोस् त्यो सरलता, मेरो एउटै चाहना ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोविन्द गिरी प्रेरणा

१. उठ्नेहरू त उठेर हिंडिसकेछन् आफू बसेको बस्यै भएँ
ए हजुर म त या जिन्दगीको मोहमा फँसेको फस्यै भएँ

टाठा बाठाहरूले त सोहोर्न भ्याए जति सोहोरे छन्
आफू त पुङमाङ भइएछ आफ्नो मुठीमात्र कसेको कस्यै भएँ

सक्नेहरूले त चिल्लो चाप्लोले काम चलाउँछ भन्छन्
ए हजुर म त परिश्रमको दल दलमा पसेको पस्यै भएँ

जति थिए मुनिकाहरू क्रेनले तानिएर पुगिसकेका छन् माथि
आफू त विपन्नताको भूमरीमा खसेको खस्यै भएँ

कसलाई के थाहा यो प्रेरणा कति जलिरहेछ भित्रभित्रै
ए हजुर म त विषालु नजरले डसेको डस्यै भएँ ।

२. बाँच्न पनि अब कठिन भो यो शहरमा
हाँस्न पनि अब कठिन भो यो शहरमा

स्वर्ग जस्तो हुन्छ भन्थे जिन्दगी शहरमा
सात जनमको नर्क समान भो यो शहरमा

वाह वाह मै बित्छ भन्थे जिन्दगी शहरमा
अफवाह नै अफवाहको घान भो यो शहरमा

शानै शानमा बित्छ भन्थे जिन्दगी शहरमा
शानको त अवसान भो यो शहरमा

खै कुनै गुञ्जायस भेटिन जिन्दगीको शहरमा
आफ्नै घर पनि अब मसान भो यो शहरमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. फाँडिइ सक्यो बन सबै बनै अब कहाँ छ
फाटिसक्यो मन पनि मन नैअब कहाँ छ

सुरा र सुन्दरीले लुटिएको घाइते हुँ म
छाँटिइ सक्यो धन पनि धन नै अब कहाँ छ

रोगको घर भएछ ग्रो पचतत्वको मिश्रण
शरीरको भ्रम मात्र हो, तन नै अब कहां छ

नरकंकालको जुलुसमा समेत नेता छन् मख्ख
जनको कुरा जति गरेपनि जननै अब कहाँ छ

ईश्वरलाई पुज्नेहरू हो, कति समय फाल्छौ ब्यर्थै
ईश्वरको बास त्यहाँ छ, तन मन धन नै जहाँ छ ।

४. मर्नेहरु मरेकै छन्, बाँच्नेलाई गजव छ
अजब छ यो दुनिया, जता हेऱ्यो गजबै गजब छ

परेवाहरू शिकारमा परे, सिद्धार्थ कतै भेटिएन
जोगाउनेहरु घाइते छन्, सुरक्षा नास्नेलाई गजब छ

नदीहरु नाल भईसके नालोको चाहिं पत्तो छैन कतै
धारामा नाली बग्दछ, नागरिकको स्वास्थ्य गजब छ

कुन देशको कथा हो यो कुन भू-भागको
रुनेहरु अदृश्य छन्, हाँस्नेलाई गजब छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घनश्याम न्यौपाने 'परिश्रमी'

१. यथार्थ कति तीतो हुँदो रै'छ आजभोलि
अपाहिजको बैसाखी लुटिंदो रै'छ आजभोलि

मीठा मीठा सपनाका तरङ्ग भरङ्ग हुन्छन्
षडयन्त्रले जे पनि गरिंदो रै'छ आजभोलि

लोभ, मोह, मात्सर्यले विघटित मानवता
नग्नताले मात्र दिल छुँदो रै'छ आजभोलि

आस्थाको बाटोमा काँडा छर्नेहरु छदैं गर्छन्
द्रष्टाले नै नयन चिम्लिंदो रै'छ आजभोलि

'मान्छे' मान्छे भन्दा बेग्लै, पथको पथिक बन्यो
बुझ्न खोज्दा पनि नबुझिंदो रै'छ आजभोलि

ज्यादा इमान्दार नबन, नबन दिलदार 'घनु'
इमान्दारिता नै नचाहिंदो रै'छ आजभोलि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. प्रतीक्षामा बसें निकै बेकार भयो
अब कसो गरुँ यो मन दोधार भयो

धोखा दिनु थियो, दियौ बुझेको छु
विश्वासको अडान उपर प्रहार भयो

सपना ध्वस्त भए सारा लक्ष्य अब
पारि तर्नै नसकिने जंघार भयो

बाँच्ने रहर पनि कस्तो जटील रहेछ
जिन्दगीको हरेक क्षण असार भयो

घात प्रतिघात सहें सहँदै पनि छु
सहनुको सीमा अत्यन्त भार भयो

सँधै बेचैन, चिन्ताकै परिधिको जीवन
संघर्षको मैदानमा दिक्दार भयो ।

३. केही भन्ने रहर थियो बोल्न सकिन
मनको कुराको पोखरी खोल्न सकिन

बोली सकेपछि केही दुःख पर्‍यो
त्यसैले तिमीलाई पिरोल्न सकिन

तिमी आयौ जाडोको घाम जस्तै नजिकिँदै
न्यानो न्यानो अनुभव बिथोल्न सकिन

सम्झनाको प्यास मेट्ने इच्छा थियो होला
चिसो पानीमा गुलियो घोल्न सकिन

नबोल्दा नबोल्दै पनि माया लाग्छ किन ?
तिम्रो स्वभाव नै मैले मोल्न सकिन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. नजिस्क्या ए अन्धकार, घरिघरि मलाई अब
तेरै विरुद्धमा छिट्टै कोर्दैछु म सलाइ अब

मानवतावादी वन्दै रगत चुस्ने मानिसकै
यस्तो प्रवृत्तिको उप्काइदिनु पर्छ कलाइ अब

तल हेरी नारा दिन्छन् काम गर्छन् माथि हेरी
यो चालाले कैले हुन्छ गरीवको भलाइ अब

दिवास्वप्न होइन देख्ने, पसिना बगाउनु पर्छ
छतहरु बाँकी सबै हुनुपर्छ ढलाइ अब ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्रब्यूह क्षेत्री

१. आजको चिसो रात पनि त्यसै बित्छ होला
तिम्रो मीठो याद पनि त्यसै बित्छ होला

तिम्रो बैंसमा मातुँ भन्ने सुन्दर स्वप्न थियो
त्यो बैंसालु मात पनि त्यसै बित्छ होला

तिम्रो न्यानो अङ्गालोमा बाँधिउ भन्ने थियो
त्यो न्यानो साथ पनि त्यसै बित्छ होला

एउटा सुन्दर बिहानीमा तिमीलाई भित्र्याउँ भन्थें
त्यो सुन्दर प्रभात पनि त्यसै बित्छ होला

हिंजो मात्र सपनीमा तिमीसँग लड्दै थिएँ
त्यो तीखो आघात पनि त्यसै बित्छ होला ।

२. उमेरलाई आँखाभरि पोख्न मन लाग्यो
जिन्दगीलाई एक साँझ जोख्न मन लाग्यो

चिराग बोकेर हिंडिएछ धेरै टाढासम्म
जिन्दगीलाई एक रात रोक्न मन लाग्यो

गुलियो खोज्दा खोज्दै अमिलिएछ जिन्दगी
जिन्दगीलाई एक मात टोक्न मन लाग्यो

अग्लिन चाहँदा चाहँदै खसेछ खाडलमा जिन्दगी
जिन्दगीलाई एक हात वोक्न मन लाग्यो

जवाफ पर्खंदा पर्खंदै रित्तिएछन् प्रश्नहरू
जिन्दगीलाई एक बात सोध्न मन लाग्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. यो संसारमा तेरो सम्पत्ति कति छ भनेर नसोध
यो शहरमा तेरो के दुर्गति छ भनेर नसोध

मान्छेहरू धमाधम मलाई टिठ्याइरहेका छन्
यसमा तेरो मौन सहमति छ भनेर नसोध

आफ्नै घर जलाएर आगो तापिरहेको छु म अचेल
यतिखेर तेरो के विपत्ति छ भनेर नसोध

हुरीले घरको खरानीसँग मैलाई उडाउन खोज्दैछ
यस्तो बेला तेरो के स्थिति छ भनेर नसोध

म फुटेका ऐनाहरू बटुलेर हेर्दैछु आफ्नो अनुहार
फुटेको ऐनामा तेरो कस्तो आकृति छ भनेर नसोध ।

४. सापटी खुशीमा हाँस्नेहरू धेरै हुँदारहेछन् शहरमा
अर्काको व्यथामा हाँस्नेहरू धेरै हुँदारहेछन् शहरमा

रहर लागेर शहर पसिएछ कुन साइतमा कुन्नि
अर्कालाई मारेर बाँच्नेहरू धेरै हुँदारहेछन् शहरमा

आफू त सधैं सधैं आँगन भएर पल्टिएको छु
अर्काको छाती टेकेर नाच्नेहरू धेरै हुँदा रहेछन् शहरमा

आफू त सधैं एउटै रंग लिएर बाँचेको छु
अर्काको अनुहारमा हिलो टाँस्नेहरू धेरै हुँदारहेछन् शहरमा

शहर पसेपछि पत्थर भई सकेको छु म थाहै नपाई
तर पत्थरसँग पनि माया गाँस्नेहरू धेरै हुँदारहेछन् शहरमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. यो संसारमा मान्छेको मूल्य कस्तो कस्तो भो अचेल
असनको आलुभन्दा मान्छे सस्तो भो अचेल

चन्द्र, मङ्गल हुँदै मान्छे माथि माथि आकाशिदैछ
माथि चढ्ने रहरमा मान्छे झन् तल खस्तो भों अचेल

स्वतन्त्रताको गीत खूब गाउँदै हिंडेको मान्छे
आफ्नै शस्त्रास्त्रको जंजालमा फँस्तो भो अचेल

प्रकृतिलाई नंग्याएर मान्छेले थुप्रै वैभव बटुलेको हो
आफ्नै संहारमा लागेर आफैं खरानी घस्तो भो अचेल

मन पनि नभएको मुटु पनि नभएको आजको मान्छे
आफैंले बनाएको निर्जीव रोबोट जस्तो भो अचेल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जैनेन्द्र जीवन

१. उजाड छ, के छ र मात्र विषाद सिवाय
निस्सार छ. के छ र फोस्रो विवाद सिवाय

भोगियो जिन्दगी पनि, सकियो जिन्दगी पनि
के हुनु बाँकी छ र खरानीमा अनुवाद सिवाय

तिमीहरू जसलाई आवाद हुनुको नाउँ दिन्छौ
के हुनु छ र त्यस्मा पनि बर्वाद सिबाय

कसैले सम्झिए अस्तित्व भो, नत्र हैसियत के छ त्यस्को
केही हुन सकेन जो पुराना याद सिवाय

कोही नबोलिकनै भै सक्यो त्यो जो भयो
बोलेर के भो 'जैनेन्द्र' व्यर्थका संवाद सिवाय।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. तिमी संझिन्छ्यौ यदाकदा
म बिर्सन्छु यदाकदा

यसो अतीततिर हेर न
भेटिन्छु यदाकदा

हेर्दिनौ त के लाग्छ
भेटिन्छु यतै कता

थुनेर तिमीलाई नै भित्र
चिम्लन्छु आँखा सदा

तिम्रै प्रथम लिएर नाम
ब्युँझन्छु विहान सदा

तिम्रै नामको छ जप
कुन उषा कुन सन्ध्या

तिम्रै नामको छ तप
जुनीमा सदा सदा

तिम्रै सम्झनाले पिरोल्छ
पी' दिन्छु यदा कदा

तिम्रै सम्झनाले बिथोल्छ
जी' दिन्छु यदा कदा

नत्र मक्किसकेको छु
भत्किन्छु जतातता

अझ भत्किसकेको छु
मिल्किन्छु यतै कता

तिमी संझिन्छ्यौ यदाकदा
म बिर्सन्छु यदाकदा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. वाहिर एकथोक छ, भित्र अर्को थोक छ
पोज एक थोक छ, चित्र एक थोक छ
सबै सबै थोक यहाँको यस्तै हुन्छ
आवरण एकथोक छ, चरित्र अर्को थोक छ
जति नै कुलिए पनि कालो धन विरूद्ध
उहाँलाई धनभन्दा के पवित्र अर्को थोक छ
सुन्नोस् उहांका कुरा, पत्याउनुस् तर चाम्रो गरी
वाहिर एक थोक छ, भित्र अर्को थोक छ
हेर्नोस् उहाँलाई, चिन्नोस् तर राम्रो गरी
पोज एक थोक छ, चित्र अर्को थोक छ
हो, सबै थोक यहाँको यस्तै हुन्छ
आवरण एकथोक छ, चरित्र अर्को थोक छ
वाहिर एकथोक छ, भित्र अर्को थोक छ
पोज एक थोक छ, चित्र अर्को थोक छ ।

४. बिघटन र विनाश छ जिन्दगी
बिफलताको रास छ जिन्दगी
घस्र्दै घस्र्दै तानिरहेछु
जिउँदो लास छ जिन्दगी
सार्थक होला कि कैले त भन्यो
ब्यर्थको आस छ जिन्दगी
कति गह्रौं भएको केही नहुँदा नि
एक मुठ्ठी सास छ जिन्दगी
एकै छिन कल्पना सागरको गोता खायो
नत्र प्यासै प्यास छ जिन्दगी
मुछिएको छ मुखमा पुगेको छैन
कालको गाँस छ जिन्दगी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. गजग्राह-युद्धका गज उद्धारक कृष्ण जी
द्रौपदीको चीरहरणका रक्षक कृष्णजी

नोनीमा भुलेका छौ कि छौ नानीमा रमाएका
झुलुक्क झुल्किद्यौन एक झलक कृष्णजी

कुनामा मन्दिरको छौ कि थुनामा कुनै सेफको
यसो निस्कन वाहिर एकपटक कृष्णी

उहिले त असुरको भन्दा तिम्रै थियो वंश विशाल
अहिले खै सखापै भएछन् कि तिम्रा खलक कृष्णजी

स्वर्गै भएपनि सय दुईसय मुश्किलले हजारको
नर्क भएको छ बाँकीलाई मुलुक कृष्णजी

भित्र पीडाका मुजाहरू कोही देख्दैन जैनेन्द्रको
बाहिर हेरेपछि कालोकोटको टलक कृष्णजी

लौन लौन झुल्किद्यौन एक झलक कृष्णजी
यस्सो निस्किद्यौन बाहिर एक पटक कृष्णजी !

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीर्थ श्रेष्ठ

१. आँसु, अभाव र भोक भएको छ जिन्दगी
व्यथा, पीडा र शोक भएको छ जिन्दगी

गर्जिन त धेरै गर्जिएको थियो आकाश पनि
उसको गर्जनमा नै रोक भएको छ जिन्दगी

पर देखिएको क्षितिजलाई पनि सोध्नु
आफैंसँग अपरिचित लोक भएको छ जिन्दगी

जिन्दगीसँग जिन्दगीको कुरा नगर्नू
वन्धकी राख्ने बाँकी थोक भएको छ जिन्दगी

अचेल फाँटवालाको कीर्ते टिप्पणीमाथि
हाकिमले लगाइदिएको तोक भएको छ जिन्दगी ।

२. उहिले जङ्गलबीच हिंड्न डराउँथ्यो मान्छे
अहिले मान्छेको बीच वस्न डराउँछ मान्छे

उज्यालो कसैगरी कतै पनि भेटिएन भने
आफ्नै आँखाबाट उज्यालो छर्छ मान्छे

आकाशबाट पानी नवर्सेको धेरै भयो
सुख्खा जमीन आफ्नै आसुले सिंच्छ मान्छे

समयले धेरै धेरै पटक प्रहार गरिसक्यो
चोट खाएर चोटको अर्थ सोध्छ मान्छे

मान्छेका भीडहरूमा अचेल दुर्घटना गह्राउँछ
त्यसैले मान्छेको वस्तीवाट भाग्न खोज्छ मान्छे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. पखेटा काटिएको छ उड्न पनि सक्तिन
आँखा फोडिएको छ देख्न पनि सक्तिन

हात, गोडा र छातीमा कीला टाँगिदिएका छौ
अब तिम्रो यातना खपेर बस्न पनि सक्तिन

मभित्र यौटा दावानलको अग्नि सल्कँदो छ
त्यसलाई बाहिर आउनबाट रोक्न पनि सक्तिन

मेरी आमाको आँखावाट आंसु चुहिरहेछ
आमाको आँखामा अब आँसु देख्न पनि सक्तिन

धेरै पटक तिमीले मेरो छाती कुल्चेका छौ
एकपटक तिमीलाई नकुल्ची छोड्न पनि सक्तिन ।

४. अँध्यारैमा जन्में, अँध्यारैमा हुर्के, उज्यालो म कहाँ खोजूँ
आफैं जल्न सकिन, उज्यालो पार्न, दियालो म कहाँ खोजूँ

आफैंभित्र शून्य शून्य बाँच्न विवश छु म यहाँ
यो निष्पट्ट अँध्यारो मेट्न दरिलो अङ्गालो म कहाँ खोजूँ

बल्दै गर्छन्–निभ्दै गर्छन् असंख्य सलाईका काँटीहरू
यौटा ज्योतिपून्ज तयार पार्न तिनका सङ्गालो म कहाँ खोजूँ

कति कति जन्मे, कति कति मरे यहाँ, पत्तो भएन
आँखाभरि उज्यालो पोतेर जन्मेको वालो म कहाँ खोजूँ

खेतका आली कान्लामा पनि फगत् अँध्यारो अँध्यारो छ
निर्धक्क उभिएर उज्यालो छर्न सक्ने खेतालो म कहाँ खोजूँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. आफ्नै आँसुले पनि क्षण क्षण भिज्दो रहेछ जिन्दगी
कैलवरो डाँडाको क्रसमा टाङ्गिदो रहेछ जिन्दगी

आँखाहरू उज्यालो खोज्दै विस्तारै विस्तारै चलमलाउँछन्
उज्यालो खोज्ने प्रयास गर्दा अपराधी बनाइँदो रहेछ जिन्दगी

सतीको सराप पनि कहिले मोचन गर्न सकिएन
अभिशापै अभिशापले अभिशाप्त पारिँदो रहेछ जिन्दगी

जूवाका खालहरूमा धेरै पटक शकुनीले जितेको छ
बाँच्ने क्रममा पटक पटक हारिँदो रहेछ जिन्दगी

कसलाई पो, कहाँ पो हेरेर चिन्नु आफ्नो अनुहार
साँचोमा त फुटेको ऐनामा पो देखिँदो रहेछ जिन्दगी ।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिव्य गिरी

१. शकुनीहरूको बस्ती हो यो, र त खेल छ सधैं
जहाँ जान्छु त्यहाँ शिखण्डीहरूको खेल छ सधैं

हाँस्न गाह्रो भयो, बाँच्न झनै गाह्रो भयो
उफ् ! आफ्नो जिन्दगी आफैंलाई जेल छ सधैं

अभावको खाडलमा छु, चाहना भित्रभित्रै मारेको छु
यो कस्तो प्रदेश हो, सोझालाई नेल छ सधैं

अनावृष्टिको मारमा छु, मरूभमि झैं सुकेको छु
देख्छु, सबैका आँखाहरूमा आँसुको भेल छ सधैं

जहीं तहीं भेटिन्छन्, बन्धुत्वको गीत गाउनेहरू
सत्य बोल्ने हो भने तिनीहरूमा बेमेल छ सधैं ।

२. तिमी बिना यो ठाउँ बिरानो शहर भो
यो जिन्दगी भत्केको पुरानो शहर भो

आँखामै टाँसिरहेथें, मुटुमै गाँसिरहेथें
तिम्रो माया उर्लिरहने वेदनाको लहर भो

न तिमी मेरी भयौ, न त म तिम्रो भएँ
हाम्रो मिलन, केवल विधवाको रहर भो

मायाँ भुल्न सकिन, सम्झना बिर्सन सकिन
जति पिएँ तिमी सम्झी, अब त्यो जहर भो

हाम्री दुईका दुई मुटु, यौटै पार्न सकिएन
हाम्रो मायाको इतिहास अब खण्डहर भो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. तिमी बिना यो मन बुझाउँ कसरी
माया त कति छ कति बताउँ कसरी

जति टाढा हुन्छु, उति बढ्छ सम्झना
बिछोडमा तड्पिन्छ मन फकाउँ कसरी

सहन्छु जतिजति, दुख्छ झन् उतिउति
लागेको घाउ छातीमा देखाउँ कसरी

आँखाबाट झर्छन् गङ्गा र जमुना सरी
मनभित्र जुन बह छ, सुनाउँ कसरी

बिरानो बस्ती छ, मन उसै कहालिन्छ
बिना सहारा पाइला बढाउँ कसरी ।

४. तिमीलाई सुनाउँदा हर पीडा नलुक्ने भए
भन्ने नै थिइन शायद मुटु नदुख्ने भए

पोको पारेर राख्थें, कुसुमे रूमालमा राख्थें
गहको सबै आँसु गहमै नसुक्ने भए

त्यो चौबाटो के काम, मेरालागि के काम
यदि तिमी आई सधैं त्यहाँ नढुक्ने भए

भत्किने थिएनन् अरू, बाँकी हाम्रा सपनाहरू
मायाको बन्धन कहिल्यै यहाँ नटुट्ने भए

तिमीलाई सुनाउँदा हर पीडा नलुक्ने भए
भन्ने नै थिइन शायद मुटु नदुख्ने भए ।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुबसु क्षेत्री

१. छातीमा हुरी चलेको बेला दियो कसले सल्कायो
आंखामा आँधी आएकै बेला भेल कसले छल्कायो

मन त्यसै पनि चञ्चल चञ्चल छ मेरो हर पल
यसलाई छातीमा उफ्रन सिकाएर कसले पल्कायो

आँसु छ गहमा भरिएर टिलपिल टिलपिल छ
मेरो नजीक आएर त्यसलाई कसले छचल्कायो

सोझो बाटो हिंड्डै थिएँ आफ्नै मनको सीधा
फकाइ फुल्याइ मलाई बाङ्गो कसले ढल्कायो

घेरै दिनपछि आज एकान्तमा बसेको थिएँ
दुबसुका पुराना यादहरू कसले झल्कायो ।

२. जहाँ हिंडे पनि पुग्दा तिम्रै घरमा पुगिन्छ किन ?
यो बाटो जहिले पनि तिम्रै आँगनमा टुंगिन्छ किन ?

अचेल त कस्तो भई सक्यो यो मन पनि
जसको संझनामा रोए पनि तिम्रै आँसु रोइन्छ किन ?

मनभित्र थुप्रै मैलो जम्मा भई सक्यो होला
जतिपल्ट धोऊँ भन्छु तिम्रै रहर धोइन्छ किन ?

एक्लो हुने इच्छामा एकलास ठाउँ खोज्दै हिंडे
जति एकान्त खोजे नि तिम्रो यादसँगै होइन्छ किन ?

छुन त आकाशका जूनतारा छुन चाहन्थें म
जे छोए पनि छुँदा तिम्रै मन छोइन्छ किन ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. चञ्चले तिम्रा आँखाहरूमा हर बात थियो
एकै नजरले लठ्ठ हुने क्रुर मात थियो

पालुवाको वसन्त र फूलहरूको शरद् थियो
एकै क्षणमा रूझाइदिने असारको वर्सात थियो

घामको एकै झुल्कोमा पग्लिने शीतको थोपा थ्यै
एकै प्रहारमा मस्त हुने प्रचुर उन्माद थियो

अतीततिर फर्केर टोलाउँथें म एकान्तमा
एकै प्रहर नछोड्ने छायाँ जस्तो याद थियो

म हारेथें धेरैपल्ट जिन्दगीका जूवाहरूमा
एकैपटक जितेछु जब तिम्रो साथ थियो

अधर त के नजरका वाण कडा हुँदा रहेछन्
एकै प्रहार ती आँखाको मीठो आघात थियो ।

विपनीले पिऱ्यो पिऱ्यो सपनीमा पनि कहालिन्छु
एकै प्रहर निदाएको तिमीसँगको रात थियो

४. आँखामा आगो छैन भने मुटु त्यसै कहाँ बल्छ र ?
हुरी चलेको छातीभित्र मनको मैनवत्ती कहाँ जल्छ र?

म हाँसे तिमी हाँस्यौ दुनिया हामीलाई हेरिरह्यो
फगत मुस्कानमा बाँधिएर जीवन कहाँ चल्छ र ?

उर्वर बनाऊ मनका बारीहरू आस्था जोतेर
सिजनमा नरोपे सपनाहरू विपना कहाँ फल्छ र ?

जति सक्छ्यौ सह्मालेर राख मनका संवेगहरू
पानी जति बगे पनि प्रवाह कहाँ गल्छ र ?

हुरी चल्दा जोगाएर राख आस्था-दीप
साहस भए समयको शासन कहाँ चल्छ र ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. आगोसँग जिस्किन्थें म पनि कुनै बेला
तारासरि चम्किन्थें म पनि कुनै बेला

मभित्र पनि पग्लिन्थ्यो म्याग्मा शायद
ज्वालामुखी दन्किन्थें म पनि कुनै बेला

खुल्ला आकाश खोजेर म पनि लडे हुँ
बन्धनविरूद्ध बज्रिन्थें म पनि कुनै बेला

माटोको माया मुटु जत्तिकै हुँदोरहेछ
माटोनिम्ति पग्लिन्थें म पनि कुनै बेला

सगरमाथा भन्दा अग्लो स्वाभिमान रहेछ
हिमाल भई अग्लिन्थें म पनि कुनै बेला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मागत शर्मा 'तूफान'

१. अभावको बजारमा यहाँ जिन्दगी लिलाम भो
दुई थोपा आँसुमा सब खुशी लिलाम भो

बजार हो ग्यो दुनियाँ यहाँ सब थोक बिक्ने गर्छ
यस बजारमा आज एउटा भोको कवि लिलाम भो

उहिल्यै बिकिसकेका थिए बिक्ने सबै चीजहरू
आज त बाँकी रहेको सपना पनि लिलाम भो

अँध्यारोमा छोड्छ साथ आफ्नै छायाँले पनि
तमको साम्राज्यमा आज रोशनी लिलाम भो ।

२. शूलै शूलको शहरमा फूल खोज्दै हिंडे
समस्याको सागर तर्न पुल खोज्दै हिंडे

एक्लै हिंड्दा बाटो काट्न गाह्रो हुँदो रै' छ
क्षितिजतिर हिंड्नेहरूको हूल खोज्दै हिंडे

आँखाको पानी सुक्यो अरूको पीरमा रूँदा
आफ्नो लागि आँसुको मूल खोज्दै हिंडे

किन भएन उज्यालो बिहानी पो आयो भन्थे
कहाँ भयो समयको भूल खोज्दै हिंडे

रश्मि-रथ चढी उषा आउने भा'की छिन् रे
स्वागतमा राखिएको तूल खोज्दै हिंडे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा० ध्रुवचन्द्र गौतम

१. जीवनमा खाल्डो परेको घाउ हो काठमाण्डू
नेताहरूको मेचको भाउ हो काठमाण्डू

यति धेरै दृश्य देखिन्छन् सिनेमा बिना पनि
ब्ल्याकमा मात्रै टिकट मिल्ने ठाउँ हो काठमाण्डू

सपनामा नोट देखाउँछ, विपनामा असुल्छ
सनकी स्वभाव भएको साहु हो काठमाण्डू

पहिले खुट्टा तान्ने गर्दथे, अब घाँटी रेटिन्छ
उन्नतिको यस्तै चल्लाको माउ हो काठमाण्डू

छक्का पनि पंजा पनि खेलेर हेरियो
खालै मात्र जित्न सक्ने दाउ हो काठमाण्डू

अरू जेसुकै भने पनि यही भन्नु उचित छ
क्यान्सर र हार्टअटेकको नाउँ हो काठमाण्डू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. खुकुरीको चोट तिमी अचानालाई सोध
भोक के हो भन्ने कुरा खानालाई सोध

रमाइलो हुन्छ हुन्न वर्षातको याम
धेरै धेरै चुहिएका छानालाई सोध

किन यसरी वेसुरो भो जिन्दगीको सुर
पीडा पोख्ने गाइनेको गानालाई सोध

धेरै धेरै युग हाँक्ने मानिसको कथा
जान्ने भए इतिहासको पानालाई सोध

किन रून्छ 'तूफान' उसलाई सम्झी सम्झी
कसले कसलाई के के दियो जमानालाई सोध ।

४. कैयौं पल्ट जिन्दगीलाई झोक्किएर हेरें
हिंड्दा हिंड्दै अनायासै रोकिएर हेरें

बढ्छ कि कसैको आँचल आँखातिर भनी
धेरैपल्ट आँखावाट पोखिएर हेरें

आफ्नै खुट्टा पाखुरामा भर पर्दै जाँदा
धेरैपल्ट भाग्यसँग ठोकिएर हेरें

विश्वास अझै ज्यूँदै रै' छ मुटु छामी हेर्दा
आस्थाको तराजूमा जोखिएर हेरें ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. शहरमा रातको उदासी छ
अब त हरेक मान्छे बासी छ

मान्छे सालिकहरूमा साटिन्छ
त्यसले मायाप्रीति केलाई गाँसी छ

नोट छाप्ने मशीन काँ होला
यहाँ त हाटहरूको राशि छ

मान्छे बाहिर त निकै फुक्का छ
भित्र कि दास छ कि दासी छ

अब गङ्गा विषाक्त देखिन्छ
अब मान्छेको मनमा काशी छ

सारा सज्जनहरू फरार भए
अब चोर-डाकूलाई स्याबासी छ

'गौतम' कुन शैली लिएर बाँच्ने हो
उता शूली छ यता फाँसी छ।

३. तिमीनिर आएर जिन्दगी रोकियो
मेरो मन साउने दिनसरी पोखियो

अब कुन देशमा औषधी गर्न जाउँ
तिम्रो छातीसित मेरो मन ठोकियो

म तिम्रै छेउमा मन्त्र जप गर्दछु
जसरी मन्दिर गई पुजारी चोखियो

तिमी ख्यालमा कहिल्यै पनि आइनौ
इशारा गर्नलाई मरून्जेल खोकियो

आँखा लोलाउँछन् तर निद्रा आउँदैन
मायाको फट्याइँ नै कतै हो कि यो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. अब तिम्रो रूपले आँखा छुँदैन
जसरी सब बिरूवाले बनपाखा छुँदैन

तिमीले यसरी मलाई हेर्न मानिनौ
जसरी मान्छे मरेको माखा छुँदैन

म त्यहाँ आफूलाई सबको भनिरहें
जहाँ कोही कसैको नाका छुँदैन

तिमीले यस्तो मान्छेलाई लुटिन दियौ
जसको धन अरू छाडिदेऊ डाका छुँदैन

तिमी मलाई छाडिदेऊ तर सोचिदेऊ
के होला यदि फूलले शाखा छुँदैन ?

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्रुव मधिकर्मी

१. दियो मुनि अँध्यारो सबले देख्यो
दिउँसै शहर अँध्यारो कसले देख्यो?

भनियो शीर्षक मात्र राख्न बाँकी छ
कथा अझै अपूरो कसले देख्यो ?

किन केही सुन्दैनन् यहाँका मान्छेहरू
प्रत्येक मान्छे बहिरो कसले देख्यो ?

सपनाहरू बेचिए यसका छैनन् साक्षी
आँखामा हालेको छारो कसले देख्यो ?

मिश्री घोलेर बोलिरहेछ यो मान्छे
भित्र छ कि छुरी कसले देख्यो ?

कहिले परेन हाम्रो हिस्सामा घाम
हकको रित्तो कहतारो कसले देख्यो ?

विश्वास र विवशताको कुरा नगर 'ध्रुव'
प्रतिपल गइरहने पहिरो कसले देख्यो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. जसको हातमा तीर देखें
उसैको नतमस्तक शिर देखें

कस्तो अपरिचय आफ्नै अनुहारसँग
उफ् ! यो कसको तस्वीर देखें

रित्ता छन् आम हत्केलाहरू
केही मुठ्ठीहरूमा मात्र खीर देखें

खै कहाँ हराए उकालीहरू
ओराली होइन ठाडो भीर देखें

सूर्यको केही भरोसा रहेन मित्र
दिउँसै यहाँ घना तिमिर देखें

जसलाई कृष्ण भनी ठानेथें
उसैको हातमा द्रौपदीको चीर देखें ।

३. मनको हरियाली कहाँ सुक्यो
जिन्दगी फेरि यहाँ दुख्यो

दुखेन काँडाले घोचेको त्यति
जति फूलले घोच्दा दुख्यो

खडेरी छ बाह्रमास यो फाँटमा
मन सँधै यो बाँझो दुख्यो

समय भेटिन्छ सँधै मोडमा
पोल्टाको रित्तो स्वप्न दुख्यो

कहाँ दुखेन भन 'जिन्दगी'
जहाँ तहीं यो स्वयं दुख्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. जिन्दगीलाई गीतमा कहाँ सुसेल्न सकें
ढोका यो मनको कहाँ उघार्न सकें

कति आकारहरू बने बिग्रे परिवेशमा
कालो कुहिरोमा दृश्य कहाँ छुट्याउन सकें

भागी हिंडें जहिले पनि आफ्नो छायाँदेखि
प्रश्नहरु बीच कहाँ उभ्याउन सकें

सधैं कुरेको हुन्छु बाटो दोबाटोमा
प्रतीक्षामा तिमीलाई कहाँ पाउन सकें

यस्तै भो जिन्दगी बगरको माछो
छटपटी बिना कहाँ जिउन सकें ।

५. जीवनका हरफहरू आज चुपचाप चुपचाप
मृत्यु यो मनको चुपचाप चुपचाप

वसन्तमा देखें रूखपात सर्वाङ्ग नांगिएको
उद्घाटन यो परिवेशको चुपचाप चुपचाप

बुख्याँचा सरह भयो केवल ठिङ्ग उभिरहने
एउटा नियति जिन्दगीको चुपचाप चुपचाप

वारूदको कालो धुवाँले भरिएको छ आकाश
संवाद एक जोडी परेवाको चुपचाप चुपचाप ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धीरेन्द्र मल्ल

१. के भो कुन्नि कसरी भो
गल्ती यतै कतै कसैको भो

मैले त उसैबेला स्पष्टसाथ यो कुरा भनेथें
किन कसैलाई यो यतिको अपच्च भो

जो थियो त्यो एकदम ठीक थियो
सो यति चाँडै कसरी बेठीक भो

टिका-टिप्पणी जो उठ्यो–त्यो स्वाभाविक थियो
छोडिदेऊ जे भो सो राम्रै भो

किन कता के नमिले नमिले जस्तो भो
लाग्छ हाम्रै हिसाब किताब यता नमिले जस्तो भो ।

२. किन भुवा जस्तो नरम हृदय पत्थर कैं कठोर भई दियो
तिम्रा सोचाइका बाटाहरु किन साघुँरो गल्लो कैं भई दियो

रगत जस्ता राता मेरा विश्वासका उर्लंदा स्वरहरूलाई
किन व्यवहारको एउटा सानो झट्काले विलीन गराई दियो

साक्षी राखी बाचा खाई जो एक तरफी बयान तिमीले दियौ
किन त्यहाँ मान्छे नभई तिम्रो परम्परा मुखरित भई दियो

लगातारको दुर्घटनाले यो जिन्दगी एक गुच्छा फूल भएको थियो
किन एक खुड्किला नाता कुटुम्बको झ्याङ्गले सो झत्काई दियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. फुर्सद छ भनुँ कि छैन भनुँ सधैं ब्यस्त छु म
खेर गै' रहेको जनशक्तिमध्ये एक हुँ म

सधैं दाल, भात र तरकारीको समस्यामा दौडिरहेछु
विहान खाए बेलुका के खाऊँ भन्ने अवस्थामा छु म

कता जाऊँ जता जान खोज्दा पनि अवरोधहरू देख्छु
हरदम जिन्दगीको घात प्रतिघातमा पिल्सिरहेछु म

केही गर्नं खोज्छु तर वातावरणदेखि एकदम भयभीत छु
सधैं हजूर र हस् हजूरमा आफ्नो दिन गुजारिरहेछु म ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धीरेन्द्र प्रेमर्षि

१. जल निकासको द्वाररहित तलाउ भो यो जिन्दगी
पीप भरिई टन्किरहने घाउ भो यो जिन्दगी

रित्तो मन टन्नै तन समाजको विडम्बना
स्वमांस बेची बाँच्नेको हाउभाउ भो यो जिन्दगी

पीडा मात्र बढी दिने माया कहिले कहिले
अर्की आमा ल्याई बस्ने बाउ भो यो जिन्दगी

सपना देख्न आँखालाई सुनको गाजल चाहिंदो रै'छ
सागर जाँदा भुमरीमै घुम्दो नाउ भो यो जिन्दगी

राख जीवन 'प्रेमर्षि' धौ धौ पऱ्यो धान्न
हार्दा खेरि लाग्ने केवल दाउ भो यो जिन्दगी ।

२. पवित्रताको आँगनमा पवित्र खोज्दैछु
जीवनको क्यानभासमा चित्र खोज्दैछु

आफ्ना भनाउँदाहरू भन्न मात्र रै' छन्
परायाहरूकै माझमा मित्र खोज्दैछु

गुरूज्यूको उपदेश कस्तो रै' छ कुन्नि
गीताभित्र कृष्णको चरित्र खोज्दैछु

जतातत्तै पाखण्डको कालो मात्र पाउँदा
प्रेमर्षिलाई आज आफैंभित्र खोज्दैछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. ढुक्क भई नटिप फूल, काँढा होला शेष
ढुङ्गाले नै खोल्छ आँखा लागी दिंदा ठेस

नडराऊ ए शहरी बाबु जङ्गलमा एक्लै
वाघ अचेल उतै वस्छ धरी मानव भेष

बैरागिने किन अनि आतुर हुने किन
प्रेरणा र पतन दुवै हुन्छ रेशमी केस

पाउन केही गाह्रो छैन दिन पनि सके
चोखो आँखाले देख्दछ सारा सृष्टि बेस

देश खोज्न जानेहरू चन्द्रमा चहार्छन्
सुकुलमा गुन्द्री ओढी सुतेको छ देश ।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नरेन्द्रराज प्रसाईं

१. तिम्रो ढुकेंको स्वर पनि मेरालागि प्यारो भयो
तिम्रो ठुस्केको मुहार पनि प्राणसरि प्यारो भयो

बैंसले सिंगारेर तिमीलाई अप्सरा बनाएथ्यो
त्यही अप्सराको गैर हाजिरीमा वस्न मलाई गारो भयो

सांसारिक पीडाको मातमा डुवी नराख रानीचरी
त्यही पीडाको जलनले मलाई अति सारो भयो

निधारमा ओफेलको टीका थापेर नहिंड तिमी
त्यही ओफेल मेरो छातीभित्र राख्न गारो भयो

पछ्यौरीको सप्को तानी तिमीले त आँसु पुछिहाल्यौ
त्यही सप्कोको चिसोले मेरो मन थारो भयो ।

२. पुग्नु पर्ने टाढा थियो, साइतले रोकि दियो
गाग्री थियो भरिएको कुन पापीले पोखिदियो

पूजा गरें माया वर्साई एउटा ढुङ्गो अबीरले
त्यही मेरो देवतालाई फूलपातीले छोपिदियो

निर्मलतामै उड्दै थिए भावनाका रङ्गहरू
तन्नेरीका जोशहरू तुँवालाले छोपिदियो

सपनीमा रमाउँदै डाँडा पाखा डुलिरहें
बिपनीले घुम्टो ओढी भरोसालाई छोपिदियो

आकाश उघ्री घाम लाग्दा संघारमा निस्की हेरें
केही छिनमै आँधीबेरा आई बाटो रोकिदियो

पुग्नु पर्ने टाढा थियो साइतले रोकिदियो
गाग्री थियो भरिएको कुन पापीले पोखिदियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. तिम्रो भर पाउँछु भन्ने आशा केही गरेको थें
रित्तिएको भावनालाई हौसलाले भरेको थें

जिन्दगानी एक्ली दिंदा हृदयमा आँधी कुद्छ
राम्रो ठाउँ खोज्दै जांदा पहिरोभित्र परेको थें

दु:खेका छन् अतीतका मीठा मीठा क्षणहरू
ईमानको तराजूलाई उठाउँदा लडेको थें

भूवासरि उड्नु पर्‍यो सहाराहीन भएपछि
कुहिरोभित्र लुक्न पस्ता आत्तिएर झरेको थें ।

खोपी हालें ढुङ्गामाथि उही घाम उही जून
उषा सन्ध्या साक्षी राखी आराधना गरेको थें ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकट पगेनो 'शिव'

१. पल पलमा चुँडिने डोरीलाई कति पटक पो गाँस्न सकिन्छ र ?
बन्धकी राखेर खुशीहरू कति दिन पो हाँस्न सकिन्छ र ?

तिमी थियौ, र त मैले दुःख पनि सुखै सम्झेर साँचेको थिएँ
तिम्रो अभावमा ती सम्झनाहरू कुन पसलमा पो राख्न सकिन्छ र ?

तिमीले छोडेको यो घायल मुटु अझै पनि उस्तै दुखिरहेछ
यो दुख्ने मुटुलाई बञ्चरोले कसरो पो तास्न सकिन्छ र ?

फेरि एकपटक शरद् सयपत्री बनेर मुस्काइ रहेछ आँखाभरि
तिम्रै रूप सम्झेर तो फूललाई छातीमा कसरी पो टाँस्न सकिन्छ र ?

यो क्षण-क्षणमा बग्ने आँसुलाई कसरी पो थाम्न सकिन्छ र ?
बन्धकी राखेर खुशीहरू कति दिन पो हाँस्न सकिन्छ र ?

२. फूलमा पनि तिम्रो रूप फुलिदिने भए कतै
साँची राख्थें परेलीमा मीठो प्रीत पाए कतै

कुँदिएका रहरहरू गुराँससँगै फुल्न खोज्छन्
शीतमा पनि तिम्रो रूप टल्किदिने भए कतै

कुँजिएका सपनाहरू बताससँगै झुल्न खोज्छन्
साँची राख्थें परेलीमा मीठो प्रीत पाए कतै

वहकिने मनलाई कतै भुलाउने ठाउँ छैन
जूनमा पनि तिम्रो रूप मुस्काइ दिने भए कतै

अत्तासिने आँखालाई विसाउने गाउँ छैन
साँची राख्थें परेलीमा मीठो प्रीत पाए कतै ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. कालो कपालबाट अहिले सेतो कपाल झर्दा
आफैंलाई लाज लाग्छ बैंसका कुरा गर्दा

कहाँ गयो जवानी त्यो, कहाँ झर्‍यो वैंस
खुट्टा पनि काम्छ अचेल सानो खोला तर्दा

जति खोजे पनि अहिले नभेटिने रै'छ
आफैंलाई लाज लाग्छ बैंसका कुरा गर्दा

एकैपटक फुल्ने बैंस नआइदिए हुन्थ्यो
रोक्दा पनि नरोकिने, नमान्दिने भन्दा

नआइदिनु आएपछि, नगइदिए हुन्थ्यो
आफैंलाई लाज लाग्छ, बैंसका कुरा गर्दा ।

४. सानो कुरा सोध्नु थियो अर्कै ठान्छ्यौ कि ?
केही कुरा भन्नु थियो लाज मान्छ्यौ कि ?

फूलसँग रम्ने मन किन उराठ जस्तो लाग्छ
नजीक यतै बसौं भने टाढा जान्छ्यौ कि ?

बताससँग झुल्ने केश आज किन बेग्लै लाग्छ
केही कुरा भन्नु थियो लाज मान्छ्यौ कि ?

उदास छन् आँखाहरू, सुख्खा सुख्खा अधरहरू
मसँग छन् स्वप्निल लहर सापट लान्छ्यौ कि ?

हरायौ कि जवानीका हाँस्ने खेल्ने रहरहरू
केही कुरा भन्नु थियो लाज मान्छ्यौ कि ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमोद प्रधान

१. चुपचाप चुपचापमै साथ बित्यो
छटपटी छटपटीमै रात बित्यो

रूनुको पनि कुनै सीमा नै भएन
पानो पर्दै जसरी वर्षात् बित्यो

ईश्वर पनि मस्त निद्रामा रहेछन्
घण्ट बजाउँदैमा प्रभात बित्यो

आफैंलाई विश्वास गर्न गाह्रो भो अब
कसरी भनुँ जिन्दगी बर्बाद बित्यो

थुप्रै उपलब्धिहरूको आशा थियो
तर केही नगर्दै समय हठात् बित्यो ।

२. बीचमा बगिरहेछ एक विशाल नदी
एक किनारमा तिमी छौ, अर्कोमा म छु

धेरै छन् तिमीलाई भन्नु पर्ने कुराहरू
एक दिशामा तिमी छौ, अर्कोमा म छु

हराएर आफैंलाई तिमीलाई खोजिरहेछु
एक शहरमा तिमी छौ, अर्कोमा म छु

यात्रामा साथै हिंड्ने कसम हाम्रो के भयो
एक स्थितिमा तिमी छौ, अर्कोमा म छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. तनभित्र मन छ, मनभित्र जलन छ
पीडा मात्रै सहेर बाँच्नु पर्ने चलन छ

बाँच्नका लागि यहाँ मर्नु पर्ने पटक–पटक
'मूर्दा बाँच्नुको के अर्थ ?' बूढापाकाको कथन छ

महङ्गी र अराजकता बढिरहेछ अहिले यहाँ
एकातिर जनता छन्, अर्कोतिर सदन छ

बिर्को लाएर कानमा सुतेका छन् सबै जना
कसलाई सुनाउनु अब, कुरा भन्ने गहन छ ।

४. सपनालाई उधारेर बिपना बुन्न चाहिरहेछु
म यो चर्को कोलाहलमा सन्नाटा पाइरहेछु

मानिसहरू भन्छन्– यो त कोरस गीत हो
तर सब चुपचाप छन्, एक्लै म गाइरहेछु

सबै ब्यस्त छन्, आ-आफ्ना विवशताहरूमा
जस्तो कि, स्वयं म आफ्नै जिन्दगी चपाइरहेछु

शहर अझै निदाएकै छ, गाउँ अझै बिम्झेको छैन
कोही जागेका छैनन्, त्यसैले, म पनि निदाइरहेछु

यात्रा त टुंगिदैन कहिल्यै, रोकिएला केही क्षण बरू
लक्ष्यमा पुग्नु थियो, त्यसैले अझै धाइरहेछु

तिमी आउन सकिनौ, खैर केही छैन, निश्चिन्त वस
लिएर उज्यालो आज आफैं, म तिमी छेउ आइरहेछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. पाल्न त अवश्य नै पाल्नु होस्, भनेको छैन नपाल्नोस्
तर कुकुर छ सावधान ! घण्टी वजाएर पाल्नुहोस्

इमान्दारी, न्याय र सहिष्णुतालाई त जलाई सक्नु भो
बाँकी एउटा नैतिकतालाई आगो लगाई बाल्नुहोस्

चारैतिर नै म त केवल, प्वालै-प्वाल परेको देख्छु
जसरी मन लाग्छ त्यसरी नै, स्वयं विचारेर टाल्नुहोस्

सबै जना निदाएको समय परे जस्तो छ अहिले त
रोक्छ कसले र ? त्यसैले मनपरी पाइला चाल्नुहोस्

आफन्त र विरोधीको छुट्टाछुट्टै नामावली तयार गरेर
आफन्तलाई च्यापी विरोधीलाई जरैदेखि ढाल्नुहोस्

पाल्न त अवश्य नै पाल्नुहोस्, भनेको छैन नपाल्नोस्
तर कुकुर छ सावधान ! घण्टी वजाएर पाल्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ण रंजीतकार

१. आफैंभित्र नअटेको त्यो रहर कहाँ होला
सपनाको दृश्य जस्तो त्यो शहर कहाँ होला

आँसुले सिचेको बारीमा आँसु मात्र फलेछ
खुशी फुल्छ भने खुशीको नहर कहाँ होला

जिन्दगी जति नै लामो छरे यो रातको आयु
रातपछि फुर्ने उजेलो प्रहर कहाँ होला

एक जोडा आँखा यहाँ पर्खिबसु भन्छ अझै
तर 'ऊ' आउँछ भन्ने पो ठहर कहाँ होला

लेख्दा लेख्दै मेटिएका शब्द सम्झी रहे
यो गजल जेलिएको खण्डहर कहाँ होला ।

२. जिन्दगीं नै हराएँ जिन्दगीको मेलामा
आफ्नो भाग्य खोजिरहें आफ्नै हत्केलामा

कतै एकान्तमा बिसाउनु थियो मन
पोखिएछ आज नअटेर परेलामा

सपनाको बस्ती सपनामै अल्झिरह्यो
बिरानो भएँ सधैं सपनाको भेलामा

सुबाससँग 'फूलको बोली छैन' भन्छन्
तरै पनि पर्खिबसें वसन्त बेलामा

मुटुभरिको खुशी मेट्नेलाई भन्देऊ
खुशीको गजल भेटें उसैको हेलामा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. हार जीतको कुरा कतै टाढा राखेको छु
चोखो प्रीतको कुरा सधैं साझा राखेको छु

जीवनको दृश्य मनभरि सजाउन
वसन्तको रंग अझै गाढा राखेको छु

उड्दा उड्दै चुँड्न सक्छ मनको वन्धन
त्यसैले त आज फेरि माँझा राखेको छु

के के कुर्न्नि तिमीलाई भनी साँचे मैले
आफ्नै गजल पनि त आधा राखेको छु

मेला लाग्छ कहिले काहीं बगरमा पनि
तर मैले आँसु छेक्न वाधा राखेको छु।

४. जीवनको परिभाषा बेग्लै छ
तर बाँच्नुको आशा बेग्लै छ

तिम्रो शहरमा म बिरानो भएँ
जहाँ खेल तमासा बेग्लै छ

हर–एकको आफ्नै दाउ छ यहाँ
समयको पनि पाशा बेग्लै छ

इन्द्रेणी नसजाऊ आँखामा अब
वर्सातको अभिलाषा बेग्लै छ

अस्पष्ट छ शायद यो अभिव्यक्ति
मानौं गजलको भाषा बेग्लै छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. आँखाभरि आँसु मात्र चुनें मैले
मुटुभरि जब पीडा थुनें मैले

तस्वीरमा बसन्त फुलिरहँदा
कागजका फूलहरू उनें मैले

च्यातिएको सपना कति ओढुँ म !
सपना छोप्न सपना बुनें मैले

भो पर्दैन तिमी नजीक नआऊ
दूरी अब दूरीले नै गुनें मैले

सम्झाउन त मैले धेरै सम्झाएँ
तैपनि मन रोएको सुनें मैले।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्कर माथेमा

१. मृत्युलाई अंगाल्दै बाँच्नमा व्यस्त छ यो जिन्दगी
पीडा लुकाउँदै हाँस्नमा अभ्यस्त छ यो जिन्दगी

प्रकृतिले जति सुकै परिवर्तन ल्याए पनि
आफ्नै गोरेटोमा हिंड्न सिद्धहस्त छ यो जिन्दगी

छिमेकी हिंजो अन्तरिक्षमा पुगी आईसकेछ
रूखासुखा खान लाउनैमा मस्त छ यो जिन्दगी

सारा जगतभरि नै प्रभुत्व जमाएर पनि
किन होला आफैंदेखि पनि त्रस्त छ यो जिन्दगी

प्रगतिका पानाहरू प्रशस्त पल्टिसकेका छन्
तर मानवतावारे अलि भ्रष्ट छ यो जिन्दगी

समयको हल्का धक्काले पनि छरिंदो रहेछ
जति मिलाउँदा पनि अस्तब्यस्त छ यो जिन्दगी

खै अरुले त के बुझेर कसरी बाँच्दैछन् कुन्नि
पुष्करका लागि त अत्यन्त क्लिष्ट छ यो जिन्दगी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. हातको हालत जे भए पनि कसैको बोली लुलो छैन
विकासको बीज सिंच्नलाई भरपर्दो कुनै कुलो छैन

पेटको रोगी लिएर अस्पताल जान छोडिसके
भोकको रोग निको पार्ने कुनै औषधिमूलो छैन

गरीबिदेखि डराई भागी भागी हिड्न पनि छोडिसके
भगुवालाई लुकाउन बनेको यहाँ कुनै दुलो छैन

अवमूल्यन मात्रै कति पढ्नु अब त पढ्नै छोडिसके
मानवताको मूल्य मान्यता आज पैसाभन्दा ठूलो छैन

आज भोलिका भाषणमाथि कान ठाडो गर्न छोडिसके
भाषण बाल्दा भात उमालिदिने यहाँ कुनै चूल्हो छैन ।

३. पत्थरमा फूल कुँद्ने नगर, कोमलताको अपमान होला
सबैमा भरपर्ने नगर, आफन्त मै पनि बेइमान होला

हावाको गतिमा पनि आजकाल लगाम लगाउने गरिन्छ
मन्द हावाको स्पर्शले पनि दुख्ने कसैको अभिमान होला

परमात्मा खोज्न वनभित्र मात्रै नपस साधूहरु
मानिसहरुको बस्तीमा पनि कसै न कसैको इमान होला

भविष्य कतै भेटिएमा पुष्करलाई सोध्न मन लागेको छ
मानिसको नजरमा मानिसकै लागि खै कहिले मान होला !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. आजको प्रकृतिमै पनि तडक भडक धेरै छन्
आफूलाई सम्हाल्नु, दिशा बिर्सने सडक धेरै छन्

महानतालाई सम्मानित गर्नु त दोस्रो कुरा हो
आफ्नै मान बढाउन स्थापित पदक: धेरै छन्

अशान्तिको डढेलो मनभित्र यस्तरी सल्कदैछ
भतभती पोल्ने अग्नि शिखा मै बरु ठण्डक धेरै छन्

शीलता यस समाजबाट बसाइँ किन सर्छ
मान्छेले बोल्ने शब्दहरुमा मर्मभेदक धेरै छन्

मान्छेको माझमा पुष्करले मानवलाई खोज्दैछ
बुद्ध बन्ने कोही छैन आज मात्र छन्दक धेरै छन् ।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्पहरि क्यास्पा राई

१. बिरानीमा हराई एक्लो हुनु पर्दो रै'छ
पुरानो त्यो प्रीत सम्झी रुनु पर्दो रै'छ

अपूरो यो मनको धोको पूरा गर्न नपाई
पीडा लुकाई आँसुले मन धुनु पर्दो रै'छ

वास हराई भीडभित्र लुक्नु पर्दा खेरी
तिरस्कृत भई के के कुरा सुन्नु पर्दो रै'छ

भाग्यदेखि हेपिएर बाँच्नु पर्दा सधैं
शिर झुकाई सन्चै छु म भन्नु पर्दो रै'छ ।

२. महल थाम्ने थाम दलीन मक्के जस्तो लाग्यो
तिमी-मलाई छेक्ने पर्खाल भत्के जस्तो लाग्य।

सकेसम्म काँध हाली भर दिँदै थियौ
वर्कतले नम्याउँदा काँध लच्के जस्तो लाग्यो

प्रशंसाका गीतहरू गाउँदै थियौ तिमी
अब सबै झूठा शब्द थन्के जस्तो लाक्यो

विरही मनभित्र आँधी–तूफान के के चल्यो
सान्त्वना दिन मलाई प्वाँख हम्के जस्तो लाग्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. यो माटोमाथि पोतिएको सस्तो रगत कस्को
गल्लीभित्र फ्याँकिएको निर्जीव लास कस्को

अस्वाभाविक गन्ध यहीं कतैबाट आइरहेछ
दिउँसै वेश्यावृत्ति गर्छिन्–छोरी कस्को

'बाउ' चिनिएन उस्को, न्वारान गरिएको छैन
बेजिम्मेवार छ, ज्यादै बदमास–छोरो कस्को

तपाई, हजुर, नमस्कार स्वभाव वदलिएको छैन
नेता पार्टीको, नारा–जुलुसमा भुल्ने जनता कस्को

ओझेल परेछन्, भ्रष्ट नियतिहरू यतै कतै
गरीबि, महंगी मुक्त छैन देश सम्हाल्ने जिम्मा कस्को ।

*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलराम बञ्जारा

१. खोलिएको पर्दा कैले बन्द गर्न सकिएन
आँधी बीचको बतासलाई मन्द गर्न सकिएन

लथालिङ्ग रहरहरू छताछुल्ल पोखिएछन्
तिम्रो मनको साँघुबाट कैले तर्न सकिएन

आँसु पिई कैति दिन तिर्खा मेटाउनु
हार भयो जिन्दगीमा भन्दै मर्न सकिएन

यथासम्भव प्रयास गरें 'बञ्जारा' को केही लागेन
तिम्रो मनको गमलामा पानी भर्न सकिएन ।

२. माया फुल्ने बगैंचामा घृणा पनि फुल्दो रै'छ
जति 'सिलछाप' गरेपनि मनको ढोका खुल्दो रै'छ

आफैंदेखि डराएर भाग्ने तजबीज मिलाएको छु
सानो तिनो फाकफुकले बिरामी नि भुल्दो रै'छ

सीमापारी पुऱ्याएर यो मन छली आएको थें
कताबाट आई पुगी तिम्रै गाउँमा डुल्दो रै'छ

किन छर्क्यौ नून चूक 'बञ्जारा' को घाउमा
तिम्रो रङ्ग छेपारोसँग मिल्दोजुल्दो रै'छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. साउनको बादलभित्र कहीं आफैं हराएको थिएँ
तिम्रो मनको पाखाभरि यो मन चराएको थिएँ

बिपनीमा खोज्दा खोज्दा केही सीप नलागेर
पागल बनी सपनीमा रूँदै कराएको थिएँ

पूर्णिमाको जून बनी आउँछ्यौ भन्ने सोचेको थें
अँध्यारोमा कता कता म आफैं हराएको थिएँ

कसले सुन्छ कसले बुझ्छ 'बञ्जारा' को दुःख दर्द
बेमौसममै पानी पर्ला कि भनी डराएको थिएँ।

*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बूँद राना

१. छातीभित्र जब कतै हलचल हुन्छ
हो त्यही हलचल नै गजल हुन्छ
गुलाफ मात्र चिन्नेलाई थाहा हुँदैन
दल दलको बीचमा नै कमल हुन्छ
केही चाहनेले केही दिन सक्नु पर्छ
दुनियाँमा कहाँ एकोहोरो पहल हुन्छ
लड्दै उठेको मान्छे यौटै उम्मेद मेरो
नहल पछि त पक्कै दहल हुन्छ
मेरा हरेक प्रश्न अस्तित्व निम्ति जान
झुपडी नै नभए कहाँ महल हुन्छ
लौ आज यहीं रोकिदे कलम ए, बूँद
धेरै लेखेमा शायद दखल हुन्छ
छातीभित्र जव कतै हलचल हुन्छ
हो त्यही हलचल नै गजल हुन्छ ।

२. ढल्दा ढल्दै अलिकति रात रही गयो
अझै पनि बैमानीको साथ रही गयो
धराप नै थापेसरी बूढो रूख थियो
चिता बनी सारा जल्यो पात रही गयो
शीतका थोपा-थोपा रहर छरिएर रहे
टिपुँ बन्दा खाली खाली हात रही गयो ।
कुराहरू चपाएर भन्नेहरु भन्छन्
'ठीकै भयो, हाम्रो पनि वात रही गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. उडिरह्यो पछ्यौरी त्यो छुन सकिएन
हावासरी उत्ताउलो हुन सकिएन

रङ्ग फेर्नें मौसमको देखासिकी गरी
थरी थरी रुप बनाउन सकिएन

जिन्दगीमा धुने कुरा कति धोएँ कति
कलेजीको सानो दाग धुन सकिएन

वालुवामा बूँदसरि खेर जाने हो कि
यति कुरा सम्झी सम्झी रुन सकिएन ।

४. अँधेरी रातमा यसरी इन्क्लाव आयो
हरायो भनेको चिठ्ठीको जवाव आयो

दिनु मात्र हो भनेको लिनु पनि रहेछ
बिर्सेर बसेको पुरानो हिसाव आयो

वल्ल त्यो आकाश अलिकति निहुरेछ
भन्नु पर्ला र यो कहाँको दवाव आयो

घाम फुल्किन त रात नढली हुँदैन
कसैको लागि हो नतिजा खराव आयो

दुनियाँले अव धोखा शायदै 'बूँद' खाला
यसरी उघ्रेर उनको नकाब आयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. यो मनको पोखरीमा कल्ले ढुङ्गा फालिदियो
एकान्तको बुकुरोमा आँधी बेरी हालिदियो

बसे थिएँ शुरुदेखि बिना ख्याल ढोका
'पर्दा हाल !' भनी कल्ले च्यातिएको जाली दियो

अटेरी यो दिललाई कति भनें कति
'पछि काम लाग्छ भनी सारा ब्यथा पालिदियो

सुखा घाँटी अलिकति भिजाउन खोजें
बिमानीले छातीभित्र मुटुलो नै ढालिदियो

तारिफका केही कुरा गरियो कि के हो ?
जुनसुकै गल्ली गएँ शहरले ताली दियो

किन होला 'बूँद' सधैं मात लागे जस्तो ?
जिन्दगीमा कस्ले मलाई यति मीठो गाली दियो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भरत भारद्वाज

१. पिउन सकिन्न रहरहरू, सबै अब जहर भए
बस्न सकिन्न गाउँहरू, सबै अब शहर भए

यो ज्यानलाई ओत दिने कुनै घर पाइएन
जति थिए घरहरू सबै अब खण्डहर भए

अडिरहन नसक्ने भएँ म पनि यो मझधारमा
सबै सबै साथीहरु समयका लहर भए

हरियो कतै देख्न सकिनँ यी आँखाहरूले
कति चाँडै यी बस्तीहरू पनि बगर भए

न कुनै बाली लगाउनु छ न कहीं पानी पटाउनु छ
त्यसै त्यसै आँखाहरू आँसु बहाउने नहर भए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. आफ्नै आंसु मीठो मानी पिएँ मैले किन ?
तिम्रै एक प्रतीक्षामा जिएँ मैले किन?

फाटेर धुजा धुजा भईसकेथ्यो यो मुटु
तिम्रै एक अनुरोधमा सिएँ मैले किन ?

कसैलाई दिन्न भन्थें आँखाको यो सपना
तिम्रै न्यानो अंगालोलाई दिएँ मैले किन ?

सापटी जीवन बाँच्नु पर्ने यो कस्तो व्यथा
मुटुसँग पत्थर साटी लिएँ मैले किन ?

बगेको खोला फर्किदैन भन्छन् मानिसहरू
तिमी आउने दोबाटोमा पर्खिएँ मैले किन ?

एकान्तमा तिम्रो यादले टोकिरहन्छ सधैं सधैं
आजफेरि तिमीलाई सम्झिएँ मैले किन ?

कथा जति कहे पनि व्यथा सकिदैंन
आफ्नै कथा छातीबाट पस्किएँ मैले किन ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. खसाउन सकिन्न कदापि स्वाभिमानले उठेका हातहरू
छोप्न सकिन्न कदापि शहीदले रोपेका प्रातःहरू

यो अँध्यारोले फेरि निमोठ्न सक्ने छैन मलाई
एउटै चन्द्र पर्याप्त छ लखेट्न काला रातहरु

अव यो वस्तीमा सँधै शिशिर रहँदैन कि
आँखाभरि पल्हाउने छन् वसन्तका पातहरू

हिंजो जस्तो एक्लै गाउनु पर्दैन स्वतन्त्रताको गीत
आज मैले पाइसकें न्याना न्याना साथहरु

वन्धनको विरूद्ध बज्रिन सक्यो भने मेरो सानो भाइ !
इतिहासले नै ल्याई दिन्छ नौला–सुनौला सौगातहरू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनु ब्राजाकी

१. परिवर्तन बेसम्हार लाग्छ मलाई
सबै उस्तै अनुहार लाग्छ मलाई

खण्डवृष्टि हुन थाल्यो आजभोलि
गड्याङगुडुङ बेकार लाग्छ मलाई

पाखण्ड त श्रीखण्ड झैं पवित्र छ
सूर्य चन्द्र अन्धकार लाग्छ मलाई

खोला पनि बग्न थाल्यो डराएर
आँसु अब होशियार लाग्छ मलाई

वेश्यालाई माया गर्न थालेको छु
यो नै मेरो परिवार लाग्छ मलाई

अनुत्पादक ठहरिने डरले नै
'मनु' अब पत्रकार लाग्छ मलाई ।

२. बसेको छु म ता घाम पानी सजाएर
अरूलाई आफूभित्र टाढासम्म फिजाएर

फूललाई नमस्ते छ काँडालाई धन्यवाद
दुवैलाई माया गरें आँसुले मन भिजाएर

खहरेको मीठो पानी भुमरीमा बिलाएछ
बसेको छु अझै पनि जीवन खोला बगाएर

मातेपछि जीवनमा शत्रु पनि अटाउँछ
हृदयको वैरभाव गिलासमा खन्याएर

संस्कारको घेरोभन्दा बाहिर म उभिएछु
आउने भए आऊ तिमी परम्परा पन्छाएर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. मात्छु पनि, माते पनि, माया गर्न मन पराउँछु
होस हुँदा किन होला यसो गर्नं बिराउँछु

नसुन्नेलाई बोलाउने कस्तो होला जिद्दी मेरो
घरीघरी उसैलाई, उसैलाई बोलाउँछु

तिमीदेखि तर्की तर्की गाउँतिरै भागेपनि
तिम्रै मनको शहरमा फर्की फेरि हराउँछु

सती जाने मोरोहरू आज पनि भेटिँदैछन्
अनि पो त जानाजानी मर्न पनि डराउँछु

होस मेरो फर्की आयो, संघारैमा बसेको छु
'को हो ?' भनी रुस्किएर किन होला कराउँछु

प्यास लाग्दा 'मनु' लाई बोतल दिने तिमीले नै
पानी हो यो भने पछि मुटु समेत भिजाउँछु

तिमीलाई देखेपछि 'मनु' लाई चिनें मैले
परिचय उसको अब फूलसित गराउँछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४, मेरो चिताभन्दा कति न्यानो तिम्रो चुलो छ ?
प्रेमको प्रतीति यहाँ सतीत्व भन्दा ठूलो छ

यमुनाको बग्दो पानी, सहस्र छन् प्रीति धारा
रूक्मिणीको फूलबारीमा एउटै मात्र कुलो छ

लाख पटक भ्रमरले, पुतलीले चुमे पनि
भन्छ कसले फूललाई भएको बिटुलो छ

प्रणयको पीडालाई ढुङ्गासरि माने पनि
गृहिणीको गर्व अहम् सबै यहाँ धूलो छ

अनि पो त दाम्पत्यको पिंजडा भित्रै पनि
प्रतिबन्धित अंगालोमा हृदय खुकुलो छ

सबैलाई मायाँ गर्ने घोषणा त गऱ्यौ, तर
त्यै बाटोमा हिंड्न खोज्दा खुट्टा किन लुलो छ

'मनु' लाई, आफूलाई, मायाँलाईसम्म पनि
जोखो हेर, तिमीसँग मायाँ जोख्ने तुलो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. तल तल धेरै तल 'मनु' कति तल रहेछ
माथि माथि धेरै माथि-जून तारा छल रहेछ

स्वर्णमृग खोज्न भनी राम लागे तस्करीमा
किनभने रावण कै माया नै अटल रहेछ

संसारको शहरमा गल्लीभित्र टाढा कतै
मेरो देश साहुनीको सानो है पसल रहेछ

सीता आगोभित्र तर, राधा पसिन् यमुनामा
रामभन्दा श्याम यहाँ साह्रै नै सफल रहेछ

सुदामालाई भेट्न काठमाडौं पुग्नु पऱ्यो
झुपडीमा वस्थ्यो मोरो अब ता महल रहेछ

निहुरेको गर्दनले ठाडो घाँटी लाउन खोज्यो
तर यो त प्रदुषित पानीको वोतल रहेछ

भेट भयो मात्यौं पनि विदावारी हुँदाखेरि
'मनु' होला भनेको त ज्ञानुवाकर पौडेल रहेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुन पौडेल

१. पैसा बिना खेल कुनै हुँदैन
मान्छे नभई कुनै खेल कुनै हुँदैन

सबैले आ-आफ्नो मन बेचिसके
आत्माको अब मेल कुनै हुँदैन

महंगीका छन् जति सबै अस्त्र-शस्त्र
ढुक्क मान् फेल कुनै हुँदैन

रित्तिसके आँखाहरू रोएर
आँसुको अब भेल कुनै हुँदैन

आयो प्रजातन्त्र अब के को डर ?
पौडेललाई अब जेल कुनै हुँदैन ।

२. नजर तिम्रो तरवार जस्तो किन छ ?
कसम झूठो अखबार जस्तो किन छ ?

तलव, पद, प्रतिष्ठा र धन मात्र हेर्ने
माया तिम्रो व्यापार जस्तो किन छ ?

हाँसी हाँसी आँखा र भाखाले निम्त्याई
मुग्लिनको सत्कार जस्तो किन छ ?

कटाक्ष नयनको अधरको त्यो बोली
भोकोलाई अचार जस्तो किन छ ?

तिमी मेरी मात्र भई सकेपछि
त्यो शरीर बजार जस्तो किन छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. शहरको दुःख बुझ्न यसको बाटोलाई हेरे भो
घाउको गहिराइ नाप्न खाटोलाई हेरे भो

मुख छ भन्दैमा झूठो जथाभावी बोल्नेले
बोलीको महत्व बुझ्न लाटोलाई हेरे भो

आमाभन्दा पनि ठूलो चाहियो कतै भने
आफ्नो देशको एक मुठ्ठी माटोलाई हेरे भो

नास हुने निहुँ कस्तो चाहिने रै'छ भने
कुरूका वंशजहरूका फाटोलाई हेरे भो

कति चोखा कति सोझा नेता हाम्रा जाँच्नलाई
स्वच्छ पहिरन मुनि कालो टाटोलाई हेरे भो ।

४. त्यतिकै नाच्न थाल्छन् किन मान्छे ?
बाँच्नलाई बाँच्न थाल्छन् किन मान्छे ?

जात र धर्मको कुरा गरी त्यसै
मुलुक नै बाँड्न थाल्छन् किन मान्छे ?

केही चम्किला वस्तुहरू किन्नलाई
स्वयं नै विक्न थाल्छन् किन मान्छे ?

मात्र विहानी भो घाम झुल्केको खोइ
जोशमा तान्न थाल्छन् किन मान्छे ?

जानु छ एकदिन भुसुक्कै विर्सेर
समयलाई बाँध्न थाल्छन् किन मान्छे ?

पुग्नुभन्दा धेरै पहिले गन्तव्यमा
बाटोमै थाक्न थाल्छन् किन मान्छे ?

आफ्नो अनुहार पहिले नहेरी कतै
पौडेललाई जाँच्न थाल्छन् किन मान्छे ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. महिनौं भयो भेट कुराकानी भ'को
हजुर किन यस्तरी रिसानी भ'को ?

प्रतीक्षामा क्षण-क्षण म सल्किरहन्छु
हजुर किन पुरानो कहानी भ'को ?

वोल्नु न चाल्नु न छाइछुइ गर्नु
हजुर किन पहिले नै पानी पानी भ'को ?

हाका हाकी भेट्न भने लाज लाग्ने ?
लुकी लुकी हेर्ने कस्तो वानी भ'को

अब पनि ठुस्किने उमेर छ र !
हजुर किन दिन दिनै सान्नानी भ'को ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युवराज नयाँघरे

१. तिमी आई नसोध मेरो प्यासलाई
छेक्ने कहिल्यै नगर मेरो वतासलाई

फूल जस्ता कुराहरू गर्नेबाट बच
कहिल्यै छुने नगर ज्यूँदा लासलाई

पराइलाई आफ्नो ठान्ने कस्तो कस्तो मन
पराधीनताको अर्थ नसोध दासलाई

घृणा भन्दा अर्को ठूलो रूप छैन
नत्रभने सोधी हेर वसन्तको मासलाई ।

घर मेरो उजाड, आँगन पनि उजाड
एउटा विन्ती नउजाड मेरो बासलाई ।

२. आफैं लेआफैंलाई छल्नु छ अचेल
भुसको आगोसरि जल्नु छ अचेल

शहरमा सालिक्हरू बन्दै होलान्
आफू आफैंदेखि गल्नु छ अचेल

अरूको सामु खोइ कहाँ जाऊँ
फर्केर आफैंमा हात मल्नु छ अचेल

खोइ विद्रोहको राँको बालिएन
वरू अमरदीप सरि बल्नु छ अचेल

मान्छेसँग समय हिंड्यो रे भन्छन्
समयसँग आफू चाहिं चल्नु छ अचेल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. तिम्रो गीत गाउन मन लाग्छ
जून तारा सजाउन मन लाग्छ

माया बाहेक यो मुटुमा केही पनि छैन
पिरतीको घाम झैं उदाउन मन लाग्छ

कल्पनाको आँगनीमा तिमी मुस्कुराउँदा
किन किन त्यसैं मलाई रमाउन मन लाग्छ

कतिञ्जेल पर्खी बसुँ शहरको माझमा
भीडभित्र विरही झैं कराउन मन लाग्छ

तिमी छैनौ यस बेला मेरो अङ्गालोमा
तरै पनि कल्पनामा हराउन मन लाग्छ

बितेका कुरा सबै पुराना हुँदैनन्
त्यसैले हाम्रो साइनो सम्झाउन मन लाग्छ ।

★❀★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रत्न प्रजापति

१. पिरतीले सधैं यसरी किन पिर्छ ?
कमलो मुटुलाई चर्चरी किन चिर्छ ?

हिउँदको प्यारो घाम भर्खरै लागेको छ
यति चाँडै वर्सातको झरी किन फिर्छ ?

ब्यथा बढेकै छ, सहनु पनि परेकै छ
फेरि यो दुःख संकेतै नगरो किन छिर्छ ?

जान्दैन कि मान्छेले खुशी लिन दिन
मायाको बदला आँसुले मनपरी किन तिर्छ ?

२. एकै छिन घाम नलागे रातै कहाँ पर्छ र ?
निराश मन भए पनि आश कहाँ मर्छ र ?

वरिपरि वागमा सबै फूल फुलेका छन्
वसन्तले गुलाफमा मात्रै रङ्ग कहाँ भर्छ र ?

झर्नु पर्ने झर्दैन र पतझरमा पातहरू
शिशिरले विरूवामा विष कहाँ छर्छ र ?

जिन्दगानी मीठो हुन्छ सुख दुःख दुवै भए
घाम पानी नभैकन विरूवा कहाँ सर्छ र ?

विपत्ति त के हो र कैले काहीं आउँछ जान्छ
हुरी चल्यो भन्दैमा फूल कहाँ झर्छ र ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. धेरै भयो नदुखेको छाती आज फेरि दुख्यो
बिर्सिएको उही पुरानो पीर आज फेरि उठ्यो

आँसु-हाँसो, घाम-छायाँ जिन्दगानी यस्तै
भर्खरै हो जोडेको भाग्य आज फेरि फुट्यो

न मीठो रात छ न आँसु पुछ्ने हात छ
बल्ल बल्ल पाएको साथ आज फेरि छुट्यो

आफ्नो भन्ने कोही भएन दुनिया पराइ भो
मुटु-मुटुको गाढा साइनो आज फेरि टुट्यो

भन्न त नहुने खोइ, नभनी पनि सकिएन
तीतो-मीठो जिन्दगीको बह आज फेरि फुक्यो ।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रमेश पौडेल

१. सोच्नै किन पर्‍यो अब नसोचेकै हुँदो रै' छ
सानातिना कुराले नै उसको मन छुँदो रै छ

भावनाको सागरभित्र डुबेर पो हो कि
गुन बिर्सने बैगुनी पनि आँसु झारी रूँदो रै' छ

कतिको मन बाहिर देख्दा साह्रो जस्तो लागे पनि
भित्री मन त मैन जस्तो कमलो पो हुँदो रै' छ

मनका काला दागहरू कसरी हो धुने भन्थें
दागै मेटी मनको कालो भावनाले धुँदो रै' छ

भ्रमको जाल पन्छाइ हेर्दा आज बल्ल थाहा भयो
आफूलाई माथि ठान्नेको भाउ सबैभन्दा उँधो रै' छ ।

२. कस्को विश्वास गर्नु यहाँ, यो दुनिया यस्तै जाली छ
जो छ यहाँ बदनाम, उही आउँदा स्वागत ताली छ

नओइलाइकन बिन्ती मेरा ती बागका फूलहरू
नभएको हैन विचरा, तर यहाँ अमूक माली छ

अनाहकमा जस्तो पनि सहनु नै पर्दो रै' छ
आजभोलि अरु मलाई दुनियाको घोच्ने गाली छ

निस्सार यो जिन्दगीलाई कतैतिर पोखुँ भने
बिटुलो पो हुन्छु क्यार जताततै फोहोर नाली छ

साँघुरो यो संसारमा बास कतै नपाएमा
स्वार्थ कत्ति छैन भने रमेशको दिल पूरै खाली छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. देखिंदैनन् आज किन हिजो साथै चल्नेहरू
घेरै रै'छन् यो शहरमा भित्र-भित्रै जल्नेहरू

यात्रा यौटै भएकाले चिनजान भा'को थियो
कहाँ पुगे आज कुन्नि हिंड्दा-हिंड्दै छल्नेहरू

पछि फर्की हेरूँ भने देखिंदैनन् कतै पनि
बाटोतिरै छलिएकि हीनताबोधले गल्नेहरू

खुट-खवर केही छैन के गर्दैछन् कठै ! अचेल
रिसाएको झिंगाले झैं पछि हात मल्नेहरू

आवरण नै छोपी कतै लुकी-लुकी हिंड्छौ भने
खवर्दारी ! यही पङ्क्तिमा मुखमा रंग दल्नेहरू ।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रमेश क्षितिज

१, हामो बस्ने चौतारोमा एक्लै आउँछु अचेल
खुशी पर्‍यो तिम्रो भागमा पीडा गाउँछु अचेल

तिमी थियौ लट्टाइ र पो सह्यालिन्थें सधैं
चुँडिएको चङ्गा जस्तै मन उडाउँछु अचेल

बर्षात चल्दा ओत लाग्ने सपना थ्या मनभरि
बगरमा बालुवाका घर बनाउँछु अचेल

काख दिने कोही भए सिरानो नै चाहिन्न रे
हर रात मेरा सिरानो म भिजाउँछु अचेल

आगो सल्काइ तिमी गयौ, आँखाबाट आँसु खन्याइ
हृदयको डढेलो त्यो निभाउँछु अचेल

मेरो जस्तै छटपटी तिमीलाई पनि छ कि
गोधूलिमा बाटो कुर्न सधैं आउँछु अचेल ।

२. खडेरीले फूल यहाँ सुकिरह्यो सधैंभरि
कस्तो काँडा बिझ्यो मन दुखिरह्यो सधैंभरि

बैगुनीलाई भोलिदेखि बिर्सिदिन्छु सोच्दै रहें
तर माया मुटु छेउ लुकिरह्यो सधैंभरि

धेरै टाढा गइसक्यौ भन्ने थाहा छँदाछँदै
नजरले आफू नजीक खोजिरह्यो सधैंभरि

जाने बेला मुटु मन सबै सबै लिई गयौ
एउटै याद किन छोड्यौ ढुकिरह्यो सधैंभरि

डोली चढेर गएकी हिंडेर आउने छैनौ
तर बाटो क्षितिजले कुरिरह्यो सधैंभरि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. बस्तीबाट हिजो जिन्दगी बसाइ सरेर गयो
हाँसी बिदाइ गर्न खोजें आँसु झरेर गयो

ईश्वरलाई सोधें झुपडीमा सवारी हुन्छ कि ?
बाटो मोडेर ऊ महलकै झोली भरेर गयो

मन्दिरमा भीड छ भजनमा तल्लीन मान्छेहरू
कसलाई पर्वाह सडकमा मान्छे मरेर गयो

पसिना फलेको हेर्ने चाह थियो सबैलाई
तर जो आयो यहाँ भाषण गरेर गयो

जिन्दगी छाँद हाल्दैमा छेकिन्न क्या क्षितिज !
तँलाई देखी उसले आँखा तरेर गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रबि प्राञ्जल

१. चट्ट परेको गजल छ एउटा
सस्तोमा पाइने पसल छ एउटा

जति भत्काऊ सालिक र मूर्ति
यो छातीभित्रै महल छ एउटा

जहाँ छ थोपा, त्यहीं छ सागर
यो 'सूत्र' मात्र सरल छ एउटा

अन्धाहरूको क्रिडा–भूमिमा
कानो खेलाडी असल छ एउटा

कठोर भएछन् यी अङ्ग-अङ्ग
एकजोर आँखा सजल छ एउटा

त्यो नौलो यात्रा कहिले हो थाल्ने
यो गर्न बाँकी छलफल छ एउटा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. मान्छे यहाँका पुराना देखें
आँखा भएका काना देखें

जहाँ ओत लागेको छु
जीर्ण त्यहाँ छाना देखें

विना अपराध कैदी छु
घरलाई नै थाना देखें

'कथा' भयो 'हरिश्चन्द्र'
फटाहाको जमाना देखें

बैरी भए सारा दुनिया
'मित्र' एक दुई जना देखें

सुनाउँदिन अब गजल
समय काट्ने बहाना देखें

'रवि' लाई कुन्नि के भो
आफन्त नै विराना देखें।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. घृणा कसैले गरेर के भो ?
आँखा कसैले तरेर के भो ?

अझै छन् बाँकी असंख्य तारा
त्यो एउटा तारा झरेर के भो ?

ब्युँझाइ सोध शहीदलाई
बीज चेतनाको छरेर के भो ?

जीवन-नदीमा डटेर बढ्दा
नाउ लहरमा परेर के भो ?

उसको मृत्युमा यो देश रून्छ
तर वीर यहाँ मरेर के भो ?

सकिनँ पुग्न अझै शिखरमा
बाधा हजारौं तरेर के भो ?

आउँछ एक दिन अवश्य पालो
पालो पछाडि सरेर के भो ?

४. जूनलाई आफ्नो कथा सुनाएर रात काटें
यो उदास मनलाई बुझाएर रात काटें

बिर्सिजाने निष्ठुरी त्यो, आउँछ कि सम्झिएर
प्रतीक्षाका दीयाहरू जलाएर रात काटें

उसले छोडी गए पछि नीदले पनि छोडिगयो
ती पुराना यादहरूमा हराएर रात काटें

फूलभन्दा पनि कोमल मेरो मनको मझेरीमा
कल्पनाका फूलबारो सजाएर रात काटें

अँध्यारो छ रात तर आफ्नै मनको उज्यालोमा
विश्वासका बिस्कुनहरू सुकाएर रात काटें ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. नसुनाऊ त्यो गजल जहाँ मीठो आलाप नहोस्
भावनाका बेगसँगै मूर्च्छनाका चाप नहोस्

नशासँग यो प्यालामा आज आँसु मिसाउँछु
यो प्याला पिउनेलाई अब कुनै ताप नहोस्

नापी जोखी लगाएको मायाँ कुनै मायाँ होइन
यस्तो मायाँ लाऊँ प्रिया ! जसको कुनै नाप नहोस्

जिउँदो हुनुको अभिनय गरिरहेछु म शायद
त्यो जिन्दगी कहाँ होला, जहाँ करकाप नहोस्

होश राखी पाइला चाल यो बाटोमा हिंड्नेहरू
तिमी हिंड्ने यो बाटोमा कतै कुनै धाप नहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजेश्वर रेग्मी

१. थाहा छ, अहिले म कुन मोडमा छु ?
झण्डै झण्डै पतनको निचोडमा छु

जित्नेहरू सँधै हुन्छन् माथि माथि
मुन्तिर झर्नेहरूको होडमा छु

टुक्राहरू जोड्न कहाँ सजिलो होला
सम्पूर्ण जिन्दगीको तोडफोडमा छु

प्राप्ति सधैं मसँग किन टाढा हुन्छ
चाहनाको अविरल विछोडमा छु

चारैतिरबाट फगत आक्रमण छ
शहरबीच क्रस रोडमा छु ।

२. पीडा रहेछ जिन्दगी भ्रमको धुवाँ रहेछ
मलाई रूवाइ हाँस्ने तिम्रो मनसुवा रहेछ

आत्महत्याको कुरा नउठेको हैन मनमा
इनार सोचेको त एउटा सानो कुवा रहेछ

यसलाई पनि एउटा संयोग नै मान्नु पर्छ
म बाँच्नुमा ईश्वरको 'दुवा' रहेछ

मन पनि मान्छेको कस्तो हुन्छ कुन्नि
पक्रु ँ भन्छु, उडी जाने भुवा रहेछ

समग्रमा यत्ति मात्र बुझेको छु मैले
जीवन भन्नु केवल शकुनीको जुवा रहेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. मान्छेहरू किन अस्पष्ट भा' आजभोलि
विचारहरू किन छरपस्ट भा' आजभोलि

भत्काउँ भन्छन् सबै दुराचारका पर्खालहरू
ऊन् मान्छेहरू किन भ्रष्ट भा' आजभोलि

जतासतै निस्केकाछन् मान्छेका हूलहरु
विचारलाई के को कष्ट भा' आजभोलि

दुख्दैछ कसैलाई दुखाइँदैछ कसैलाई
कोही किन तटस्थ भा' आजभोलि

निको पार्नु पर्छ सबै दुखेका घाउहरू
औषधीहरु किन नष्ट भा' आजभोलि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम अविराम

१. शूर्पणखाले झैं छल्न पनि सकिएन
मैनबत्तीको शिखा झैं जल्न पनि सकिएन

भूस भएर सल्किएछु आफू आफैंभित्र
ज्वालामुखीको लाभा झैं वल्न पनि सकिएन

फुलौंला फलौंला भन्ने मीठो सपना थियो
स्याउको बोटमा नास्पाती फल्न पनि सकिएन

मान्छेको मन माटो होइन रहेछ क्यारे
वर्सातको माटो झैं गल्न पनि सकिएन

मुक्का त धेरै बर्सिएको हो अविराममाथि पनि
घर्लिनको पर्खाल झैं ढल्न पनि सकिएन ।

२. अँध्यारोमा तारासरि रोइरहें रातभरि
आफ्नै मनको हिमाललाई छोइरहें रातभरि

छातीका पाटाभरि मैलो जम्यो भनी
मनको मैलो आँसुले नै धोइरहें रातभरि

मुटुभित्र बर्षौंदेखि गाँठो पऱ्या थियो
आफैंले नै आफ्नो घाउ फोइरहें रातभरि

विपनीमा तिम्रो सामू पर्न सकिएन
सपनीमा तिमीलाई छोइरहें रातभरि

हाँस्ने रहर धेरै पहिले गुमाइएछ क्यारे
भक्कानो फुटाएर रोइरहें रातभरि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. तिम्रो खामभित्र बन्द भयो मेरो जवानी
तिम्रो नामसँग बुलन्द भयो मेरो जवानी

वसन्तको बहार बनी बैंस बग्न थाल्यो
तिम्रो नामसँग सुगन्ध भयो मेरो जवानी

गजलका पंक्तिसरि गाउन मन लाग्यो
तिम्रो नामसँग छन्द भयो मेरो जवानी

चखेवाको जोडी बनी चर्न मन लाग्यो
तिम्रो नामसँग निर्वन्ध भयो मेरो जवानी

तिम्रा ओठभरि बैंस छर्न मन लाग्यो
तिम्रो नामसँग बुलन्द भयो मेरो जवानी ।

*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ललिजन रावल

१. मन मेरो कता–कता हराएको धेरै भयो
यताउति खोज्दा पनि नपाएको धेरै भयो

कतैतिर रोकिएर अझै त्यहाँ पुगेन कि
यताबाट मैले पत्र पठाएको धेरै भयो

कहिले त हाँसो खुल्ला उदास ओठमा भन्दा भन्दै
आफैंलाई आँसुसँग बगाएको धेरै भयो

तिमी बोल्न सक्ने भए, अब ओठ खोल्नु पर्छ
तिमीलाई फूलपाती चढाएको धेरै भयो

एउटा उदास डुङ्गा जस्तै सागरको चाह बोकी
आँखाभरि सपनाहरू सजाएको धेरै भयो ।

२. जूनसँग जुनेलीको रंग मागिरहेछु म
मानिसबीच कोरिएका साँध नाघिरहेछु म

के–के पाएँ भन्दै त्यसै अँध्यारोमा रमाएछु
घाम पाउन अझैसम्म लाम लागिरहेछु म

खुशी कुनै पर भयो, यात्रा मेरो अल्मलिदा
त्यसैले त तिमीबाट टाढा भागिरहेछु म

जिन्दगीको मेला लाग्छ भनी यहाँ जम्मा हुँदा
कता लागे कुन्नि सबै एक्लो बाँकी रहेछु म

सपना बोकी आँखाभित्र, नथाकेर कैले पनि
आवाज दिई तिमीलाई अझै डाकिरहेछु म ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. अगाडि छ मृत्यु तर चलिरहेछ सास अझै
जति टुक्रा पारे पनि विस्तृत छ आकाश अझै

कति–कति बाटो–घाटो पाइतालाले नाघ्दै गए
बस्तीहरू मात्र पनि पाइएन बास अझै

धेरै लामो भई दियो जिन्दगीमा दुःखको बाटो
मनहरूले पाएनन् खुशीको आभास अझै

कसको प्रतीक्षामा छन् तो पहाड झैं अटल भई
युगौं बितिसक्यो तर भएनन् हताश अझै

तिम्रो नाउँ प्रवाह हो तरै यहाँ तिमीलाई
पोखरी झैं धमिल्याउने हुँदैछ प्रयास अझै ।

४. चाहनाको गीत अझै गाउन बाँकी छ
चुहिएको छानो हाम्रो छाउन बाँकी छ

कसले फेरि बाँध लायो हाम्रो खुशीमाथि
उदास आँखाभित्र चमक आउन बाँकी छ

भर्खरै त क्षितिजको ढोका खुलेको छ
प्यारो सूर्य आकाशमा ल्याउन बाँकी छ

निर्माणमा जुटेका ती हातहरूलाई
धेरै–धेरै कामहरू भ्याउन बाँकी छ

युगौंदेखि कार्यशील तमाम जिन्दगीले
पसिनाको मोल अझै पाउन बाँकी छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. जिन्दगीमा हिँड्न बाँकी अझै कोसौं-कोस थियो
बीचैं बाटो रोकिनुमा तिम्रो पनि दोष थियो

तड्पिएर सधैंभरि, मरी-मरी बाँच्नु पर्दा
मनमा उसको आगो अनि आँखामा आक्रोश थियो

सपनीको मात लागी त्यसै-त्यसै उडी रहें
विपनीमा रूनै पर्छ, मलाई राम्रै होस थियो

घामलाई काँधमाथि उचालेर सधैंभरि
शिखर पुग्न तम्सिएका पाइतालामा जोश थियो

धेरै चोटी खेर गए अमूल्य ती क्षणहरू
मोती कतै टिप्ला भनी, आपसमा नै रोष थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लव गाउँले

१. सारै भएपछि मैले बस्ने ठाम पनि बेचिदिएँ
बाँच्नुको अर्थमा जिन्दगोको नाम पनि बेचिदिएँ

बजारमा सबथोक बिक्तोरहेछ सजिलै
जोवनभरको कमाइ बदनाम पनि बेचिदिएँ

सुखमा जीवन हाँस्न सकेन कहिल्यै पनि
त्यसैले पीर र दुःखका लाम पनि बेचिदिएँ

जसलाई म आफ्नो साथी भनेर अंगाल्ने गर्थें
त्यही शिशीभरिको जाम पनि बेचिदिएँ

उधारो पूजाले ईश्वर पनि खुशी भएन
बाँकी थियो जो, योमनको राम पनि बेचिदिएँ ।

२. तिमी त दूर भैगयौ चिठ्ठी पनि दूर भो
आँखामा सांचेका सपना सब चकनाचूर भो

मन दुखेका बेला गोत जो तिमीलाई सुनाउँथे
कसलाई सुनाऊँ, अब त ऊ पनि बेसूर भो

एउटै पाइला जोल्ठिएर नाप्ने गर्थ्यौं कान्तिपुर
मन फैलाउँदा नभेटिने बिरान सिंगापुर भो

आउने वसन्त काखी च्यापी मज्जाले निदाऊँ भन्थ्यौं
कल्पनामा हराउने ब्यथा अति प्रचूर भो

कति दुःख खेपेर भौतारिऊँ यो शहरमा
दैव ! टप्प टिपी लैजा, मर्न बरू आतुर भो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. खोजी हिंडु ँ जिन्दगी म कहाँ, पछुताउ भएको छ आज
आफ्नो जिन्दगो आफैंलाई घाउ भएको छ आज

एकान्तमा सुटुक्क साटुँ कि लागेको थियो मन
त्यो पनि आँधीमा परेको नाउ भएको छ आज

सुन्दर सपनाको आशमा आकाश च्यापेर निदाएँ
धर्ती त दुःखै दुःखको ताउ भएको छ आज

कसैको माया अल्झिदिएछ फेरि यो मुटुमा
माया त सस्तो बजार भाउ भएको छ आज

जीत भएन कहिल्यै मात्र नराम्रो हार भयो
जिन्दगी, जूवाको बिच्छुक दाउ भएको छ आज ।

४. फल्नु फुल्नु पर्ने जिन्दगी अधकल्चो झरेको पाएँ
एउटा मृत्यु नचाहेरै फूल पनि मरेको पाएँ

आफू आफैंसँग पराजित भएर एउटा एउटा
जिन्दगी जिन्दगीबाटै बसाइँ सरेको पाएँ

मरेपछि बैतरणी तर्नु पर्छ भन्छन् मानिसहरू
जिउँदैमा मान्छेमाथि मान्छे तरेको पाएँ

मर्दले जीवन दान दिएर केही गरेन
नामर्दले कुराले सबथोक गरेको पाएँ

बल्छी थाप्दा थाप्दा नपरेपछि केही पनि
थाकेर आफ्नै बल्छीमा आफैं परेको पाएँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. किताब हटाइ आज तिमीलाई पढ्न आतुर छ यो मन
बालक झैं बामे सर्दै अघि बढ्न आतुर छ यो मन

बाधा अड्चन जति नै आई परोस् क्यै छैन
एकदम कम्मर कसेर लड्न आतुर छ यो मन

भाग्यमा बज्र झैं चट्यांग बज्रोस् क्यै छैन
तिम्रो तातो अंगालोमा डढ्न आतुर छ यो मन

हल्का न्यानो स्पर्शले कतै मलाई छोएन खै
चुर्लुम्म तिम्रो मुटुमा गड्न आतुर छ यो मन

मेरो रहर तिम्रो छातीमा जहर झैं पोल्दैन भने
तिम्रो खुशीको शूलीमा चढ्न आतुर छ यो मन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसन्त प्रकाश उपाध्याय

१. आकाशमा कतै पनि वादल देखिएन
मिलनको मीठो त्यो पल मेटिएन

मरूभूमि भै सकेको यो स्थितिमा
मरीमरो खोजें तर जल भेटिएन

आफैंलाई सुकाएर गर्नु खेती गरें
थुप्रो नै भएपनि त्यो फल बेचिएन

सोचेको थिएँ अब छिट्टै पुग्छु लक्ष्यमा
अविश्वासको डरलाग्दो खाडल देखिएन ।

२. फूल किन आज पत्थर झैं साह्रो भो
इमान्दारीपूर्वक यहाँ बाँच्न गाह्रो भो

चालबाज–धूर्तहरूको बोलाबोलभित्र
निश्छल–निष्कपटको प्रवेश गाह्रो भो

मान्छे हेर्दा सबै एउटै देखिन्छन्
मान्छे चिन्न नसकेर हिंड्नै गाह्रो भो

झ्याल-ढोका थुनेर पर्दा लगाएपछि
वास्तविकता बुझ्न झनै गाह्रो भो

'फोड् आँखा दुवैवटा हे वसन्त !'
दुनियाँ हेरी–हेरी बाँच्नै गाह्रो भो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. आकाश र धर्तीको मिलन सम्भव छैन
जति आगो हाले पनि पानी बल्ने छैन

भोको भन्छ यहीं खाउँ, भरि पेट पारि
मान्छे--मान्छेमा पनि समानता छैन

कोही टन्न खाएपछि खोज्छन् ऐश–आराम
कसैलाई भूइँमाथि सुकुल पनि छैन

घेरै भर्छन् दिनभरि, बेलुका त खाली
साहुजीको ब्यापारमा घाटा कहिल्यै छैन

कोही खोज्छन् जीवनको ब्याजमाथि स्याज
वसन्तको जीवनको साँवा पनि छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजय वजिमय

१. तिम्रो मायाको कुनै सीमाना भेटिएन
कहीं कतै विश्वास गर्ने जमाना भेटिएन.

तिमी नबोले नि तिम्रो हाँसो लाग्छ मीठो
कति खोजें बिर्सु भनी सम्झना मेटिएन

गीतमा तिमी हुन्छ्यौ, नींदमा पनि तिमी
गर्नु गरें, कसै गरी भावना मेटिएन

मुटुभित्र जहाँसुकै तिमीलाई भेट्छु
सारा कसम खाइसकें, चाहना मेटिएन ।

२. यो नशा कुनै सम्झौताको सहीछाप भैं दिए नि हुन्थ्यो
अथवा एक प्याला रक्सीको मात भैं दिए नि हुन्थ्यो

वसन्त आफ्नो भएन, भएन कुनै हिउँद आफ्नो
आफूसँग जून रमाउने रात भैं दिए नि हुन्थ्यो

बाचा सबै खाई सकें, बाँकी अब केही छैन
आज फेरि मीठा-मीठा बात भैं दिए नि हुन्थ्यो

चाहनालाई सङ्गालेर बैंस मेरो चिप्लिरह्यो
केही बेर रोकी राख्ने बाँध भैं दिए नि हुन्थ्यो

आफ्नै जीवन पराइ भई उदास उदास बित्यो
यो शून्यतामा तिमी मेरो साथ भैं दिए नि हुन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. मन बाँधेर राखेको थें, सम्झनाले पछ्याइरह्यो
थाहै नदिई जिन्दगीले लगातार गिज्याइरह्यो

हाँसो घेरै खोसिएछ, मुटु पनि चोइटिएछ
जसलाई आफ्नो भन्ने गर्थें, उही आज पराइ भयो

आँखैमा नबिझने गरी छातीभित्र बसेको थें
मनकै कुरा बोले पनि अपराधी बनाइसक्यो

पीडाहरूमा बाँचेको छु, दुर्घटनाहरू भोगेको छु
चोटैचोटले मेरो मन मरूभूमि बनाइसक्यो

कर्म कोर्ने भावी पनि पक्षपाती हुने रै'छ
आज आफ्नै भाग्यले आफैंलाई टिठ्याइरह्यो ।

४. खाटा बसेको घाउलाई कोट्याउने काम नगर
मलाई फेरि बीच बजारमा उभ्याउने काम नगर

केही भूल तिमीले गर्‍यौ, शायद केही मैले गरें
भए भरका दोष मलाई खन्याउने काम नगर

जुन बाटोमा तिमी हिंड्थ्यौ, त्यहीं म हिंडिरहें
अन्तहीन मेरो यात्रालाई छक्याउने काम नगर

केही हुनु निको रै'छ, केही नहुनु पनि निको
तिर्खामा नै बाँचिरहेछु, भिजाउने काम नगर

हाँसो हरायो ओठबाट, टाढिएछ नींद पनि
अनमोल मेरो मायालाई रित्याउने काम नगर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. स्वनामहरूको बस्तीमा सधैं पाइन्छ नाम
वदनामहरूको बीचमा कहाँ हुन्छ नाम

ढुङ्गालाई माटोको, माटोलाई ढुङ्गाको भर
जरासहित उखेलिएमा कहाँ हुन्छ नाम

मात्र बालुवालाई सङ्गालेर बन्दैन घर
पानीमाथि हिंडेमा कहाँ देखिन्छ नाम

मन्दिरभित्र पाइन्छ देवताको दर्शन
भट्टीमा बसेर आस्थाको कहाँ भेटिन्छ नाम

आफन्तलाई सम्झेर केही हुँदो रहेनछ
पत्थर जस्तो मुटुमा कहाँ रहन्छ नाम ।

*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विप्लव ढकाल

१. रगतमा तैरिएर मिसाइलको 'नाऊ' आयो
मनभित्र कतै दुख्छ शायद कुनै घाउ आयो

कौडी हान्न बिर्सिएर सशङ्कित आँखाहरू
त्यतैतिर हेर्न थाले मानौं आफ्नै दाउ आयो

तराजूमा नोट जोख्दै साहुजीले कन्तुर खोले
'शुभलाभ' हुन्छ क्यार अब नयाँ भाउ आयो

'हरेराम' गाउन थाले मन्दिरमा हूलहरू
निधारमा छोइदिन भगवानको पाउ आयो

छुन्मुनाउँदै गाईका साना बाछाहरू नाच्न थाले
वनबाट फर्किएर शायद तिनको माउ आयो

भरियाले फलैंचामा बिसाएर डोकाहरू
लैबरीमा गाउन थाले अब हाम्रो गाउँ आयो

निमुखा ती गाउँलेहरू कतै लुक्न गए
तमसुकको विटो बोकी झुपडीमा साहु आयो

कोक्रोबाट ब्युँझिएर निदाएका नानीहरू
चिच्याउँदै रून थाले–बाबा उता हाऊ आयो

थकित–थकित बटुवाले लामो सास फेर्दै भने
जिन्दगीको साँझ पर्दा वास बस्ने ठाउँ आयो

मध्य दिनमै शायद अब घाम पनि निभ्छ क्यारे
कोलाहल र त्राश बोकी फेरि अर्को राहु आयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. ओछ्याएर आफूलाई झरिसकेको पातमा
घरी–घरी म जिन्दगी छामिरहेछु रातमा

मेरो ईश्वरको लाश अब कतै डढिसक्यो
विश्वास नदुखे हुने हो यी घात प्रतिघातमा

सबै टाढा गएपछि मलाई गीत गाऊँ लाग्यो
मुठ्ठी खोली सबै हेरें रेखा थिएन हातमा

समयका सुइरासँगै एउटा ग्लोब घुम्दै थियो
रोकिएछ, थिचिएर मुर्दाहरूको खातमा

घाम लाग्दा दिउँसो पनि किन ऐठन हुन्छ भन्थें
रहरहरू किचिएछन् पहिरोको लातमा

दीर्घायुका अजम्बरी कामना नै ब्यर्थ भए
वारूदको गन्ध आउँछ नानीको जाउलो भातमा

सिताराको बस्तीमुनि सशङ्कित हूलहरू
रातैभरि ब्युँझै थिए सुत्न थाले प्रभातमा

एउटा लामो नाटकको अन्तिम दृश्य हेर्दाहेर्दै
कालो पर्दा सर्दै आयो मान्छेको इतिहासमा

जताततै आगै–आगो, लाशै-लाश, कङ्काल छ
'शान्ति' भन्दै रोइहिंड्छन् बबुराहरू मातमा

सुनै सुनको भविष्यका ढोकाहरू खोल्नुपर्छ
कसरी विश्वास गरूँ म पागलहरूका बातमा

कोइली नगाओस् गीत, सबै झरना सुकुन् बरू
बञ्जर भूमि नै प्रिय छ, बाँचिरहेको साथमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. निर्जन जङ्गलमा गएर अन्तिम कथा सुनाउँदा
जिन्दगी छक्क परेर हे-यो घाँटीमा डोरी लाउँदा

थकित-थकित रूख विरूवा कानेखुशी गर्न थाले
सुकेका थुरहरूलाई मेरो ब्यथा बताउँदा

माथि-माथि वस्तीभित्र हाहाकार हुन थाल्यो
बम आयो कि भन्ने ठानी बिहान सूर्य उदाउँदा

रगतका साना-साना छिटाहरू मात्र झरे
पानी ! पानी ! भनी मैले मसानबाट चिच्याउँदा

'नानी ! गजल जस्तै यो दुनिया रमणीय छ'
प्रियजनहरूले भनेथे यो धर्तीमा म आउँदा

अचेल सोध्छन् साथीहरू 'विप्लव! किन थाक्यौ तिमी?'
आँखा बन्द गरिदिन्छु जवाफ केही नपाउँदा

भेडा भन्छन् तँ बाख्रो होस्, बाख्रा भन्छन् तँ भेडो होस्
घाँसहरू खान छोडी मैले यो गीत गाउँदा

र लाग्छ ज्वालामुखी भै एकैचोटि फुटूँ बरू
'ए ! नडराऊ केही हुन्न मैले यो मुख बाउँदा'

आकाश उचाल्ने शिरहरू लुला-लुला बनी सके
यो गह्रुङ्गो जीवन बोकी महङ्गो बजार धाउँदा

अनन्त हल्ला बोकेर हूल नजीक आउँछ
खुकुरीको धारमाथि जिन्दगीलाई बिसाउँदा

धेरै धेरै आँखाहरू छचल्किन खोज्थे होलान्
यी आँखाहरू लगेर ती आँखामा मिसाउँदा

बारूदले लेखिएका निम्ता पत्र धेरै आए
नरिसाउनू, तिम्रो प्रीति-भोजमा म नआउँदा

विवश छु म यहाँबाट कतैतिर झिडिदिन
ए माया गर्नेहरू ! तिम्रो स्पर्श पाउँदा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. बल्छिन देऊ यी व्यथाहरू, म खुशीको कुनै किनारा चाहन्न
चहराउन देऊ यी घाउहरू, म मायाको कुनै निशाना चाहन्न

हजारौं पहिरो भत्किरहेको, उदास-उदास बगर हुँ म
लहराउन देऊ यी छालहरू, म नदीको कुनै ईशारा चाहन्न

यी झरना र खोला, यी फूलका तरेलो, मेरा गीत होइनन्, मेरा गीत होइनन
च्यातिन देऊ यी आकाशहरू, म कुनै जून र सितारा चाहन्न

कतै खुशी छैन, कुनै पीर छैन, म पत्थरको मान्छे मेरो स्वप्न छैन
छाडिन देऊ मलाई यतै कतै, म जीवनको कुनै सहारा चाहन्न ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वियोगी बुढाथोकी

१. आक्रोशको आगो बल्छ मेरो मुटुभित्र
च्यातिदेऊ न आकाशलाई कोरौं एउटा चित्र

फूल भई फुलिदिंदा सबै साथ खोज्छन्
अहिले काँडा बाँचेको छु कोही छैन मित्र

अँध्यारोमा छामछुम गर्दै मलाई खोज्नेलाई
साथै बाँच्ने वचन दिएँ सुम्पिन्छु यी नेत्र

कस्तो फूल टिप्न खोजें टिप्न सकिंदैन
छुन खोज्दा ओइलाइदिने विशेषता विचित्र

सधैं छोपिएर बस्ने पात जस्तो केश
गुणैगुणले भरिपूर्ण लोभी छ चरित्र ।

२. गाउँमा थिएँ एक्लो म त बजारमा तिमी
सयौं खोज्दा बल्ल भेटें हजारमा तिमी

धोएर यो गुनासोलाई तिम्रो मनमा सुकाऊँ भन्थें
एकै क्षण पर्ख, सधैं कति हतारमा तिमी

नभेटिंदा ठीकै लाग्छ तर भेट्दा छुट्न सकिएन
मनमा घाउ पाले पनि सुन्दर मुहारमा तिमी

भौंतारिंदै हिंड्नु पर्दा नजिक पनि टाढा लाग्छ
बेसहारा लडें भने आउनू तर गुहारमा तिमी

आँधी-हुरी धेरै सहें अब सहने ठाउँ छैन
अन्त कतै पुग्न नदेऊ चोखो प्यारमा तिमी

साँझ पनि ओर्लने भो अन्धकारलाई बास दिन
तारिदेऊ न यो यौवनलाई पल्लो किनारमा तिमी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. चिच्याएर एक दुई तीन किन गन्यौ भन
समय दिएर नआउनेले आउँछु किन भन्यौ भन

हृदयको आकाशमा असंख्य परेवा उडाएथें
निर्णय तिम्रो हो, घाइतेलाई किन छान्यौं भन

बाँच्ने इच्छा हराएर सडक–गल्ली नाप्ने गर्थें
चाहेको मैले होइन, तिमीले किन तान्यौ भन

इच्छा मेरो होइन तर मनमा तिमीले बास दियौ
आफन्तको मफलर बाँधी पराइ किन ठान्यौ भन

जानु पर्ने अन्तै थियो पैताला मोडिएका थिए
यता आउने संकेत दिई ढुङ्गा किन हान्यौ भन

असम्भवको जीवन ठानेर चुपचाप हिंडेथें म
बल्छीमा पारेपछि तातो तेलमा किन फान्यौ भन

हिंजो–अस्ति सडकहरू स्वागतमा मुस्कान छर्थे
वियोगीले हिंड्ने बाटो आज किन खन्यौ भन।

४. सज्जनको कोट लगाए पनि कति बदनाम उहाँ
साँझ-विहानका लागि सडक-जाम उहाँ

नपिउने बाचाको हजार कसम खाए पनि
कति उदार मन पिउनु पर्दा खुलेआम उहाँ

उब्जाउ विनाको बाँझो धर्ती मन भए पनि
शहर बजारमा प्रेमपत्र लेख्ने सफा खाम उहाँ

रहरको खबर छैन बैंसको पाखामा तर
बैंसालु मनकालागि रातको घाम उहाँ
कतै भेट्दा नदेखिए जस्तो गर्नुहोला हजुर
नत्र महंगो जमानामा सस्तो दाम उहाँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. हाँसेर बाँच्ने चाहनामा अवरोधको खाल भो जिन्दगी
भेटिए जतिलाई विश्वास गर्दा च्यातिएको पाल भो जिन्दगी

उमेरले कर्तब्यका सोपानहरू धेरै चढ्यो तर पुगेको कहीं होइन
सक्नेहरू जहाँ पनि पुग्छन्, आफ्नो त कछुवाको चाल भो जिन्दगी

यात्रामा पत्थरको मुटु लिएर यौवनका आँटहरू पस्किएकै हो
विचलित पाइला काहिल्यै टेकिएन तर फोहोरको नाल भो जिन्दगी

धाउनेहरूको खुशीयाली सधैं सदाबहार फूल फुल्ने समाजमा
समय अनुसार चल्नेकालागि उन्नतिको छाल भो जिन्दगी

वाह ! क्या लेख्नु भो ज्ञानुजी, तपाईंको कलम सशक्त छ
फाइदा जान्नु भएन, नमस्कार चाहनेहरूकै काल भो जिन्दगी

दुबसुजी ! के खबर छ शहरमा जूठा कप, प्लेट र चम्चाहरूका
सर्वेसर्वा उनै हुन्, हाम्रो त सस्तो माल भो जिन्दगी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवश पोखरेल

१. आफूले टेक्ने धर्ती अचेल खुम्चिएर सानो लाग्दैछ
आफ्नै आमाको काख पनि बिर्सिएर विरानो लाग्दैछ

विवशताको डोकोमा अनवरत कति बोकूँ जिन्दगी
आफ्नै मुटु पनि अचेल पीडाको अचानो लाग्दैछ

आँखाका स्निग्ध डिहीबाट निरन्तर बगिरहेछ समुद्र
तथापि तृष्णामा अझै अधर मरूभूमि झैं ओभानो लाग्दैछ

स्वार्थको चक्रब्यूहमा विश्वासको मृत्यु भएपछि
आफू ओत लाग्ने आकाश पनि चुहिएको छानो लाग्दैछ

रंगरोगन गरेर मात्र कहाँ सभ्य हुँदोरहेछ र मान्छे
जसका सम्पूर्ण हुलियाहरू उही पुरानो लाग्दैछ ।

२. जब तिमीसँग बितेका सुखद क्षण सम्झन्छु
अनायास कोमल मुटुमा तीखो तीर लाग्छ

सपनाका कञ्जनजङ्घा पनि भूमिगत छन्
आजकाल समतल मैदान पनि भीर लाग्छ

चलमलाउँदैनन् अचेल कतै मृदु–उल्लासका छालहरू
गतिशील समय पनि स्थिर-स्थिर लाग्छ

झल्कोका एलबम जति पल्टाउँदै जान्छु
सिङ्गै अतीत तिम्रो तस्वीर लाग्छ

उफ् ! स्नेह-दंश पनि कति घातक
जति सम्झयो उति-उति पीर लाग्छ

बिन्ती ! आवेगमा नच्यात्नु प्रेमपत्रहरू
कहिले स्मृतिका अदालतमा नजीर लाग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. सन्दिग्ध–सन्दिग्ध लाग्छ रातको अनुहार
अझै आकाशमा आस्थाको जून देखिएन

बादलको चक्रब्यूहमा आक्रान्त भो आकाश
सौन्दर्यताको बिस्तृत बिस्कुन देखिएन

अवरोधका पहाडहरु क्रमशः बढ्दाछन्
यात्रामा कुनै शुभ सगुन देखिएन

खडेरीले सुकिरहेछन् धर्तीका सपनाहरू
आकाशमा सम्भावनाको मनसुन देखिएन ।

४. आश्वासन पस्केर रित्ता थालभरि
कहिले भोको पेट भर्न सकिएन

अभावग्रस्त आफ्ना मुटुभित्र
प्राप्तिका बोउ छर्न सकिएन

नैतिकता बेचेर स्वार्थको गौचरणमा
निर्धक्क पशु भएर चर्न सकिएन

सर्वत्र खाल्डै–खाल्डा छन् समस्याका
कहिले उद्देश्यका जंघार तर्न सकिएन

सधैं प्रतीक्षा सूचीमा नाम निस्किएको म मान्छे
खै ! सफलताको सूचीमा पर्न सकिएन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सानुराजा श्रेष्ठ 'अन्जान'

१. नमाग मसँग त्यो आकाशको तारा नमाग
भए जति दिइसकें अझै सुख सारा नमाग

वर्तमान विरूद्ध युद्ध गर अझै भोका पेटहरूमा
कतै अपगालमा परे मसँग त्यो आरा नमाग

युद्ध र संघर्षमा क्रान्ति बाँच, क्रान्ति मर
युद्धको कोलाहलमा शान्तिको चारा नमाग

बन्द नभए तिम्रा ओठहरू, नेल नपरे हातगोडा
तिमीमा चेतना अझै छ, मसँग नारा नमाग

नमाग मसँग त्यो आकाशको तारा नमाग
भए जति दिइसकें, अझै सुख सारा नमाग ।

२. वसन्त छ मौसममा फुल्नै सकिन
मुटुभित्र अरूलाई हुल्नै सकिन

कसको आँखा लाग्यो कसको भाखा
प्रेयसीको मनसम्म पुग्नै सकिन

बैगुनीको आँखामा धेरै फुल्न खोजें
निर्मोहीको मायालाई भुल्नै सकिन

दिन बित्छ उदासीमा रात छटपटीमा
चैनको निद्रा हिजो आज सुत्नै सकिन

मुटुभित्र अरूलाई हुल्नै सकिन
प्रेयसीको मनसम्म पुग्नै सकिन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. अँधेरो छैन, उजेलो मेरो नगर छ
स्वच्छ शीतल नीलो त्यो सगर छ

दुःख, हाँसो, रोदन यस्तैको जीवन छ
मुटु बिझ्छ, चस्कन्छ, हाँस्ने अधर छ

टाढा–टाढा धेरै टाढाको यात्रा गर्नु छ
धेरै घाम छ, एक छिनको नहर छ

पुकार्नु पुकारें सहाराका हातहरू मैले
आखिरमा सुकेर, मात्र बन्नु बगर छ

आशा छैन, विश्वास छैन, भरोसा छैन
अझै जीवनमा 'जून' बन्ने रहर छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरि अधिकारी

१. यिनलाई माफ गरिदेऊ यी बाँच्न चाहन्छन्
काटिएको छ ओठ अझै यी हाँस्न चाहन्छन्

लुटिएको छ बोल यिनको अठ्याइएको छ घाँटी
खतरा छ भयङ्कर अझै यी बोल्न चाहन्छन्

भत्किएको छ घर यिनको डढेको छ मन
हराएको छ बाटो अझै यी हिंड्न चाहन्छन्

विपना बनेको छ भयावह जिन्दगी क्रूरताको उपमा
सपना समेत छ धमिलो, अझै यी देख्न चाहन्छन्

पढाइएको छ दासता, सिकाइएको छ पराधीनता
मालिकहरू छन् बलिया, अझै यो जित्न चाहन्छन्

पहरा छ संगीनहरूको नाङ्गो छ धार खुकुरीको
रगताम्य छ देह यिनको, अझै यी भाग्न चाहन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. म त आगतको कल्पनामै रोइदिएँ
नसोध ! विगतको तूफान के थियो

हाँसोको माझमाझी बर्सिदियो नयन
नसोध ! आँसुको उफान के थियो

जिब्रो झिकेर मेरो लिलाममा चढाइयो
नसोध ! बोलीको सम्मान के थियो

काटेर औंला मेरो सहीछाप लगाइयो
नसोध ! लडाइँको परिणाम के थियो

आफ्नै शहरमा मसँग पहिचान मागियो
नसोध ! मेरो राष्ट्रको अभिमान के थियो

आफ्नाहरूका बीचमा उभिएको छु एक्लै
नसोध ! यो जिन्दगीको अनुमान के थियो

न जीत हो, न हार हो अचम्मको लडाइँ यो
नसोध ! यो दुःस्वप्नको विधान के थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. न आँसुको मोल न त रगतको सम्मान
यही हो आज हाम्रो जिन्दगीको पहिचान

न छ जाने ठाउँ काहीं, न त अडिने नै रहर
संगाल्नु छ तैपनि यो बूढो जिन्दगीको रहर

न आस्थाको केन्द्र कोही न विश्वासको डगर
ढल्पलिंदै ढल्पलिंदै किन जारी छ यो सफर

ओइलाएको फूल एउटा भाँच्चिएको जून एउटा
यिनैको सहारामा आज हिंड्नु छ कोसौं बगर

च्यातिएको प्रेमपत्र र उजाडिएको अभिसार
त्यहींनिर उभ्याउनु छ ढिसकेको स्नेह-सगर

न गीतका बोलहरू न धून संगीतको
रेट्नु छ सारंगी तैपनि बेसूरा जिन्दगीको लहर

न जाने ठाउँ काहीं, न त अडिने नै ठहर
संगाल्नु छ तैपनि यो बूढो जिन्दगीको रहर ।

४. कहाँ पुगेर मुटुको गाँठो फुकाएँ मैले
त्यो तासको महलमा किन घर बसाएँ मैले

सँगै हिंडेर हामी बेग्लै कता पुगेछौं
कहाँ पुगेर दिलको बोझ बिसाएँ मैले

आफ्नै रगत र आँसु कसरी पिएछु हँ
कहिल्यै नमर्ने तिर्खा कसरी मेटाएँ मैले

खोजेर आफूलाई भौतारिएछु म घेरै
यो यातनाको गुफामा जिन्दगी लुकाएँ मैले

कहाँ पुगेर मुटुको गाँठो फुकाएँ मैले
त्यो तासको महलमा किन घर बसाएँ मैले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानुवाकर पौडेल

१. त्यो आँधीबेरी त्यो तूफानको डर नहुँदो हो
कमजोर यदि हामी निर्धनको यो घर नहुँदो हो

चुम्दा हुन् कदम तिम्रा, भाग्यले तिमीलाई पनि पछ्याउँदा हुन्
गन्तब्य विहीन यदि तिम्रो त्यो सफर नहुँदो हो

रूप हुन्नथ्यो बदनाम न हुन्थ्यो त्यो रूप कलंकित
कलुषित यदि तिम्रो त्यो नजर नहुँदो हो

मुस्कुराउँदो हुँ म पनि खुशीको गीत गाउँदो हुँ
खण्डित मेरा आस्था र विश्वास यदि यहाँ अक्सर नहुँदो हो

ढुङ्गा यदि तैंले आफूलाई तुल्याउन सकेदेखि 'ए ज्ञानु' !
बिरानो तेरो लागि आज यो शहर नहुँदो हो ।

२. आज फेरि तिमी मुस्कुराइदिन्छ्यौ कि !
खुशी बनेर जिन्दगीमा मगमगाइदिन्छ्यौ कि !

तिम्रो त्यो रित्तो सिउँदो त म सजाइदिउँला
उजाड छ जिन्दगी मेरो पनि सजाइदिन्छ्यौ कि !

बैरी बनेर आज दुनिया सारा हाँसिरहेको बेला
तिम्रो त्यो परेलीमा बिन्ती लुकाइदिन्छ्यौ कि !

कति मोहक छ रूप तिम्रो कति उज्यालो
अँध्यारो छ जीवन मेरो जगमगाइदिन्छ्यौ कि !

कति पर्खुँ म लौन तिमीलाई अझै कति रिझाऊँ
गजल छ उदास यो 'ज्ञानु' तिमी गुनगुनाइ दिन्छ्यौ कि !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. द्रौपदीको चीर–हरण भो यो राजनीतिको व्यापार नगरे
ब्यर्थको वाह वाह यो ब्यर्थको जय जयकार नगरे

विश्वासको सूर्य अस्ताएको बेला,आज मानवताले बाटो बिराएको बेला
नैतिकता र आदर्शको कुरा अब ए मित्र खबरदार नगरे

यिनै महङ्गी यिनै अभाव र झूट्टा तिम्रा तिनै आश्वासनहरू
ठट्टा सधैं हामी निरीह जनतासित ए सरकार नगरे

सरल छ स्वभाव तिम्रो बोली बचन पनि क्या मीठो
घात लगाई पछिल्तिरबाट किन्तु कहिल्यै प्रहार नगरे

विश्वास नगरे, अब यहाँ कसैलाई 'ए ज्ञानु' प्यार नगरे
धोका छ यहाँ हरदम आफूलाई यसरी बारम्बार नगरे ।

४. अब गीत गाउने पालो तिम्रो
सुरमा सुर मिलाउने पालो तिम्रो

बगाउनु जति आंसु बगाइ सक्यौ
अब मुस्कुराउने पालो तिम्रो

कहाँ हराएकी तिमी कता टोल्हाएकी
अब बिपनोमा रमाउने पालो तिम्रो

बिते जो, सो बिते गए
अब भविष्य सजाउने पालो तिम्रो

पछ्याउनसम्म तिमीलाई पछ्याए पछि
अब यो 'ज्ञानु' लाई रिझाउने पालो तिम्रो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. भो पुग्यो अब संधैं कति दिन यसरी मात्ने मनुजी
चार दिनको यो बाँकी जिन्दगी पनि के यत्तिकै काट्ने मनुजी

महंगै सही एउटा सार्थक जीवन जिउन खोज्दैछु सत्ते
तपाईं त आफ्नै न हो, तपाईंलाई के ढाँट्ने मनुजी

को छ र यहाँ अरू आफ्नो भन्नु, क्वै छैन
जति भेट्छु ती सब थुकेको थूक मात्र चाट्ने मनुजी

कस्तो कोट जडौरीमा दिएछन् मलाई दिनेले पनि
आज यता सिउँछु त भोलि उता फाट्ने मनुजी

लौन के भो यो 'ज्ञानु' लाई यो के रोग लाग्यो
क्वै हाँस्यो कि त त्यसै त्यसै पनि दिमाग तात्ने मनुजी ।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय भूमिका

प्राक्कथन

गजल फारसी नामवाचक शब्द हो। यसको प्रथम प्रयोग पनि अरबी मुलुकमा नै भएको हो। ग (वाणी), ज (स्त्री) र अल (साथ) मिलेर (ग+ज+अल) गजल शब्दको निर्माण हुन्छ। अर्थात् स्त्रीका साथ हुने वाणी वा सवाद वा वार्तालापका अर्थमा गजल शब्दको प्रयोग भएको हो।

गजल शब्दले प्रेमिकासँगको मधुर कुराकानी अथवा प्रेमिकालाई प्रणयवश केही कुरा भन्ने वा प्रणयवोध गराउने आशयलाई बुझा–उँछ। भावनात्मक र हार्दिक कुराहरूको श्रृंखलाको व्यापकतालाई सीमित गर्दै थोरै तर शिष्ट शब्दमा प्रतीकात्मक अभिव्यक्तिको लयात्मक प्रस्तुति नै गजल हो। धेरै कुराहरू थोरै शब्दमा, विश्रृंखलित भावहरूलाई श्रृंखलामा, विचारको विवि–धतालाई विम्वमा, सोझा भावनाहरूलाई प्रतीकमा र कडा र ठोस आग्रहहरूलाई सरल, तरल र सुललित तरीकाले अभिव्यक्ति दिने पद्यात्मक कलालाई गजल भन्नु पर्छ। संक्षेपमा भन्ने हो भने प्रणय भावनाको हार्दिकतालाई ललित अभिव्यक्ति दिने कलालाई गजल भनिन्छ।

नेपाली बृहत् शब्दकोशले गजल शब्दको अर्थ यसरी उल्लेख गरेको छ, "विशेषतः प्रेमका विषयमा श्रृंगार रसका कविता लेखिने एक प्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएको कविता।" त्यसै गरी उर्दू–हिन्दी शब्दकोशमा पनि गजलका वारेमा यस प्रकार उल्लेख भएको छ, "प्रेमिकासँगको वार्तालाप, उर्दू, फारसी कविताको एक प्रकार विशेष, जसमा प्रायः ५ देखि ११ पंक्ति हुन्छन् र प्रत्येक पंक्तिको सार अलग हुन्छ।"

विद्वान् जगदीश शमशेर राणाले "गजल कविताको गाजल हो। अलि–कति भित्र आँखामा पऱ्यो भने पोलन थाल्छ। डिलदेखि वाहिर परे लतपतिएर रूप नै बिगार्दछ। औचित्यको यस्तो सूक्ष्म सन्तुलन गाजलमा जस्तै गजलमा पनि रहनु पर्दछ। गीत कविताको नवनीत हो भने गजल यसै नवनीतिको मुलायमपन हो।" भनेर गजललाई परिभाषित गरेका छन्।

विद्वान् घटराज भट्टराईले गजलका बारेमा यसरी उल्लेख गरेका छन्, "महाकाव्य, खण्डकाव्यहरूमा जस्तो श्रृंखलाबद्ध विचारहरूको प्रस्फुटन गजलमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नभेटिए पनि मुक्तक रूपमा छोटा मीठा विचारले कलात्मक अभिव्यक्ति पाउँछन्। अझ गजल संगीतमय हुन्छ, पद लालित्यमा पनि उत्तिकै ध्यान दिइएको हुन्छ। यसले गर्दा पाठक वा श्रोताको मन र मस्तिष्कमा प्रभाव पार्न सक्छ।"

उर्दूका प्रसिद्ध शायर तथा लेखक मौलाना अल्फात हुसेन 'हाली' ले पनि गजलका बारेमा यसरी भनेका छन्, "मूलतः गजलको रचना गजल शब्द–बाट प्रकट हुने केवल प्रेम सम्बन्धी विषयहरूको अभिव्यक्तिका लागि भएको थियो, तर धेरै समयपछि त्यसको यो रूप सुरक्षित रहन सकेन।"

गजल काव्य विधाकै एउटा भेद हो, एउटा शाखा हो र स्पष्ट शब्दमा भन्ने हो भने गजल पद्य काव्य विधाको एउटा प्रमुखतम हाँगा हो। गजलकार वा शायर वा कविको वैयक्तिक हार्दिक भावनाहरूलाई अभिव्यक्त गर्ने सन्दर्भमा गजलको आविर्भाव हुने भएकाले गजललाई शायरमा अन्तर्निहित इच्छा, आकांक्षा र कामनाहरूले नितान्त निजी रूपमा प्रभावित गर्दछन्। त्यसैले गजल व्यक्ति–वादी काव्यको एउटा स्वरूप पनि हो।

अरबी शब्दका रूपमा आविर्भाव भएको गजल शब्दको शाब्दिक अर्थ अनुसार नै प्रारम्भमा यसले शृंगार प्रधान रूप ग्रहण गऱ्यो। तर आज, गजल विधा जहाँबाट शुरू भएको होस्, यसले आफ्ना पुराना दायरा र मान्यताहरूभन्दा धेरै टाढा सम्मको यात्रा पूरा गरी सकेको छ। केवल प्रेम, प्रेमिका, प्रणय–वार्ता र शृंगार–मूलक अभीष्टलाई मात्र नअंगालेर आजको गजलले समसा–यिक सामाजिक समस्याहरूलाई र समसामयिक सांसारिक सरोकारहरूलाई पनि आफ्ना विषयवस्तुका रूपमा स्वीकार गरिसकेको छ। भाव संकुलता, प्रतीक सम्प-न्नता र लयात्मक शैलीकालागि गजल विधाले काव्यका अरू विधालाई उछिनेर लोकप्रिय स्थान हासिल गरेको छ र साहित्यको एउटा महत्त्वपूर्ण र ऐतिहासिक विधाका रूपमा प्रतिष्ठापित भइसकेको छ।

गजल संरचना

उर्दू-हिन्दी शब्दकोशले गजलका बारेमा परिभाषित गर्दै भनेको छ कि "गजलमा प्रायः ५ देखि ११ शायरी (पंक्ति) हुन्छन् र प्रत्येक पंक्तिको सार अलग हुन्छ। पहिलो पंक्तिलाई मत्ना भनिन्छ। प्रत्येक दुई पंक्ति अनुप्रासयुक्त हुन्छन् र अन्तिम पंक्ति 'मुक्ता' हुन्छ, जसमा शायर (गजलकार) आफ्नो उप–नाम लगाउँछ। गजलको संग्रहलाई 'दीवान' र सम्पूर्ण प्रकारको पद्य संग्रहलाई 'बयाज' भनिन्छ।"

गजलमा मुख्यतः तीन वटा तत्वको सम्मिश्रणलाई अपरिहार्य मानिन्छ। ती हुन्; इबारत (शैली) इशारत (प्रतीक) र अदा (छटा वा भाव)। यी तीन–तत्वहरूलाई गजलको प्राण तत्व पनि मानिन्छ। गालिबले आफ्नी प्रेमिकाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाणीलाई वला–ए–जाँ भन्दै गजलका यी तीन तत्वहरूको यसरी वर्णन गरेका छन्,

> ''वला – ए – जाँ है गालिव उसकी हर वात,
> इवारत क्या, इशारत क्या, अदा क्या !''

खासमा भन्ने हो भने इवारत, इशारत र अदाको प्रयोग गजलकारले जति कुशलतापूर्वक गर्न सक्छ, गजल त्यति नै जीवन्त, मार्मिक र सफल बन्न पुग्छ। तर गजलमा यी तीन तत्वमध्ये कुनै एक तत्वको पनि कमी भयो भने गजलको प्रभावोत्पादकता र स्तरीयतामा नै कमी आउने स्थिति देखा पर्दछ।

अघि नै उल्लेख गरियो कि गजल व्यक्तिवादी काव्यको एउटा स्वरूप पनि हो। त्यसैले हरेक गजलमा गजलकारको भावना अभिव्यक्त गर्ने शैली, प्रस्तुत गर्ने तौर तरीका र प्रभावोत्पादन गर्ने कला फरक फरक हुन्छ। यसलाई 'अन्दाजेबयाँ' भन्दछन्। अभिव्यक्ति कौशलको वैशिष्ट्य, प्रस्तुति कौशलको उच्चता नै 'अन्दाजेवयाँ' हो र गजल संरचनामा अन्दाजेवयाँको पनि महत्वपूर्ण स्थान छ।

गजलको रचना निश्चित संरचनाहरूका आधारमा हुन्छ। यसको रचना निश्चित नियम र परिधिहरूका अधीनमा हुन्छ। उर्दू भाषा साहित्यमा लगभग पचास प्रकारका छन्दहरू प्रयोग भएका छन्; जसमध्ये उन्नाइस महत्वपूर्ण र प्रचलित छन्दहरू गजलको रचनामा प्रयुक्त हुन्छन्। यी छन्दहरूलाई 'बहर' भनिन्छ। यी वहरहरू स्थायी छन्दहरू हुन्। यिनै वहरहरूका अधीनमा गजलको निर्माण भएको हुन्छ। यी बहरहरू यस प्रकार छन्; १. फायालातुन फायलातुन फायलुन २. फाइलुन मफाइलुन फाइलुन मफाइलुन ३. मफाइलुन मफाइलुन फउलुन ४. मफउल मफाइन मफाइल मफाइल ५. फायलातुन मुफालुन फेलुन ६. मफउल मफाइलुन मफउल मफाइलुन ७. मफाइलुन मफाइलुन म [illegible]ल ८. फउलुन फउलुन फउलुन ९. फायलातुन फायलातुन फायलात १०. म[illegible] फायलात मफाइल फायलुन ११. फउलफेलुन फउलफेलुन फउलफेलुन फउलफेलु[illegible] १२ मफउल मफायलुन मफाइल १३.मुतफायलुन मुतफायलुन मुतफायलुन मुतफायलुन १४. फायलातुन फायलातुन फायलुन १५. फयलुन फउलन फउलन फउल १६. मफउल फायलातुन मफउल फायलातुन १७. मफाइलुन मफाइलुन मफाईलुन मफाईलुन १८ मफायलुन मफायलुन मफायलुन मफायलुन १९. मफउल मफायलुन मफउल फउलुन मफउल फउलुन।

तर उल्लेखनीय कुरा के छ भने गजलमा जब जब व्यापकता थपिंदै गयो, गजलमा जब जब आधुनिकता थपिंदै गयो, गजल वहरहरूका बन्धनबाट उन्मुक्त हुँदै गयो। उर्दू र हिन्दीका र नेपालीका समेत धेरै जसो गजलकारहरूले यी परम्परागत बहरहरूमा बाँधिएर गजल लेख्न छाडी सके।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गजलमा सामान्यतः ५ देखि ११ शेर रहन्छन् । दुई वटा पंक्तिको एउटा शेर हुन्छ । गजलको प्रत्येक पंक्तिलाई 'मिसरा' भनिन्छ । दुई वटा मिसरा मिलेर एक शेरको निर्माण हुन्छ । गजलमा एक मिसराले कुनै अर्थ र अस्तित्व राख्दैन । प्रथम पंक्तिलाई 'मिसरा–ए–उला' र दोस्रो पंक्तिलाई 'मिसरा–ए–सानी' भनिन्छ । 'मिसरा–ए–उला' र 'मिसरा–ए–सानी' मिलेर एउटा शेर बन्दछ । गजलको यिनै दुई पंक्तिलाई शेर भनिन्छ । गजलको प्रथम शेरको अन्त अनुप्रास–युक्त हुन्छ । यस्तो शेरलाई 'मत्ला' भनिन्छ । मत्लाको शाब्दिक अर्थ आरम्भ वा उदय हुन्छ । उर्दू गजलकारहरूले यसकारण पनि गजलको आरम्भ मत्लाबाट गरेको हुनु पर्छ ।

गजलमा एकभन्दा बढी मत्लाहरू पनि प्रयुक्त हुन सक्दछन् । यदि कुनै गजलमा एकभन्दा बढी मत्ला प्रयुक्त छ भने प्रथम मत्लायुक्त शेरलाई 'मत्ला–ए–उला' र त्यसपछि आउने मत्लालाई 'मत्ला–ए–सानी' भनिन्छ ।

अघि नै भनियो, सामान्यतया एउटा गजलमा पाँचदेखि एघार शेरसम्म रहने प्रचलन छ । तर यो पाँचदेखि एघार शेरमै गजल सीमित हुनु पर्छ भन्ने नियम कुनै बाध्यात्मक नियम होइन । कुनै कुनै गजलकारले तीन वा चार वटा शेरमा पनि गजललाई सीमित गरेका छन् भने एक्काइस र एक्तीस शेरका गजलहरू पनि लेखिएका छन् । तर प्रायः गजलहरूमा बिजोडी संख्यामा शेरहरू रहने गरेका छन् । यद्यपि आधुनिक पुस्ताका गजलकारहरूले यो नियमलाई पनि यदाकदा तोडेका छन् र जोर संख्यामा शेरहरू राखेर गजलको रचना पनि गरेका छन् ।

गजलको संरचनामा 'रदिफ' र 'काफिया' को पनि आफ्नोअलग्गै र महत्वपूर्ण स्थान छ । रदिफ र काफिया बिहीन गजलले अस्तित्व राख्न सक्दैन । गजलमा रदिफ र काफियाको सुसंगत मेल पनि आवश्यक छ । प्रत्येक दोस्रो मिसराको अन्तिम शब्दलाई 'रदिफ' भनिन्छ । 'रदिफ' काफियासँग जोडिएर आउँछ र अन्तसम्म यसको रूप उस्तै रहन्छ । 'रदिफ' सबै शेरको अन्तमा आउने गर्छ । 'रदिफ' एक वा एक भन्दा बढी शब्दको पनि हुन सक्छ ।

रदिफभन्दा पूर्ववर्ती भएर प्रयुक्त हुने शब्द'काफिया' हो । काफिया अनु-प्रासयुक्त हुने गर्छ । काफिया अनुप्रासयुक्त हुने हुनाले प्रत्येक शेरको दोस्रो पंक्ति सानुप्रासी हुन्छ, यसलाई 'हमकाफिया' पनि भन्ने चलन छ ।

रदिफ बिहीन गजल पनि लेखिएका छन् । तर काफिया बिहीन गजलले अस्तित्व पाउँदैन । काफियामा स्वरको साम्यतालाई पनि महत्व प्रदान गरिन्छ । स्वरमा एकरूपता नभएको काफियालाई त्रुटिपूर्ण मानिन्छ ।

तर आधुनिक पुस्ताका गजलकारहरूले काफियाको कठिनाइलाई पनि सरल र सुगम बनाउन केही लचिलोपन अपनाउन थालेका छन् र शब्दको नभई पछिल्ला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षरहरूका स्वरको साम्यतालाई राखेर पनि गजलको रचना गर्न थालेका छन् ।

गजलको अन्त्य 'मक्ता' द्वारा हुन्छ । मक्ताको शाब्दिक अर्थ पनि समाप्त हुनु वा काटिनु हो । गजलको अन्तिम शेर (मक्ता) मा गजलकार वा शायरले आफ्नो नाम वा उपनाम जोड्ने चलन पनि छ, यसलाई 'तखल्लुस' भनिन्छ । कुनै कुनै विद्वान्हरूले तखल्लुसयुक्त शेरलाई चाहिं 'मक्ता' भन्ने गरेको पनि पाइएको छ ।

तर आधुनिक गजलकारहरूमध्ये कतिले अन्तिम शेरमा नाम वा उप–नाम राख्ने बन्धनवाट मुक्त रहेर गजलको बीचका शेरहरूमा पनि राख्ने गरेको पाइएको छ भने कतिपय गजलकारहरूले 'तखल्लुस' विहीन गजलको पनि रचना गरेका छन् ।

गजल एउटा पद्यात्मक काव्य विधा भएकाले लयात्मकता, संगीतात्मकता र गेयता पनि यसका संरचनाका आधारभूत तत्वहरू हुन् । गजलको आविर्भाव भएदेखि नै यसको संगीतसँग ज्यादै निकट र घनिष्ठ सम्बन्ध रही आएको छ । मात्रात्मक एकरूपता, ध्वनिको समानता र गतिमयताले गजललाई विशिष्ट बना-उन मद्दत गर्दछन् । आजका पुस्ताका कतिपय गजलकारहरूका गजलमा लयात्म-कता र गेयताको अभाव देखिन थालेको छ । तथापि लयात्मकता विहीन गजल–लाई आज पनि असहज गजलका रूपमा लिने गरेको पाइन्छ ।

गजलमा प्रतीकको प्रयोगलाई पनि महत्वपूर्ण मानिन्छ । गजलमा प्रती-कको जति जीवन्त र कुशल प्रयोग गरिन्छ, गजल उत्ति नै जीवन्त र विशिष्ट वन्दछ । त्यसै गरी गजललाई प्रभावशाली र सशक्त वनाउन उपमाको प्रयोग पनि प्रचुर मात्रामा गरिंदै आएको छ ।

गजल संरचनामा ध्यान दिनु पर्ने कुराहरूमध्ये यसको कोमलता, शिष्टता र तरलता पनि प्रमुख हुन् । गजल जति कोमल भयो, उति मर्मस्पर्शी, हुने गर्छ । गजल जति शिष्ट भयो, उति विशिष्ट हुने गर्छ र गजल जति तरल भयो, उति सरल र सुललित वन्ने गर्छ ।

गजल, थोरै शव्दमा धेरै कुरा भन्ने विशिष्ट विधा भएकाले संक्षिप्तता पनि गजल संरचनाको एउटा महत्वपूर्ण तत्व हो । थोरै, शिष्ट र सुललित पद र पदावलीको प्रयोगले गजललाई उच्चकोटिको गजलका रूपमा प्रतिष्ठापित गर्दछन् ।

गजलमा प्रयुक्त हुने शव्द र शव्दावलीहरू केवल संक्षिप्त र शिष्ट भएर मात्र पुग्दैन, यी शव्दहरू बोलचालमा प्रयोग नहुने कठीन र दुर्वोध्य पनि हुनु हुँदैन । भावको सुगमता गजलको विशेषता हो र त्यसकानिम्ति सुगम, सुवोध्य, सुललित र सुपाच्य शव्द र शव्दावलीहरूको चयन हुनु पनि उत्तिकै आवश्यक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली गजलको विकासक्रम

फारसीबाट उर्दू भाषा साहित्यमा प्रवेश गरेको गजल विधा हिन्दी हुँदै नेपाली साहित्यसम्म आई पुगेको पनि लगभग एकसय दश वर्ष भइसकेको छ ।

त्यसो त गजल विधा नेपाली माटोमा उम्रिएको विधा होइन। हुन त हाइकू र मुक्तक जस्ता विधा पनि हाम्रो माटोमा जन्मेका होइनन्, तर ती विधालाई हामीले आत्मसात् गरी सक्यौं । तर गजल विधालाई झण्डै एक शताब्दीभन्दा बढी समयदेखि हामीले आत्मसात् मात्र गरेका छैनौं, यसलाई हामीले पचाइसकेका छौं, हाम्रो साहित्यको एउटा अभिन्न विधाका रूपमा प्रतिष्ठापित गरिसकेका छौं । गजल विधा आयातीत विधा भएको भए तापनि यसले नेपाली साहित्यमा महत्वपूर्ण स्थान ओगटी सकेका छ र एउटा लोकप्रिय विधाका रूपमा प्रतिष्ठापित भइसकेको छ ।

फारसको रङ्गीचङ्गी दुनियाँबाट शुरू भएको गजलको यात्रा हिन्दूस्तान आई पुग्दासम्म निकै परिपक्व र लोकप्रिय भइसकेको थियो । मुगल साम्राज्यको चहकमहक सँगसँगै चम्किन शुरू भएको गजलको यात्राले नेपाली साहित्यमा भने माध्यमिक कालमा प्रवेश गरेको थियो ।

नेपाली कविताको माध्यमिक कालको उत्तरार्द्धलाई श्रृंगार कालको रूपमा पनि मानिन्छ । श्रृंगारिक कालको शुरूवातसँगसँगै नेपाली साहित्यमा गजलको प्रवेश भएको मानिन्छ ।

नेपाली कविता साहित्यमा श्रृंगारिक युग (श्रृंगारकाल) वि. सं. १९४० बाट शुरू हुन्छ । वि. सं. १९४० मा युग प्रवर्तक कवि, गजलकार तथा नाटककारका रूपमा मोतीराम भट्टको उदय भएको थियो र त्यसैलाई आधार मानेर नेपाली गजलको प्रारम्भ विन्दूका रूपमा मोतीराम भट्टलाई मान्दा नेपाली गजलको इतिहास वि. सं. १९४० बाट शुरू हुन्छ । वि. सं. १९४० मा शुरू भएको नेपाली गजलले लगभग ११० वर्षको यात्रा पूरा गरिसकेको छ ।

एक शताब्दी भन्दा लामो गजल विधाको इतिहासलाई विभिन्न काल–खण्डहरूमा बाँडेर विश्लेषण गर्नु युक्तिसंगत हुन्छ । नेपाली गजलको समग्र इतिहासलाई कालक्रमिक विश्लेषण गर्ने काम लेखक तथा समालोचकहरूबाट ज्यादै कम भएको छ । लेखक तथा गजलकार ललिजन रावलले नेपाली गजलको विकासक्रमलाई प्राथमिककाल र पुनर्जागरण काल गरी दुई खण्डमा विभाजित गरी विश्लेषण गरेका छन् । नेपाली गजलको एक शताब्दी भन्दा लामो यात्रालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी दुई खण्डमा मात्र विभाजन गरेर विश्लेषण गर्दा समयको दृष्टिले पनि र लेखन विशेषता र विकासक्रमको दृष्टिले पनि युक्तिसंगत नदेखिएकाले नेपाली गजलको विकासक्रमलाई यहाँ तीनखण्डमा विभाजित गरी विश्लेषण गर्ने प्रयास गरिएको छ।

ती यस प्रकार छन्:-

१. प्राथमिक काल: वि. सं. १९४० देखि १९९२ सम्म।

२. माध्यमिक काल: वि. सं. १९९३ देखि २०३५ सम्म।

३. आधुनिक काल: वि. सं. २०३६ देखि हालसम्म।

(१) प्राथमिक काल (वि. सं. १९४०–१९९२)

यस कालको सीमा विस्तार वि. सं. १९४० देखि १९९२ सम्म हो। वि. सं. १९४० मा युग प्रवर्तक कवि, नाटककार, गजलकार तथा सम्पादकका रूपमा मोतीराम भट्टको उदय भएको हो। वि. सं. १९४० वाट नेपाली कविता साहित्यमा श्रृंगारिक कालको अभ्युदय भएको मानिन्छ। नेपाली कवितामा श्रृंगारिक युगको अभ्युदयसँगसँगै गजलको प्रवेश हुन्छ।

नेपाली साहित्यमा गजल विधाको प्रवेश उर्दू या फारसी अथवा हिन्दी-मध्ये कुन भाषावाट भयो भन्ने विवाद आफ्नो ठाउँमा छ। धेरै जसो लेखक तथा समालोचकहरू उर्दू बाट हिन्दी हुँदै नेपाली साहित्यमा गजल विधाको प्रवेश भएको हो भन्ने कुरामा सहमत छन्। तर केही लेखक तथा समालोचकहरू यदि मोतीराम भट्टवाटै नेपाली साहित्यमा गजल विधा प्रवेश भएको हो भन्ने कुरा सर्व स्वीकार्य छ भने यो विधा फारसी वा उर्दू बाट आएको होइन भन्न सकिदैन भन्ने पनि तर्क दिन्छन्। किनभने मोतीराम भट्टमा फारसी तथा उर्दू भाषाको पनि ज्ञान थियो भन्ने उनीहरूको तर्क छ। तथापि गजल विधालाई नेपाली साहित्यमा भित्र्याउने प्रथम युगपुरूष मोतीराम भट्ट नै हुन् भन्ने कुरामा चाहिं कसैको दुई मत छैन। गजललाई नेपाली साहित्यमा भित्र्याएर त्यसलाई हुर्काउनमा महत्वपूर्ण योगदान समेत गरेका र त्यस काललाई एक छत्र नेतृत्व गरेका हुनाले नेपाली गजलको प्राथमिक काललाई **मोतीराम युग** पनि भनेर मान्न सकिन्छ।

वि सं. १९२३, भाद्र कुशे औंसीका दिन काठमाडौंको भोंसिको टोलमा जन्मेका र काशीमा शिक्षा दीक्षा पाएका, संस्कृत, हिन्दी, उर्दू, फारसी र अंग्रेजी भाषाका ज्ञाता मोतीराम भट्टले नेपाली साहित्यको श्रृंगार काललाई मात्र होइन, गजलको प्रारम्भिक चरणलाई समेत नेतृत्व प्रदान गरेर गजल विधालाई हुर्काउन महत्वपूर्ण योगदान गरे।

नेपाली कविताको माध्यमिक कालका प्रमुख उपलब्धीहरूमध्ये गजल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधा पनि एक र उल्लेख्य हो भनेर भन्न सकिन्छ ।

नेपाली कविताको माध्यमिक काल (कसैं कसैले उत्तर मध्यकाल पनि भनेर उल्लेख गरेका छन् ।) का प्रमुख विशेषताहरूमध्ये श्रृंगारिकता पनि एक र महत्वपूर्ण विशेषता हो र गजल विधाले यस प्रवृत्तिलाई संरक्षण र प्रवर्द्धन गर्न मद्दत पुऱ्याएको थियो ।

माध्यमिक कालमा श्रृंगार प्रधान रचनाको प्रादुर्भाव हुनुमा त्यस बेलाको राजनैतिक स्थितिले पनि असर गरेको थियो । कोतको पटाङ्गिनीलाई रगतले भिजाएर जङ्गवहादुरले बसाएको जहानिया शासनको कठोरतम र क्रुरतम रूप यही समयमा देखिन थालेको थियो । राणाहरूले अंग्रेजहरूसँग मितेरी सम्बन्ध गाँसेपछिको त्यो अवस्थामा, वि. सं १८७१ देखि परम शत्रुका रूपमा रहेका अंग्रेज हरू परम मित्रका रूपमा मान्नु परेको त्यो अवस्थामा, धेरै समयदेखि आत्मरक्षा र लडभीडको आरोह अवरोह भोगिरहेको नेपाली समाजको मानसिकताले आमोद, प्रमोद र आनन्दका रागहरूको खोजी गर्नु स्वाभाविक थियो । झन् भोग विलास र वासनात्मक आमोद प्रमोदको लीला गर्न खप्पीस तत्कालीन राणाहरूको दरवारभित्रको रङ्गीन र तिलस्मी संस्कृति र संस्कारले पनि श्रृंगार प्रधान मानसिकतालाई अधि बढाएको थियो । यसरी यही परिस्थितिमा नेपाली दरवारहरूमा उर्दू गजल र नाटवहरूले प्रवेश गरेका थिए र त्यसको विस्तारो विस्तारो प्रभाव नेपाली समाज र नेपाली साहित्यमा पनि परेको थियो । यसरी गजल विधाले दरवारदेखि झुपडीसम्म प्राथमिक कालमै प्रवेश पाएको थियो ।

मोतीराम भट्ट र उनका समकालीन कविहरूले, उनका सम–कालीन दौतरीहरूले गजल विधाको उत्थानमा आफूलाई समर्पित गरेका थिए । त्यस कालमा श्रृंगारिक भावका अतिरिक्त भक्तिभाव दर्शाउने गजलहरू पनि रचिएका छन् । स्वयं मोतीराम भट्टले पनि भक्ति भाव दर्शाउने गजलहरूका रचना गरेका छन् । मोतीरामले वार्णिक छन्दमा समेत गजलको रचना गरेका छन् ।

प्राथमिक कालीन नेपाली गजलहरूको प्रकाशनको इतिहासको रूपमा वि. सं, १९६९ मा प्रकाशित 'संगीत चन्द्रोदय' लाई लिन सकिन्छ । यसमा मोतीराम भट्ट लगायत नरदेव पाण्डे 'सुधा', लक्ष्मीदत्त पन्त 'इन्दु,' गोपीनाथ लोहनी 'नाथ,' रत्नलाल 'रत्न,' अजद हुसेन 'अन्जान' र 'गजब' का गजलहरू संकलित छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोतीराम र उनका समकालीन गजलकारहरूमा केही दोषहरू पनि पाइन्छन् । गजलको संरचनाकानिम्ति अत्यावश्यक काफियाको प्रयोगमा सावधान हुन नसक्नु यस कालका गजलकारहरूको कमजोरी भन्नु पर्छ । तर गजल विधाको आधारशिला खडा गर्ने काममा जुटेका प्राथमिक कालीन गजल–कारहरूमा देखिएका यी दोषहरू स्वाभाविक र क्षम्य लाग्दछन् ।

मोतीराम भट्ट पछि श्रृंगारिक कविताका क्षेत्रमा पनि सशक्त भएर देखा पर्ने कवि शम्भुप्रसाद ढुंगेलले पनि प्राथमिक कालमा गजल विधालाई हुर्काउनमा महत्वपूर्ण योगदान गरेका छन् । तुरुन्त काव्य रचना गर्न सक्ने आफ्नो प्रतिभा र सामर्थ्यका कारण तत्कालीन शासक श्री ३ चन्द्र शमशेरबाट आशुकविको उपाधि पाउन सफल शम्भु प्रसादले श्रृंगारिक गजलहरू प्रशस्त लेखेका छन् । श्रृंगारिक गजलका अतिरिक्त भक्तिप्रधान गजलहरू पनि ढुंगेलले लेखेका छन् । शम्भुप्रसाद ढुंगेलले दार्जीलिङ्गमा रहेका पारसमणि प्रधानलाई गजल लेख्ने तरीकाबारे प्रकाश पार्दै यस्तो पत्र समेत लेखेका थिए, ''यहाँबाट नमूनालाई पठाइ बक्सेको गजल श्लोकहरू देखें, देखेको कुरा मित्रलाई सम्झाउनु पर्दछ । अब उप्रान्त मित्रबाट चक्रबन्ध इत्यादि बनाउनमा व्यर्थ परिश्रम नगरी बक्सिएला; यसले कौनै कुराको पनि फायदा छैन । मैले अनाहकमा परिश्रम गरी बाह्र पन्ध्र सय बन्धहरू बनाएँ। तर सब बेफायदा भए। यस उसले सादा श्लोकैमा ज्यादा मगज दौडाइ बक्सिएला। गजल बहुतै असल छन् । तर पाउका अन्त्यमा ह्रस्व प्रयोग भएको छ । अब उप्रान्त गजल बनाउँदा पदान्तमा दीर्घ ई, आ, ऊ इत्यादि पारी बक्सिएला। गजल बनाउने काइदा त कहीं पाइँदैन, तर लहरी प्रेस, बनारसमा 'चमनिस्ताने' चार भाग भएको गजलको किताब पाइन्छ । एकबाजी त्यो मनन गर्नु भयो भने काइदा असल बन्नेछ ।''

यस चिठ्ठीबाट चार वटा कुरा देखिन्छ, पहिलो त के भने शम्भु प्रसाद ढुंगेलले अधिक संख्यामा गजलहरू लेखेका थिए । दोस्रो, ढुंगेल आफू गजल मात्र लेख्दैन थिए, गजलका बारेमा सैद्धान्तिक ज्ञान पनि राख्दथे र तेस्रो कुरा, ढुंगेल आफ्ना सहकर्मी र समकालीनहरूलाई लेख्ने प्रेरणा र लेखनमा सल्लाह, सुझाव र सहयोग समेत दिन्थे । र चौथो र अन्तिम कुरा, त्यस समय कविका रूपमा चर्चित पारसमणि प्रधानले पनि गजल लेखेका थिए र उच्च स्तरीय र परिस्कृत गजल लेखन शम्भु प्रसाद ढुंगेलको सहयोग र सुझावको अपेक्षा गरेका थिए । यसरी नेपाली गजलको या. लाई अधि बढाउन शम्भुप्रसाद ढुंगेलले गहकिलो भूमिका निर्वाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका छन् । प्राथमिक कालीन नेपाली गजलको जगलाई मजबूत गर्न पारसमणि प्रधानबाट भएको योगदानलाई पनि बिर्सन मिल्दैन ।

यसैँगरी नेपाली गजलको प्रारम्भिक यात्रालाई अधि वढाउन मोती–रामका समकालीन गजलकारहरू नरदेव पाण्डे 'सुधा', लक्ष्मीदत्त पन्त 'इन्दु', गोपीनाथ लोहनी 'नाथ', मियाँ अजद हुसेन 'अन्जान' र 'गजव' जस्ता गजल–कारहरूको ऐतिहासिक योगदान रहेको छ ।

(२) माध्यमिक काल (वि. सं. १९९३–२०३५)

यस कालको सीमा विस्तार वि. सं. १९९३ देखि २०३५ सम्म हो। वि. सं. १९९३ मा भीमनिधि तिवारीको 'बयासी र बीस गजल मेरी' नामक गजल संग्रह प्रकाशित भएपछि नेपाली गजलको माध्यमिक काल शुरू हुन्छ। माध्यमिक कालीन नेपाली गजलकारहरूमा भीमनिधि तिवारी, उपेन्द्र वहादुर 'जिगर' र म. वी. वि. शाह प्रमुख अनुहारका रूपमा आउँछन्।

वि. सं. १९६८ को फागुन मसान्तमा काठमाडौंको डिल्लीबजारमा जन्मेका भीमनिधि तिवारी नेपाली साहित्यका सबै विधामा कलम चलाउने साहित्यकारका रूपमा पनि चिनिन्छन् । कविता, कथा, निवन्ध, उपन्यास र गजल, सबै विधामा कलम चलाउने तिवारीले नेपाली गजलको माध्यमिक चरण-लाई नेतृत्व प्रदान गरेका थिए । भीमनिधि तिवारीले यस कालखण्डको नेतृत्व गरेका हुनाले माध्यमिक काललाई **भीमनिधि युग** पनि भनेर भन्न सकिन्छ ।

भीमनिधि तिवारीमा गजल संरचनाको सैद्धान्तिक ज्ञान थियो । गजल संरचना विधिवारे तिवारीले उल्लेख गर्दै भनेका छन्, "गजलमा विजोर पंक्ति नरहुन् । पद लालित्यमा विशेष ध्यान दिनु पर्छ । भाषामा नचलेका संस्कृत शब्दहरू प्रयोग गर्नु हुँदैन । विचार ज्यादा गहिरो होइन, सरल र अति मार्मिक हुनुपर्छ । भरसक ८, १०, १२, १६, २०, २४, ३०, ३२, ४०, ४८ र ५० हरफ हुनु आवश्यक छ । यस देखि वाहेक गजल यस्तो हुनुपर्छ भन्ने विषयमा कैयौं कुराहरू छन् । तर ती म लेखनीबाट व्यक्त गर्न सक्दिन, केवल हृदयले मात्र थाहा पाउँछ ।"

भीमनिधि तिवारीले आठ नौं वर्षको उमेर देखि नै गजल रचना शुरू गरेका थिए । वि. सं. १९९० माघ २ गतेको महा भूकम्पमा अन्दाजी पचास साठी गजलहरू संकलित पाण्डुलिपि बेपत्ता नभएको भए 'बयासी र बीस गजल मेरी' अघि नै उनको गजल संग्रह प्रकाशित हुन सक्दथ्यो । वि. सं. १९९३ मा १०२ गजलहरू संग्रहित भएको तिवारीको 'बयासी र बीस गजल मेरी' नामक गजल संग्रह प्रकाशित भएको पाइन्छ । 'बयासी र बीस गजल मेरी' मा तिवारीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गजल संरचनाका सम्बन्धमा समेत केही कुरा उल्लेख गरी दिएर समकालीन गजलकारहरूलाई समेत सजिलो पारिदिएका थिए ।

तिवारीले आफ्ना पूर्ववर्ती गजलकारहरूलाई नै पछ्याएका छन् । विशेष गरी मोतीराम भट्टको पदचिन्हको अनुशरण गजलकार तिवारीले गरेका छन् । तिवारीले पनि मोतीरामको झैं प्रणयको सुकुमार वर्णन गजलमा गरेका छन् एकातिर भने अर्कोतिर भक्तिभावका विषयवस्तुलाई पनि गजलमा समावेश गरेका छन् । तिवारीले उर्दू र हिन्दीका शब्दहरूलाई पनि आफ्ना गजलहरूमा प्रशस्त प्रयोग गरेका छन् । तथापि तिवारीका गजलमा नेपालीपनको झलक पनि प्रचुर मात्रामा भएको कुरालाई इन्कार गर्न मिल्दैन । थुप्रो संख्यामा गजल रचना गरेर भीमनिधि तिवारीले शिथिल हुन लागेको नेपाली गजलको जीवनलाई नयाँ गति प्रदान गर्ने काम गरे ।

भीमनिधि तिवारीपछि माध्यमिक कालका अर्का चम्किला र प्रतिभाशाली गजलकार हुन् उपेन्द्र वहादुर 'जिगर'। वि सं. १९९६, श्रावणमा जिगरको गजल संग्रह 'एक सय एक गजल' प्रकाशित भयो । जिगरका गजलहरू तिवारीका गजलका तुलनामा अपेक्षाकृत मौलिक, सन्तुलित र प्रभावशाली लाग्दछन् । गजलका संरचनागत मान्यताहरूलाई जिगरले राम्ररी निर्वाह गरेका छन् । कतिपय गजलहरूमा संरचनागत कमजोरी फेला परे पनि जिगरका अधिकांश गजलहरूमा आधुनिकतातर्फ उन्मुख हुने गति र दिशा देखिन्छ ।

तिवारी र जिगर पछि माध्यमिक कालमा देखा परेका गजलकारहरूमा म. वी. वि. शाह पनि एक र प्रमुख हुन् । म वी. वि. शाहका गजलहरू उनका दुई कृतिहरू 'उसैकालागि' र 'फेरि उसैकालागि' मा संग्रहित छन् । शाहका गजलहरूमा गेयता र लयात्मकताको प्रवाह छ। नेपाली गीतिकविताका फाँटमा स्थापित शाहका गजलहरू गाइएका पनि छन् । तर यिनका गजलहरूमा गजलका संरचनात्मक विधानप्रति ध्यान पुऱ्याएको पाइँदैन भने नेपालीपनको अभाव पनि टड्कारो रूपमा देखिन्छ। तथापि शाहका गजलहरूले माध्यमिक कालको नेपाली गजललाई आधुनिकतातर्फ डोऱ्याउन मद्दत पुऱ्याएको देखिन्छ ।

समालोचक रमा शर्माका अनुसार माध्यमिक कालमा यदाकदा गजल लेख्नेहरूमा पहलमानसिंह स्वाँर र गुरु प्रसाद मैनाली पनि उल्लेख्य छन् । समालोचक घटराज भट्टराईले कवि शिरोमणि लेखनाथ पौड्याल, बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाहरूले आफ्ना काव्य तथा नाट्य कृतिहरूमा गजल भनेर प्रष्टसँग नकिटीकनै परोक्ष रूपमा गजलको प्रयोग गरेको कुरा उल्लेख गरेका छन् । समालोचक भट्टराईले माध्यमिक कालमा ठुमरी, भैरवी, दोहा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुल्तानी, कवाली, दादरा, विहाग आदिका रूपमा गजलको प्रयोग र लोकप्रिय स्थान भएको कुरा वताएका छन्।

माध्यमिक कालीन नेपाली गजल आधुनिकतातर्फ उन्मुख रहेको पाइन्छ। माध्यमिक कालीन नेपाली गजलले आधुनिकतातर्फ संक्रमण गर्न खोजेको देखिन्छ। यस कालको नेपाली गजलले श्रृंगार प्रधान आफ्नो पूर्ववर्ती छापलाई पनि छोड्न सकेको पाइँदैन भने अर्कोतिर आधुनिक गजल संरचना र उर्दू साहित्यमा द्रुतगतिमा विकास भइरहेको शैली र प्रतीकहरूको प्रयोग गर्ने लोभलाई समेत छोड्न सकेको पाइँदैन।

तिवारी र जिगर, जुन उत्साहसाथ यस कालखण्डमा गजल रचनातर्फ प्रवृत्त भए, त्यो उत्साह र जाँगर माध्यमिक कालका पछिल्ला समयहरूमा उनीहरूमा पनि रहन सकेन र अन्य समकालीन गजलकारहरू पनि टड्कारो रूपमा देखा पर्न सकेनन् र त्यसै कारण नेपाली गजल झण्डै चार दशकसम्म मौन र तन्द्रामा रह्यो।

वि. सं. २०३६ माघमा रूपरेखा साहित्यिक मासिकमा एउटा आधुनिक गजल प्रकाशित गरेर ज्ञानुवाकर पौडेलले नेपाली गजलको चार दशक लामो मौनता तोडेर आधुनिक कालको शुभारम्भ गरे।

(३) आधुनिक काल (वि०सं० २०३६– हालसम्म)

यस कालको सीमा वि. सं २०३६ वाट प्रारम्भ हुन्छ। वि. सं. २०३६ माघमा रूपरेखा साहित्यिक मासिकमा ज्ञानुवाकर पौडेलको एउटा आधुनिक गजल प्रकाशित भएपछि नेपाली गजलमा आधुनिक काल शुरू भएको मानेर आधुनिक कालको उठानविन्दू वि. सं. २०३६ सांल लाई मानिएको हो।

झण्डै चार दशक लामो थकान र मौनतालाई व्युँझाउन र व्युँझिएको नेपाली गजलको यात्रालाई ज्ञानुवाकर पौडेलले नेतृत्व दिए र दिइरहेका छन्; त्यसैले नेपाली गजलको आधुनिक काललाई **ज्ञानुवाकर युग** भनेर पनि उल्लेख गर्न सकिन्छ।

लगभग चालीस वर्षको गजल विधाको मौनताबीच नेपाली कविता विधा भने धेरै अगाडि बढी सकेको थियो। तर यसवीच नेपाली गजल भने तिवारी र जिगरले टेकेको विन्दूवाट एक डेग पनि अगाडि वढ्न सकेको थिएन। वि. सं. २०३६ बाट नेपाली गजलको मौनता भङ्ग हुन्छ र गजल विधाको पुनारम्भका साथसाथै आधुनिकताको शुभारम्भ हुन्छ। त्यसो त नेपाली कविता विधामा पनि सम्वत् २०३६ वाट नयाँ मोड आएको कुरामा लेखक तथा समा–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोचकहरू एक मत छन् । गजलकार ललिजन रावलले आधुनिक काललाई पुनर्जागरण काल भनी नामाङ्कित गरी त्यसको उठान विन्दू वि. सं. २०४० लाई मानेका छन् । तर यस काललाई पुनर्जागरण काल मान्ने हो भने नेपाली गजलको आधुनिक काल केलाई मान्ने भन्ने प्रश्नचिन्ह पनि उत्तिकै टड्कारो रूपमा उठ्दछ । आधुनिक काल, जुन मितिबाट तिवारी र जिगरपछिको गजलको मौनता तोडियो, अर्थात् वि. सं २०३६ देखि नै शुरू भएको मान्नु इतिहास-संगत र युक्तिसंगत पनि ठहर्छ ।

तीसको दशकको उत्तरार्द्ध र चालीसको दशकको अन्त्य बीचमा उदाएका गजलकारहरूलाई आधुनिक नेपाली गजलकारका रूपमा उल्लेख गर्न सकिन्छ र यस कालखण्डमा रचित र प्रकाशित नेपाली गजलहरूलाई आधुनिक नेपाली गजल मान्नु पर्दछ ।

आधुनिक नेपाली गजलकारको पुस्तालाई पनि दुई कालखण्डमा विभाजित गर्न सकिन्छ । अर्थात् आधुनिक नेपाली गजल दुई पुस्ताको सम्मिश्रण बाट बनेको छ । एउटा पुस्ता, तीसको दशकको उत्तरार्द्ध अर्थात् छत्तीसको वर्षबाट शुरू भएर आज पनि लेखिरहेको छ भने एउटा पुस्ता चालीसको दशकको उत्तरार्द्ध अर्थात् छयालिसको वर्षबाट शुरू भएको छ । आधुनिक काललाई पनि यसरी पूर्वार्द्ध र उत्तरार्द्ध खण्डमा विकसित पुस्ताका रूपमा हेर्न सकिन्छ । तर आधुनिक नेपाली गजललाई पूर्ववर्ती गजलकारहरूले नै नेतृत्व दिइरहेका छन् । छत्तीसको दशकबाट नेपाली कवितामा शुरू भएको मोडसँगै नेपाली गजलको पनि पुनारम्भ र पुनरूत्थान शुरू हुन्छ । यसलाई केही समालोचकहरूले नेपाली गजल विधाको पुनर्जागरण पनि भन्ने गरेको पाइन्छ ।

आधुनिक कालको पूर्वार्द्धमा देखा परेका गजलकारहरूमा अमृतलाल श्रेष्ठ, अविनाश श्रेष्ठ, इन्द्र कुमार श्रेष्ठ'सरित्', कृष्णहरि बराल, केशव आचार्य, खगेन्द्रप्रसाद बस्याल, खुश्बूराज शाही, गुलाव खेतान, गोविन्द गिरी प्रेरणा, घनश्याम न्यौपाने 'परिश्रमी', जैनेन्द्र जीवन, तीर्थ श्रेष्ठ, दिव्य गिरी, दुबसु क्षेत्री, धर्मोगत शर्मा 'तूफान', ध्रुवचन्द्र गौतम, ध्रुव मधिकर्मी, धीरेन्द्र मल्ल, नरेन्द्रराज प्रसाई, प्रकट पगेनी 'शिव', प्रमोद प्रधान, पूर्ण रंजितकार, पुष्कर माथेमा, बूँद राना, मनु ब्राजाकी, मुन पौडेल, रवि प्राञ्जल, ललिजन रावल, लव गाउँले, विजय वजिमय, वियोगी बुढाथोकी, विवश पोखरेल, हरि अधिकारी र ज्ञानुवाकर पौडेल प्रमुख छन् भने आधुनिक कालको उत्तरार्द्धमा देखापरेका गजलकारहरूमा अर्जुन सापकोटा, कृपु क्षेत्री, केशव प्रधान, चक्रव्यूह क्षेत्री,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धीरेन्द्र प्रेमर्षि, पुष्पहरि क्याम्पा राई, बलराम बञ्जारा, भरत भारद्वाज, युवराज नयाँघरे, रत्न प्रजापति, रमेश पौडेल, रमेश क्षितिज, राजेश्वर रेग्मी, राम अविराम, वसन्त प्रकाश उपाध्याय, विप्लव ढकाल र सानुराजा श्रेष्ठ 'अन्जान' प्रमुख छन् ।

समसामयिक नेपाली गजल

आधुनिक कालको नेपाली गजललाई यहाँ समसामयिक नेपाली गजल भनेर सम्बोधित गरिएको छ । आजको समसामयिक पुस्ताले आधुनिक नेपाली गजलको प्रतिनिधित्व र नेतृत्व गरिरहेकाले नेपाली गजलको आधुनिक काल–खण्डलाई नै समसामयिक नेपाली गजल भनेर सम्बोधन गरिएको हो । अघि नै उल्लेख गरिसकिएको छ कि समसामयिक नेपाली गजलकारहरूको पुस्तालाई दुई कालखण्डमा विभाजित गर्न सकिन्छ । एउटा पुस्ता छत्तीसको दशकबाट शुरू भएर आज पनि लेखिरहेको छ भने एउटा छयालिसको दशकबाट शुरू भएको छ । आधुनिक काललाई यसरी पूर्वार्द्ध र उत्तरार्द्ध खण्डमा विकसित पुस्ताका रूपमा पनि हेर्न सकिन्छ । आधुनिक कालको यही उत्तरार्द्ध खण्डका गजलकारहरू परिपक्व भएपछि नेपाली गजलको आधुनिकोत्तर (अत्याधुनिक) कालको प्रतिनिधित्व गर्नेछन् भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । तर अहिले, समसामयिक नेपाली गजललाई आधुनिक कालको पूर्वार्द्धमा देखापरेका गजलकारहरूले नै नेतृत्व दिइरहेका छन् र यो नेतृत्वदायी पंक्तिको अग्रभागमा गजलकार ज्ञानुवाकर पौडेल छन् ।

छत्तीसको दशकबाट नेपाली कवितामा शुरू भएको नवीन मोडसँगै नेपाली गजलको पनि पुनारम्भ र पुनरुत्थान शुरू हुन्छ । यसलाई केही समालोचकहरूले नेपाली गजल विधाको पुनर्जागरण पनि भन्ने गरेको पाइन्छ । यही पुनर्जागरणकालीन र त्यसको उत्तरवर्ती नेपाली गजल गरी दुई पुस्ताको सम्मिश्रणबाट समसामयिक नेपाली गजलको प्रारूप तयार हुन्छ र त्यो स्वरूप नै आधुनिक नेपाली गजल हो ।

समसामयिक नेपाली गजलले आधुनिक कालका पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई पुस्ताको प्रतिनिधित्व गर्ने हुनाले यसमा दुवै पुस्ताका गजलकारहरूका विशेषता पनि समाहित भएका पाइन्छन्; यो स्वाभाविक पनि हो । समसामयिक नेपाली गजलकारहरूका आ-आफ्नै छुट्टै विशेषताहरू पनि छन् । तर ती सबै गजलकारहरूका विशेषताहरूमा केही साम्यता, समानता र एकरुपता पनि पाइन्छन् । यहाँ संक्षेपमा समसामयिक नेपाली गजलका विशेषताहरूको चर्चा गरिन्छ:

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समसामयिक नेपाली गजलले गजलमा विषयगत नवीनताको शंखघोष गरेको छ । आजको नेपाली गजलले केवल प्रेमलाई वा प्रेयसीसँगको मधुर वार्तालापलाई वा प्रेमिकालाई गरिएको मृदु संबोधनलाई मात्र आफ्नो विषय बनाएको छैन । अपितु, राष्ट्रिय समस्याहरू, जनजीवनका समस्याहरू, शहरीकरण र बेरोजगारीका समस्याहरू, प्रजातन्त्र र मानव अधिकार र स्वाधीनताका लडाइँहरू र अन्यायका विरुद्ध आवाज उठाउने विषयहरूमा समेत संकेन्द्रित भएर आजका नेपाली गजलहरू लेखिएका छन् ।

समसामयिक नेपाली गजलले शैलीगत विविधतालाई आत्मसात् गरेको छ । यो पुस्ताले हिजो आजका उर्दू र हिन्दी शायर र गजलकारहरूले झैं अघिल्लो पुस्तामा देखिएको गजलको संरचनागत सूत्रबद्ध मान्यताहरूलाई उल्लंघन पनि गरेको छ । तर केही गजलकारहरूले गजलका सीमा, सूत्र र संरचना–लाई केही हदसम्म पालन गरेका पनि छन् । उर्दूका प्रख्यात गजलकारहरू फैज अहमद फैज, सरदार जाफरी इकबाल र साहिद र हिन्दीका प्रख्यात गजलकार दुष्यन्त कुमारले झैं आधुनिक पुस्ताका नेपाली गजलकारहरूले पनि गजललाई एउटा सामाजिक सरोकारको विषय बनाएका छन् ।

समसामयिक नेपाली गजलमा राजनीतिक छायाँहरू र विचार वा वादका आग्रहहरू पनि यदाकदा देखिएका छन् । स्वतन्त्रताप्रति प्रतिबद्ध गजलहरू पनि देखिएका छन् भने प्रगतिवादी धारा पनि गजलमा सशक्त देखिएको छ ।

समसामयिक नेपाली गजलकारहरूले पनि आजका हिन्दी र उर्दूका गजलकारहरूले झैं गजलका परम्परागत मूल्य र मान्यताहरूलाई क्रमशः तोड्दै आएका छन् ।

समसामयिक नेपाली गजलमा राष्ट्रप्रेमको छनक पनि पाइएको छ एकातिर भने समसामयिक नेपाली गजलमा प्रकृतिप्रेम पनि यदाकदा प्रकट भएको छ ।

परम्परागत गजलका मान्यता अनुसार प्रेयसीसँगको मृदु वार्तालापकै अनुशरण नभए पनि नेपाली गजलमा प्रेयसीलाई पटक पटक संबोधन गरिएको पाइन्छ र शिष्ट प्रेमलाई अभिव्यक्त गर्ने विशिष्ट विधाका रूपमा गजललाई अद्यापि स्वीकार गरिँदै आएको छ ।

समसामयिक नेपाली गजलमा आज पनि उर्दू र हिन्दीको रमरम छाप र प्रभाव पाइन्छ । मोतीराम भट्टदेखि भीमनिधि तिवारी हुँदै आएको नेपाली गजलको परम्परा आज पनि उर्दू र हिन्दीको छायाँबाट मुक्त हुन भने सकेको छैन । तर पनि केही नेपाली गजलकारहरू नितान्त नेपाली शैलीमा र नेपाली विषय-वस्तुमा आधारित गजल हुन सक्छ र हुनुपर्छ भनेर लागिपरेका छन् ।

समसामयिक नेपाली गजलमा गेयता, लयात्मकता र संगीतात्मकता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कमजोर हुँदै गएको पाइन्छ र गद्यात्मकता र कठोरता बढ्दै गएको पाइन्छ।

समसामयिक नेपाली गजलकारहरूमा अन्तर्राष्ट्रियवादिता ज्यादै कम देखिएको छ। प्रगतिवादी स्वर भएका केही गजलकारहरूमा अन्तर्राष्ट्रवादको केही छनक पाइन्छ, तर तिनमा पनि राष्ट्रवादी स्वर नै गाढा छ।

समसामयिक नेपाली गजलमा नारी गजलकारहरूको उपस्थिति शून्य प्रायः छ। जम्मा चारजना नारी साहित्यकारहरू गजल लेखनमा प्रवेश गरेको देखिएको छ। तिनीहरूमा सुश्री पद्मा अर्याल, सुश्री रेखादेवी श्रेष्ठ, सुश्री लक्ष्मी क्षेत्री र सुश्री यमुना राय छन्। तर यिनीहरूको गजल प्रकाशनमा देखिएको न्यूनता र प्रकाशित गजलमा देखिने सिकारूपनका कारण प्रतिनिधि संकलनहरूमा समावेश गरिएको पाइँदैन। तिनीहरूका पर्याप्त मात्रामा गजल प्रकाशित भएर एउटा मानक तयार नभइन्जेल प्रतिनिधित्व गराउने स्थिति पनि देखा पर्दैन। यद्यपि नेपाली गजलमा नारी साहित्यकार–हरूको प्रवेशलाई सुखद र स्वागतयोग्य मान्नु पर्दछ।

समसामयिक नेपाली गजलकारहरू गजल विधामै मात्र संकेन्द्रित हुन सकेका छैनन् र ज्यादै थोरै गजलकारहरू गजल लेखनमा मात्र केन्द्रित भएर लागेका छन्।

समसामयिक नेपाली गजलकारहरूका प्रतिनिधि संकलनहरू ज्यादै कम मात्र प्रकाशित भएका छन्। फुटकर पत्रपत्रिकामा मात्र धेरैजसो गजल–कारका गजलहरू प्रकाशित छन्।

धर्मगत शर्मा 'तूफान' (२०४२ र २०४६), ललिजन रावल (२०४२), रवि प्राञ्जल (२०४८), खगेन्द्रप्रसाद बस्याल (२०४६), र ज्ञानु–वाकर पौडेल (२०४६) का मात्र प्रतिनिधि संकलनहरू प्रकाशित भएका छन्।

गजल विधाका समसामयिक रचनाहरूलाई मात्र प्रकाशन गर्ने कुनै साहित्यिक पत्रिका आजसम्म प्रकाशित भएको छैन। **'वसुन्धरा'** साहित्यिक द्वैमासिकले २०४६ मंसीरमा पहिलो पटक गजल विशेषांक प्रकाशित गरेको छ।

अघि नै उल्लेख भइसकेको छ कि नेपाली गजलमा राजनीतिक छायाँ–हरू, वाद वा विचारका आग्रहहरू पनि देखिएका छन्। आफ्ना राजनीतिक आदर्शहरूलाई प्रत्यक्ष र परोक्ष दुवै किसिमले गजलकारहरूले अभिव्यक्त गरेका छन्। केही गजलकारहरूले प्रष्ट रूपमा आफ्ना विचारका आग्रहहरूलाई अभि–व्यक्त गरेका छन् भने केही गजलकारहरूले आफ्ना विचारका आग्रहलाई अप्र–त्यक्ष रूपमा अभिव्यक्त गरेका छन्।

समसामयिक नेपाली गजलमा दुई किसिमका राजनीतिक स्वरहरू देखिएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. प्रजातन्त्रवादी स्वर र २. प्रगतिवादी स्वर । स्वतन्त्रता, मानवता र प्रजातन्त्रका हिमायती गजलकारहरूले आफ्ना स्वर र विचारहरूलाई गजलमा पनि अभि-व्यक्ति दिएका छन् । यस किसिमका गजलकारहरूका अभिव्यक्तिमा ठाडोपन वा नारा वा प्रत्यक्ष अभिव्यक्ति भने पाइँदैन तर परोक्ष रूपमा यी गजलकारहरू आफ्ना विचारहरूप्रति दृढ र अडिग अभिव्यक्ति प्रदान गर्दछन् । प्रजातन्त्रवादी स्वर लिएर अभिव्यक्ति दिने गजलकारहरूमा कुसु क्षेत्री, केशव प्रधान, चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, तीर्थ श्रेष्ठ, दुवसु क्षेत्री, ध्रुवचन्द्र गौतम, ध्रुव मधिकर्मी, प्रकट पगेनी 'शिव', प्रमोद प्रधान, भरत भारद्वाज, युवराज नयाँघरे, विजय वजिमय, वियोगी बुढाथोकी, हरि अधिकारी र ज्ञानुवाकर पौडेल प्रमुख छन् ।

प्रगतिवादी स्वरका गजलकारहरूले प्रगतिवादिता, क्रान्ति, किसान, मजदूर, सर्वहारा वर्गका पक्षमा र परिवर्तनका पक्षमा आफ्ना साम्यवादी धारणाहरूलाई प्रकट गर्ने माध्यमका रूपमा साहित्यका अन्य विधाहरू जस्तै गजललाई पनि माध्यम बनाएका छन् ।

प्रगतिवादी स्वर लिएर अभिव्यक्ति दिने गजलकारहरूमध्ये धेरैले गजललाई आफ्नो विचार वा वादको आग्रहलाई ठाडो वा नाराका रूपमा पनि प्रयोग गरेका छन् । थोरै मात्र प्रगतिवादी गजलकारहरूले आफ्नो विचार वा वादको आग्रहलाई अप्रत्यक्ष र सूक्ष्म रूपमा अभिव्यक्ति दिएका छन् ।

प्रगतिवादी स्वर लिएर प्रकट हुने गजलकारहरूमा घनश्याम न्यौपाने 'परिश्रमी', धर्मराज शर्मा 'तूफान', बूँदराना, रवि प्राञ्जल, मनु ब्राजाकी, ललिजन रावल र विप्लव ढकाल आदि प्रमुख छन् ।

नेपाली गजलमा राष्ट्रप्रेम र अन्तर्राष्ट्रियवादिता पनि केही हदसम्म प्रकट भएका छन् । आधुनिक नेपाली गजलकारहरूले राष्ट्रप्रेमको भावनालाई आफ्ना गजलहरूमा प्रशस्त मात्रामा मुखरित गरेको पाइन्छ । त्यसैगरी केही नेपाली गजलकारहरू केवल आफ्नो मुलुकको संकीर्ण र सानो घेरामा मात्र सीमित नरहेर अन्तर्राष्ट्रसम्म पनि पुगेका छन् । अन्तर्राष्ट्रियवादिता नेपाली गजलकारहरूमा पनि अभिव्यक्त भएको छ । अन्तर्राष्ट्रवादी स्वर लिएर प्रकट हुने गजलकारहरूले आफ्ना भावनाहरूमा विश्वबन्धुत्व, युद्ध, बम, विस्फोट र नरसंहारका विरुद्धमा, शान्तिका पक्षमा, सभ्यता र विकासका पक्षमा, यन्त्र र यन्त्रणाका विरुद्धमा आफ्ना अभिव्यक्ति दिएका छन् । प्रगतिवादी गजलकारहरूले आफ्ना गजलहरूमा निश्चय पनि विश्वभरिकै सर्वहारा वर्गको स्वरलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा अभिव्यक्ति दिएका छन् ।

राष्ट्रवादी स्वर मात्रै लिएर देखा पर्ने गजलकारहरूमा अमृतलाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेष्ठ अर्जुन सापकोटा; इन्द्र कुमार श्रेष्ठ सरित्; कृष्णहरि बराल; दिव्य गिरी; धीरेन्द्र प्रेमर्षि, नरेन्द्रराज प्रसाई, बलराम बञ्जारा, रमेश पौडे ,लरत्न प्रजापति वसन्त प्रकाश उपाध्याय आदि प्रमुख छन् भने अन्तर्राष्ट्रियवादी स्वर लिएर प्रकट भएका गजलकारहरूमा अविनाश श्रेष्ठ, गुलाब खेतान, घनश्याम न्यौपाने 'परिश्रमी', चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, धर्मागत शर्मा 'तूफान', ध्रुव मधिकर्मी, पूर्ण रंजीतकार, बूँद राना, लव गाउँले, विजय वजिमय, विप्लव ढकाल, दिदश पोखरेल, वियोगी बुढाथोकी, सानुराजा श्रेष्ठ 'अन्जान' र हरि अधिकारी प्रमुख छन् ।

तर धेरै गजलकारहरूले आफ्ना गजलहरूमा राष्ट्रवादी स्वरहरूलाई पनि समावेश गरेका पाइन्छन्, आफ्ना स्वरहरूलाई राष्ट्रिय सीमानावाट बाहिर लगेर अन्तर्राष्ट्रसम्म पनि पुऱ्याएका छन् । थुप्रै गजलकारहरू छन् नेपालमा, जसले एउटा मात्र विषयमा संकेन्द्रित भएर गजल रचना गरेका छैनन् । राष्ट्रवादी स्वर र अन्तर्राष्ट्रवादी स्वर एवं वैयक्तिक र निर्वैयक्तिक स्वरहरूको सम्मिश्रणबाटै समसामयिक नेपाली गजलको निर्माण भएको छ ।

माथि कतै उल्लेख भइसकेको छ कि समसामयिक नेपाली गजलमा परम्परागत गजलमा झैं प्रेयसीलाई संवोधन, प्रेयसीको रूप वर्णन वा प्रेयसीसँगको मधुर वार्तालाप वा प्रेमालाप मात्र गजलको विषय नभए पनि समसामयिक नेपाली गजलमा प्रेमको विषय पनि एक प्रमुखतम विषय रही आएको छ । प्रेम या घृणा, माया वा धोका, छायाँ वा छटा, सौन्दर्य वा संवेदना, काम वा उत्तेजना, रूप या रागको वर्णनलाई आजको नेपाली गजलले छोडी हाल्न सकेको छैन । तर अर्कोतिर प्रेमको सीमा पनि विस्तारित भएको छ । विशुद्ध प्रेमिकासँगको प्रेम एउटा प्रेमको विषय आज पनि नेपाली गजलको विषय छ भने, आधुनिक नेपाली गजलकारहरूले प्रकृतिसँगको प्रेमलाई पनि प्रेमपूर्वक वर्णित गरेका छन् । त्यसैगरी मानव र मानवतासँगको प्रेम पनि आधुनिक नेपाली गजलमा प्रकट भएको छ । स्वतन्त्रता, स्वाधीनता र परिवर्तनप्रतिको प्रेम पनि समसामयिक नेपाली गजलमा प्रकट भएको छ ।

विशुद्ध प्रेमको विषय लिएर देखा परेका गजलकारहरूमा अमृतलाल श्रेष्ठ, अर्जुन सापकोटा, कृष्णहरि बराल, केशव प्रधान, धीरेन्द्र प्रेमर्षि, नरेन्द्रराज प्रसाई, प्रकट पगेनी 'शिव', रत्न प्रजापति, रमेश क्षितिज आदि प्रमुख छन् भने प्रकृति प्रेमलाई गजलको विषय वनाएर लेख्ने थोरै गजलकारहरूमा अमृतलाल श्रेष्ठ, कृष्णहरि बराल, गुलाब खेतान, प्रकट प्रगेनी 'शिव', बलराम बञ्जारा, रमेश पौडेल, रवि प्राञ्जल र लज्जिन रावल छन् ।

नेपाली गजलकारहरूले मानव र मानवतालाई पनि गजलको प्रमुख विषय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाएका छन् । मान्छेलाई अभीष्ट बनाएर धेरै आधुनिक नेपाली गजलकारहरूले गजल रचना गरेका छन् । मान्छेका उकाली–ओराली, आरोह–अवरोह, उत्थान–पतन प्रेम–घृणा, जीवन– मृत्यु, युद्ध–शान्ति, प्रगति– दुर्गति आदिको वर्णन मान्छेको वर्णन हो, मान्छेको जीवनको विभिन्न चरणहरूको वर्णन हो; त्यो समसामयिक नेपाली गजलमा प्रशस्त मात्रामा प्रकट भएको छ। मानववादी धाराका गजलकारहरूमा अविनाश श्रेष्ठ, कृसु क्षेत्री, केशव प्रधान, गोविन्द गिरी प्रेरणा, दिव्य गिरी, दुवसु क्षेत्री ध्रुवचन्द्र गौतम, पूर्ण रंजीतकार, मुन पौडेल, लव गाउँले राजेश्वर रेग्मी, हरि अधिकारी आदि छन् ।

मानवतालाई गजलको विषय बनाएर मानवीय भावनाको उद्घाटन पनि नेपाली गजलमा भएको छ। मानववाद जस्तै मानवतावादका पक्षमा पनि नेपाली गजलकारहरू उठेका छन् । आजको युगका युगीन भावनाहरूलाई आत्मसात् गर्दै मान्छेले मान्छे भएर बाँच्न पाउने वातावरण र वसुधैव कुटुम्बकम्को मानवीय भावनालाई गजलमा समाहित गर्ने प्रयत्न पनि आधुनिक नेपाली गजलकारहरूले गरेका छन् । मानवतावादी धाराका गजलकारहरूमा अमृतलाल श्रेष्ठ, कृष्णहरि बराल, खगेन्द्र प्रसाद वस्याल, गुलाव खेतान, धनश्याम न्यौपाने 'परिश्रमी, चक्रव्यूह क्षेत्री, तीर्थ श्रेष्ठ, ध्रुव मधिकर्मी, पुष्कर माथेमा, बूँद राना, भरत भारद्वाज, रवि प्राञ्जल, ललिजन रावल, विजय वजिमय, वियोगी बुढाथोकी र ज्ञानुवाकर पौडेल मुख्य रूपमा देखा परेका छन् ।

धेरै जसो समसामयिक नेपाली गजलकारहरू जीवनवादी छन् । जीवन आज पनि नेपाली गजलको एउटा प्रमुखतम विषय हो। जीवनको वर्णन, जीवनका आरोह–अवरोहको उदघाटन नेपाली गजलमा पनि भएको छ। आशा र निराशा, आभा र अन्धकार, आस्था र अनास्था, प्रेम र घृणा, जीवन र मृत्यु र घाम र छायाँ यी सबै कुरा जीवनका विभिन्न आयामहरू हुन् र यी कुरालाई नेपाली गजलमा प्रशस्त मात्रामा अभिव्यक्त गरिएको छ। जीवनवादी गजलकारहरूमा कृष्णहरि बराल, केशव आचार्य, चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, ध्रुव मधिकर्मी, प्रकट पगेनी 'शिव', पूर्ण रंजीतकार, पुष्पहरि क्याम्पा राई, बलराम बञ्जारा, रवि प्राञ्जल, वसन्त प्रकाश उपाध्याय र वियोगी बुढाथोकीहरू महत्वपूर्ण छन् ।

समसामयिक नेपाली गजलमा निर्जीवनता र शून्यता पनि यदाकदा प्रकट भएको छ । मनु ब्राजाकी, हरि अधिकारी र ज्ञानुवाकर पौडेलका कतिपय गजलहरूमा निर्जीवनता र शून्यता अभिव्यक्त भएको छ ।

आजको नेपाली गजलमा अस्तित्ववादको पनि छनक पाइन्छ । अस्तित्ववादी गजलकारहरूमा ध्रुवचन्द्र गौतम, ध्रुव मधिकर्मी, विजय वजिमय, रवि प्राञ्जल, ललिजन रावल आदि प्रमुख छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनस्तित्व नेपाली गजलको विषय होइन । तर निराशा, पलायनता र जीवनप्रतिको उदासीनता पनि केही गजलहरूमा टड्कारोरूपमा प्रकट भएको छ। अनस्तित्वलाई गजलको विषय बनाएर रचना गर्ने गजलकारहरूमा अर्जुन सापकोटा, केशव प्रधान, राजेश्वर रेग्मी, राम अविराम, मनु ब्राजाकी र ज्ञानुवाकर पौडेल उल्लेख्य छन् ।

समसामयिक नेपाली गजलमा आशावादिता र निराशा दुवै प्रशस्त रूपमा प्रकट भएका छन्। उज्यालोको आशा, परिवर्तनको आशा, खुशी, सुख र समृद्धिको आशा, सभ्यता र समुन्नतिको आशा, गति र प्रगतिको आशा, जीवन–प्रतिको आशा नेपाली गजलमा अधिकाधिक मात्रामा प्रकट भएको छ । आशा–वादी गजलकारहरूमा कृसु क्षेत्री, केशव आचार्य, खगेन्द्र प्रसाद बस्याल, रमेश पौडेल, रमेश क्षितिज, रवि प्राञ्जल, ललिजन रावल, वसन्तप्रकाश उपाध्याय र वियोगी बुढाथोकी प्रमुख छन् ।

यसै गरी निराशा, शिथिलता, थकान, सुस्ताइ, विश्राम र विराम पनि नेपाली गजलमा प्रकट भएको छ । घृणा, पीडा, धोका, अन्याय, अत्याचार, अनाचार, अँध्यारो, शहर, खण्डहर, घटना, दुर्घटना र मृत्युबाट निराश सामाजिक जनजीवन र मानसिकतालाई मुखरित गर्ने गजलहरू पनि नेपालीमा प्रशस्त लेखिएका छन् । आजको समाजको दुर्गति, सामाजिक अवमूल्यनको अवस्थिति, युवा पुस्तामा देखिएको विकृति, बेरोजगारी, गतिहीन र दिशाहीन समाज, देश र संसारबाट निराश गजलकारहरू यहाँ पनि प्रशस्त छन् । पलायनतावादी गजलकारहरूमा अर्जुन सापकोटा, केशव प्रधान, खुश्बूराज शाही, गोविन्द गिरी प्रेरणा, दिव्य गिरी, मनु ब्राजाकी, युवराज नयाँघरे, राम अविराम, विवश पोखरेल र ज्ञानुवाकर पौडेल मुख्य रूपमा देखा परेका छन् ।

अघि नै उल्लेख भइसकेको छ कि समसामयिक नेपाली गजलमा संगी–तात्मकता र गेयता कम हुँदै गएको छ । गद्यात्मकता, कठोरता र कडापन बढ्दै गएको छ । तर पनि आजका थुप्रै गजलकारहरूका गजलमा लयात्मकता, गेयता र संगीतात्मकता नपाइने होइन । लयात्मक गजल लेख्नेहरूमा कृष्णहरि बराल, कृसु क्षेत्री, गुलाब खेतान, मुन पौडेल, रमेश पौडेल, रवि प्राञ्जल र ललिजन रावल प्रमुख छन् ।

लयात्मकता र गेयता कम भएका र गद्यात्मकता एवं कठोरता बढी भएका गजल लेख्नेहरूमा गोविन्द गिरी प्रेरणा, जैनेन्द्र जीवन, दुबसु क्षेत्री, धर्मोगत शर्मा, 'तूफान' धीरेन्द्र मल्ल, राम अविराम, विप्लव ढकाल, विवश पोखरेल र वियोगी बुढाथोकी उल्लेख्य छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समसामयिक नेपाली गजललाई दुई भागमा विभाजित गरेर हेर्न सकिन्छ। विशुद्ध साहित्यिक गजल लेख्नेहरू एक थरी छन् भने अर्को थरी राजनीतिक गजल लेख्नेहरू पनि छन्। प्रजातन्त्रवादी र प्रगतिवादी दुवै थरी गजलकारहरूले राजनीतिक गजलहरू पनि लेखेका छन् र विशुद्ध साहित्यिक गजल पनि लेखेका छन्। यदाकदा राजनीतिक गजल लेख्नेहरूमा कुसु क्षेत्री, खगेन्द्र प्रसाद बस्याल, घनश्याम न्यौपाने 'परिश्रमी', चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, तीर्थ श्रेष्ठ, दुवसु क्षेत्री, धर्मोगत शर्मा 'तूफान', ध्रुव मधिकर्मी, धीरेन्द्र मल्ल, प्रमोद प्रधान, पुष्पहरि क्याम्पा राई, बूँद राना, भरत भारद्वाज, रवि प्राञ्जल, राजेश्वर रेग्मी, राम अविराम, ललिजन रावल, विप्लव ढकाल, वियोगी बुढाथोकी र हरि अधिकारीको नाम उल्लेख गर्न सकिन्छ। तर यी गजलकारहरूले उच्च साहित्यिक मूल्यका प्रशस्त गजलहरू पनि लेखेका छन्।

विशुद्ध साहित्यिक गजल लेख्नेहरूमा कृष्णहरि बराल, गुलाब खेतान, प्रकट पगेनी 'शिव', पूर्ण रंजीतकार, पुष्कर माथेमा, बलराम बञ्जारा, रमेश पौडेल, रमेश क्षितिज, लव गाउँले र विजय वजिमयको नाम उल्लेख गर्न सकिन्छ।

समसामयिक नेपाली गजलकारहरूलाई तीन वर्गमा विभाजित गरेर अध्ययन गर्न सकिन्छ। पहिलो वर्गमा, साहित्यका अन्य विधाहरू कविता, कथा, निबन्ध आदि समेत लेखिरहेका गजलकारहरू पर्दछन् भने दोस्रो वर्गमा गजल र त्यसको सहधर्मी विधा गीत लेखिरहेका गजलकारहरू पर्दछन् र तेस्रो वर्गमा विशुद्ध गजल मात्र लेखिरहेका गजलकारहरू पर्दछन्।

गजल सँगसँगै साहित्यका अन्य विधाहरू पनि लेखिरहेका गजलकारहरूमा अमृतलाल श्रेष्ठ, अविनाश श्रेष्ठ, कुसु क्षेत्री, इन्द्र कुमार श्रेष्ठ 'सरित', केशव आचार्य, केशव प्रधान, गुलाब खेतान, गोविन्द गिरी प्रेरणा, चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, तीर्थ श्रेष्ठ, दिव्य गिरी, दुवसु क्षेत्री, ध्रुवचन्द्र गौतम, ध्रुव मधिकर्मी, प्रकट पगेनी 'शिव', प्रमोद प्रधान, बलराम बञ्जारा, भरत भारद्वाज, रमेश पौडेल, राम अविराम, ललिजन रावल, लव गाउँले, वसन्त प्रकाश उपाध्याय, विजय वजिमय, विप्लव ढकाल, विवश पोखरेल, वियोगी बुढाथोकी, हरि अधिकारी र ज्ञानुवाकर पौडेल पर्दछन्।

गजल र गीत सँगसँगै लेखि रहने वर्गमा अर्जुन सापकोटा, कृष्णहरि बराल र नरेन्द्रराज प्रसाई तीन जना छन्।

यसै गरी गजल विधामा मात्र आफूलाई समर्पित गरेर लेख्ने गजलकारहरूमा खगेन्द्र प्रसाद बस्याल, खुश्बूराज शाही, घनश्याम न्यौपाने 'परिश्रमी', धर्मोगत शर्मा 'तूफान', पूर्ण रंजीतकार, पुष्कर माथेमा, बूँद राना, रवि प्राञ्जल, युवराज नयाँघरे र सानुराजा श्रेष्ठ 'अञ्जान' उल्लेख्य छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गजल र साहित्यका अन्य विधामा समेत कलम चलाइरहेका लेखकहरू-लाई पनि तीन उप-वर्गमा बिभाजित गर्न सकिन्छ। पहिलो वर्गमा, गजलमा कम र साहित्यका अरू विधामा बढी कलम चलाइ रहेका लेखकहरू पर्दछन्। यस वर्गमा अमृतलाल श्रेष्ठ, अविनाश श्रेष्ठ, इन्द्र कुमार श्रेष्ठ 'सरित्', केशव आचार्य, केशव प्रधान, गुलाब खेतान, गोविन्द गिरी प्रेरणा, जैनेन्द्र जीवन, तीर्थ श्रेष्ठ, दुवसु क्षेत्री, ध्रुवचन्द्र गौतम, ध्रुव मधिकर्मी, प्रकट पगेनी 'शिव', प्रमोद प्रधान मनु ब्राजाकी, लव गाउँले, वसन्त प्रकाश उपाध्याय, विजय वजिमय, विवश पोख-हुल, वियोगी बुढाथोकी र हरि अधिकारी पर्दछन्। दोस्रो वर्गमा, साहित्यका अरू विधामा कम र गजलमा बढी कलम चलाउने लेखकहरू पर्दछन्। यस वर्गका लेखकहरूमा चक्रव्यूह क्षेत्री, धीरेन्द्र प्रेमर्षि, धीरेन्द्र मल्ल, पुष्पहरि क्याम्पा राई, मुन पौडेल, रत्न प्रजापति, राजेश्वर रेग्मी, राम अविराम, ललि–जन रावल, विप्लव ढकाल र ज्ञानुवाकर पौडेल पर्दछन्।

गजल र अरू विधामा समान कलम चलाउने लेखकहरू तेस्रो वर्गमा पर्दछन्। यस वर्गमा अर्जुन सापकोटा, कृष्णहरि बराल, भरत भारद्वाज, रमेश पौडेल र रमेश क्षितिज प्रमुख छन्।

समसामयिक नेपाली गजलकारहरूलाई गजलका कृति प्रकाशित भए नभएको सन्दर्भलाई दृष्टिगत गरेर पनि दुई वर्गमा विभाजित गर्न सकिन्छ।

ज्यादै कम आधुनिक गजलकारहरूका गजल संग्रहहरू प्रकाशित भएका छन्। र धेरै गजलकारहरूका गजल संग्रह प्रकाशित भएका छैनन्। गजल संग्रह प्रकाशित गर्ने गजलकारहरूमा धर्मोगत शर्मा 'तूफान' (२०४२, २०४६) ललिजन रावल (२०४२) खगेन्द्र प्रसाद बस्याल (२०४६) रवि प्राञ्जल (२०४६) र ज्ञानुवाकर पौडेल (२०४६) हुन्। यी बाहेक सबै गजलकारहरूका गजल संग्रह प्रकाशित छैनन् र कतिपय गजलकारहरूका गजल संग्रह प्रकाशोन्मुख अवस्थामा रहेका पनि छन्। यी गजलकारहरूका गजलहरूलाई रूपरेखा, गरिमा, मधुपर्क, अभिव्यक्ति, वसुन्धरा, आरोहण, अनुराग र समष्टि आदि पत्रपत्रिकाले निरन्तर छापिरहेका छन्। 'वसुन्धरा' साहित्यिक द्वैमासिकले पहिलो पटक २०४६ मंसीरमा गजल विशेषाङ्क प्रकाशित गरेको छ। तर गजल रचना मात्र प्रकाशन गर्ने साहित्यिक पत्रपत्रिका अहिले सम्म नेपाली भाषामा प्रकाशित भएको छैन।

समसामयिक नेपाली गजलकारहरूलाई लेखन निरन्तरताका दृष्टिले तीन वर्गमा विभाजित गरेर हेर्न सकिन्छ। पहिलो वर्गमा पहिले सक्रिय भएर गजल लेखनमा लागेका र हाल निष्क्रिय जस्ता देखिने गजलकारहरू पर्दछन्। दोस्रो वर्गमा, निरन्तर गजल लेखिरहेका गजलकारहरू पर्दछन्। समसामयिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्ताका अधिकांश नेपाली गजलकारहरू निरन्तर गजल लेखिरहेका छन्। र तेस्रो वर्गमा भर्खर लेखन थालेका गजलकारहरू पर्दछन्। भर्खर गजल लेखनमा लागेका गजलकारहरूको संख्या पनि प्रशस्त छ। यिनै गजलकारहरूले आधुनिकोत्तर नेपाली गजलको नेतृत्वको गुरूत्तर भारलाई बहन गर्नेछन्।

समसामयिक नेपाली गजलकारहरूलाई गजलको संरचनागत, परम्परागत मूल्य र मान्यतालाई अनुशरण गरे नगरेका आधारमा पनि तीन वर्गमा विभाजित गर्न सकिन्छ। पहिलो वर्गमा, गजलको संरचनागत मूल्य र मान्यता अर्थात् गजलको परम्पराप्रति प्रतिवद्ध भएर गजल लेख्ने गजलकारहरू पर्दछन् भने दोस्रो वर्गमा परम्परागत मूल्य, मान्यता र सूत्रहरूलाई उल्लंघन गरेर गजल लेख्ने गजलकारहरू पर्दछन्।

पहिलो वर्गमा कृष्णहरि वराल, कृसु क्षेत्री, खगेन्द्र प्रसाद वस्याल, गुलाव खेतान, घनश्याम न्यौपाने 'परिश्रमी', पूर्ण रंजीतकार, वूँद राना, मुन पौडेल, मनु आजाकी, रवि प्राञ्जल, ललिजन रावल आदि प्रमुख छन् भने दोस्रो वर्गमा केशव प्रधान, चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, पुष्कर माथेमा, लव गाउँले, वियोगी बुढाथोकी र हरि अधिकारी प्रमुख छन्।

यसै गरी परम्परागत मूल्य र मान्यतालाई पनि आत्मसात् गर्दै र नयाँ मूल्य र मान्यताहरूलाई पनि संवरण गरेर लेख्ने गजलकारहरूको तेस्रो वर्ग पनि खडा गर्न सकिन्छ। अविनाश श्रेष्ठ, केशव आचार्य, गोविन्द गिरी प्रेरणा, वलराम वञ्जारा, विजय वजिमय, र ज्ञानुवाकर पौडेल यी वर्गका प्रमुख गजलकारहरू हुन्।

हुन त गजल विधा वौद्धिक विधा होइन, यो हार्दिक विधा नै हो। तर पनि समसामयिक नेपाली गजलमा हार्दिकता र वौद्धिकता दुवै अभिव्यक्त भएका छन्। यस दृष्टिले समसामयिक नेपाली गजलकारहरूलाई तीन वर्गमा विभाजित गरेर विश्लेषण गर्न सकिन्छ। पहिलो वर्गमा हार्दिकतालाई अभिव्यक्ति दिने गजलकारहरू पर्दछन् भने दोस्रो वर्गमा वौद्धिकतालाई अभिव्यक्ति दिने गजल-कारहरू पर्दछन् र तेस्रो वर्गमा हार्दिकता र वौद्धिकता दुवैको समन्वयात्मक अभिव्यक्ति दिने गजलकारहरू पर्दछन्।

पहिलो वर्गमा अमृतलाल श्रेष्ठ, अर्जुन सापकोटा, कृष्णहरि वराल, केशव आचार्य, केशव प्रधान, खगेन्द्र प्रसाद वस्याल, गुलाव खेतान, धीरेन्द्र प्रेमर्षि, नरेन्द्रराज प्रसाई, प्रकट पगेनी 'शिव', पुष्पहरि क्याम्पा राई, रत्न प्रजापति, रमेश पौडेल, रमेश क्षितिज र सानुराजा श्रेष्ठ 'अञ्जान' आदि गजलकारहरू पर्दछन्। दोस्रो वर्गका गजलकारहरूको संख्या झण्डै झण्डै पहिलो वर्गका गजल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारहरूको हाराहारी छ। यस वर्गका गजलकारहरूमा गोविन्द गिरी प्रेरणा, घनश्याम न्यौपाने 'परिश्रमी', जैनेन्द्र जीवन, तीर्थ श्रेष्ठ, दुवसु क्षेत्री, प्रमोद प्रधान, विप्लव ढकाल र हरि अधिकारी आदि पर्दछन्। तेस्रो वर्गमा अविनाश श्रेष्ठ, पूर्ण रंजीतकार, मनु व्राजाकी, रवि प्राञ्जल, ललिजन रावल, वियोगी बुढाथोकी, विवश पोखरेल र ज्ञानुवाकर पौडेल आदि गजलकारहरू पर्दछन्।

अधिकांश समसामयिक पुस्ताका नेपाली गजलकारहरूले गजलमा प्रतीक, 'विम्व र उपमाको प्रयोग गरेका छन् भने केही गजलकारहरुले सोझो, सरल र सादा अभिव्यक्ति गजलमा गरेका छन्। यसरी प्रतीकको प्रयोग गर्ने गजलकारहरू र सादा अभिव्यक्ति दिने गजलकारहरू गरी समसामयिक नेपाली गजलकारहरूलाई दुई वर्गमा विभाजित गर्न सकिन्छ।

गजलमा प्रतीक, विम्व र उपमा उपमेयहरूको सुस्वादु प्रयोग गर्ने गजलकारहरूमा अमृतलाल श्रेष्ठ, अविनाश श्रेष्ठ, कृष्णहरि बराल, कृसु क्षेत्री, केशब आचार्य, गुलाव खेतान, जैनेन्द्र जीवन, ध्रुवचन्द्र गौतम, ध्रुव मधिकर्मी, पूर्ण रंजीतकार, मुन पौडेल, मनु व्राजाकी, रवि प्राञ्जल, ललिजन रावल, लव गाउँले, विजय वजिमय, विवश पोखरेल, हरि अधिकारी र ज्ञानुवाकर पौडेल, उल्लेख्य छन् भने गजलमा सादा अभिव्यक्ति दिने गजलकारहरूमा खुश्बूराज शाही, धीरेन्द्र मल्ल, पुष्पहरि क्याम्पा राई र राजेश्वर रेग्मी आदि छन्।

समसामयिक पुस्ताका गजलकारहरूले प्रयोग गर्ने शैलीका आधारमा पनि गजलकारहरूलाई दुई वर्गमा वर्गीकृत गर्न सकिन्छ। सरल शैली प्रयोग गर्ने गजलकारहरू एउटा वर्गमा पर्दछन् भने जटील शैली प्रयोग गर्ने गजलकारहरू दोस्रो वर्गमा पर्दछन्। पहिलो वर्गका गजलकारहरूमा अमृतलाल श्रेष्ठ, कृष्ण–हरि बराल, गुलाव खेतान, ध्रुव मधिकर्मी, प्रकट पगेनी 'शिव', पूर्ण रंजीतकार, वूँद राना, रवि प्राञ्जल, ललिजन रावल, विजय वजिमय र ज्ञानुवाकर पौडेल प्रमुख छन् भने दोस्रो वर्गमा खुश्बूराज शाही, गोविन्द गिरी प्रेरणा, धीरेन्द्र मल्ल, वियोगी बुढाथोकी र हरि अधिकारी आदि प्रमुख छन्।

अधिकांश समसामयिक पुस्ताका नेपाली गजलकारहरूले गजल रचना–लाई सामाजिक सरोकारको विषय वनाएका छन् भने कतिपय समसामयिक नेपाली गजलकारहरूले नितान्त वैयक्तिक विषयलाई आफ्नो गजलको विषय वनाएका छन्। यसरी वैयक्तिक र निर्वैयक्तिक (सामाजिक) गजलकार गरी सम–सामयिक नेपाली गजलकारहरूलाई दुई वर्गमा वर्गीकृत गर्न सकिन्छ। पहिलो वर्गमा खगेन्द्रप्रसाद बस्याल, घनश्याम न्यौपाने 'परिश्रमी', चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, तीर्थ श्रेष्ठ, ध्रुव मधिकर्मी, धर्मोगत शर्मा 'तूफान', धीरेन्द्र मल्ल,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमोद प्रधान, पुष्कर माथेमा, बूँद राना, भरत भारद्वाज, युवराज नयाँघरे, रवि प्राञ्जल, राजेश्वर रेग्मी, राम अविराम, ललिजन रावल, वसन्त प्रकाश उपाध्याय, विप्लव ढकाल, विवश पोखरेल, हरि अधिकारी र ज्ञानुवाकर पौडेल प्रमुख छन् ।

दोस्रो वर्गका गजलकारहरूमा अमृतलाल श्रेष्ठ, अर्जुन सापकोटा, कृष्णहरि बराल, कृसु क्षेत्री, गुलाव खेतान, धीरेन्द्र प्रेमर्षि, नरेन्द्रराज प्रसाई, प्रकट पगेनी 'शिव', पूर्ण रंजीतकार, रत्न प्रजापति, रमेश पौडेल, रमेश क्षितिज र लव गाउँले आदि प्रमुख छन् ।

समसामयिक पुस्ताका गजलकारहरूमध्ये केहीले ग्रामीण जीवनका उकाली–ओराली, आरोह–अवरोह, दुःख–सुख र स्थानीयताको चित्रणलाई आफ्नो गजलको विषय बनाएका छन् भने कतिपय समसामयिक नेपाली गजल–कारहरूले शहरिया जीवनको कथा–व्यथालाई, शहरको यान्त्रिक जिन्दगीलाई र यहाँको वातावरण, वेरोजगारी, विकृति, विसंगति र कृत्रीमतालाई आफ्नो गजलको विषय बनाएका छन् । यसरी ग्रामीण परिवेशलाई लिएर गजल लेख्ने र शहरिया परिवेशलाई लिएर गजल लेख्ने गजलकारहरूको दुई वर्ग समसामयिक नेपाली गजलमा खडा भएको छ। पहिलो वर्गमा अर्जुन सापकोटा, केशव आचार्य, खुश्बूराज शाही, धीरेन्द्र प्रेमर्षि, नरेन्द्रराज प्रसाई, वलराम वञ्जारा, रमेश पौडेल, रमेश क्षितिज, राजेश्वर रेग्मी आदि पर्दछन् भने दोस्रो वर्गमा इन्द्र कुमार श्रेष्ठ 'सरित्', कृसु क्षेत्री, गोविन्द गिरी प्रेरणा, चक्रव्यूह क्षेत्री, ध्रुवचन्द्र गौतम, प्रमोद प्रधान, पुष्कर माथेमा, युवराज नयाँघरे, मुन पौडेल, विजय वजिमय, सानुराजा श्रेष्ठ 'अञ्जान' र ज्ञानुवाकर पौडेल आदि गजलकार पर्दछन् ।

समसामयिक नेपाली गजलकारहरूमध्ये कतिले एउटै शैलीलाई अविच्छिन्न रूपले प्रयोग गरिरहेका छन् भने कतिपय गजलकारहरूले आफ्नो शैलीमा विविधता ल्याएका छन् । निरविच्छिन्न एउटै शैली अपनाउने गजल–कारहरूलाई एउटा वर्गमा र शैलीको विविधता आत्मसात् गर्ने गजलकारहरू–लाई अर्को वर्गमा विभाजित गरी समसामयिक नेपाली गजलकारहरूलाई दुई वर्गमा राखन सकिन्छ । निरविच्छिन्न एउटै शैली अपनाउने गजलकारहरूमा केशव प्रधान, केशव आचार्य, तीर्थ श्रेष्ठ, दिव्य गिरी, ध्रुवचन्द्र गौतम, पुष्कर माथेमा, बूँद राना, मनु ब्राजाकी, विजय वजिमय, विवश पोखरेल, र वियोगी बुढाथोकी आदि प्रमुख छन् ।

शैलीको विविधता अपनाउने वर्गमा अविनाश श्रेष्ठ, गोविन्द गिरी प्रेरणा, चक्रव्यूह क्षेत्री,जैनेन्द्र जीवन, ध्रुव मधिकर्मी, पूर्ण रंजीतकार, रवि प्राञ्जल, ललिजन रावल, वसन्त प्रकाश उपाध्याय, हरि अधिकारी र ज्ञानुवाकर पौडेल पर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समसाभयिक नेपाली गजलमा देखा परेको प्रगतिवादी स्वर र प्रजातन्त्रवादी स्वरकै अर्को पाटोमा क्रान्तिकारी वा परिवर्तनवादी स्वर र शान्तिकामी वा सुधारवादी स्वर पनि समसामयिक नेपाली गजलमा देखा परेको पाइन्छ। क्रान्तिकारी स्वर उराल्ने गजलकारहरूमा खगेन्द्रप्रसाद बस्याल, घनश्याम न्यौपाने 'परिश्रमी', धर्मोगत शर्मा 'तूफान', बूँद राना, रवि प्राञ्जल, र विप्लव ढकाल प्रमुख छन् भने शान्तिकामी स्वरहरूमा अविनाश श्रेष्ठ, चक्रव्यूह क्षेत्री, ध्रुव मधिकर्मी, बलराम बञ्जारा, युवराज नयाँघरे, रत्न प्रजापति, रमेश क्षितिज, राजेश्वर रेग्मी, वसन्त प्रकाश उपाध्याय र विजय वजिमय उल्लेख्य छन्।

समसामयिक नेपाली गजलमा व्यंग्यको प्रयोग पनि उल्लेख्य रूपमा भएको छ। यसरी गजलमा व्यंग्यको प्रयोग गर्ने र नगर्ने गजलकारहरूको पनि दुई समूह छ समसामयिक पुस्तामा। व्यंग्यमूलक गजल लेखनेहरूमा गोविन्द गिरी प्रेरणा, चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, ध्रुवचन्द्र गौतम, ध्रुव मधिकर्मी, मनु ब्राजाकी, राम अविराम, वसन्त प्रकाश उपाध्याय र ज्ञानुवाकर पौडेल प्रमुख छन् भने गजलमा व्यंग्यको प्रयोग नरूचाउने गजलकारहरूमा अर्जुन सापकोटा, कृष्णहरि बराल, गुलाब खेतान, नरेन्द्रराज प्रसाई, प्रकट पगेनी 'शिव' र विप्लव ढकाल आदि प्रमुख छन्।

समसामयिक नेपाली गजल दुई तरीकाले लेखिँदै आएको छ। एक थरी गजलकारहरू शृंखलाबद्ध गजलहरू लेखिरहेका छन्। शुरूदेखि अन्त्यसम्म एउटै शृंखलामा आबद्ध गरेर गजल लेख्ने परम्परा पनि समसामयिक नेपाली गजलमा छ। र यसको ठीक विपरीत विशृंखलित गजल लेख्ने परम्परा पनि समसामयिक नेपाली गजलमा देखिएको छ। यसरी प्रत्येक मत्लैपिच्छे भिन्नै शृंखलाहरू राखेर भिन्न भिन्न शृंखलाको एउटा अर्कै शृंखला खडा गरेर गजल लेख्ने परम्परा पनि समसामयिक नेपाली गजलमा छ।

शृंखलाबद्ध गजल लेख्ने गजलकारहरूमा अमृत लाल श्रेष्ठ, अविनाश श्रेष्ठ कृष्णहरि बराल, कुसु क्षेत्री, गुलाब खेतान, गोविन्द गिरी प्रेरणा, चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, धर्मोगत शर्मा 'तूफान', प्रमोद प्रधान, पूर्ण रंजीतकार, रवि प्राञ्जल, लव गाउँले, वसन्त प्रकाश उपाध्याय, विजय वजिमय, विप्लव ढकाल, विवश पोखरेल र ज्ञानुवाकर पौडेल मुख्य छन् भने विशृंखलित गजल शैली अपनाउने गजलकारहरूमा केशव प्रधान, खगेन्द्रप्रसाद बस्याल, ध्रुवचन्द्र गौतम, ध्रुव मधिकर्मी, पुष्कर माथेमा, भरत भारद्वाज, मनु ब्राजाकी, ललिजन रावल, वियोगी बुढाथोकी, हरि अधिकारी र सानुराजा श्रेष्ठ 'अन्जन' प्रमुख छन्।

अधि नै चर्चा उठिसकेको छ कि समसामयिक नेपाली गजलमा लयात्मकता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र गेयता ह्रास हुँदै गइरहेको छ। तथापि केही गजलकारहरूका गजलहरू गेय, लयात्मक र पद्यात्मक छन्। यसरी गेय र गाइएका गजलहरूलाई एक वर्गमा राख्न सकिन्छ भने गाउन नसकिने गद्यात्मक गजलहरूलाई अर्को वर्गमा राखेर हेर्न सकिन्छ। रवि प्राञ्जल र ललिजन रावलका गजलहरू गाइएका छन् भने यी दुई लगायत कृष्णहरि बराल, कृसु क्षेत्री, गुलाब खेतान, ध्रुव मधिकर्मी, धीरेन्द्र प्रेमर्षि, नरेन्द्रराज प्रसाई, प्रकट पगेनी 'शिव', पूर्ण रंजीतकार, बूँद राना, रमेश पौडेल र केही हदसम्म ज्ञानुवाकर पौडेलका गजलहरू गाउन सकिन्छन्। तर खगेन्द्रप्रसाद बस्याल, खुश्बूराज शाही, गोविन्द गिरी प्रेरणा, घनश्याम न्यौपाने 'परिश्रमी', चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, दुवसु क्षेत्री, प्रमोद प्रधान, पुष्कर माथेमा, रत्न प्रजापति, राजेश्वर रेग्मी, राम अविराम, लव गाउँले र वियोगी बुढाथोकीका गजलहरूमा गेयता ज्यादै न्यून छ। यिनीहरूका गजल गाउन कठिन छ।

तर केशव प्रधान, ध्रुवचन्द्र गौतम, वलराम वञ्जारा, भरत भारद्वाज, रमेश पौडेल र विजय वजिमयका गजलहरूले अर्ध गेयता वोकेका छन्। यिनी-हरूका गजलहरू गाउन सहज नभए पनि गेय छन्। यी मध्ये कतिपय गजलकार-का केही गजलहरू गाउन सकिन्छन् र केही गजलहरू गाउन सकिदैंनन्।

समसामयिक नेपाली गजलहरूलाई समयप्रतिको प्रतिवद्धताका आधारमा पनि दुई वर्गमा वर्गीकृत गरेर अध्ययन गर्न सकिन्छ। समसामयिक पुस्ताका गजलकारहरूको एउटा ठूलो जमात वर्तमानप्रति, समसामयिकताप्रति प्रतिवद्ध भएर गजल लेखिरहेको छ भने कुनै पनि समयमा उत्तिकै महत्व राख्ने सार्वकालिक गजल लेखिरहेका समसामयिक नेपाली गजलकारहरूको पनि अर्को ठूलो जमात छ।

समसामयिकताप्रति प्रतिवद्ध, वर्तमानप्रति प्रतिवद्ध गजल लेख्ने गजल-कारहरूमा इन्द्र कुमार श्रेष्ठ 'सरित्', केशव आचार्य, खुश्बूराज शाही, गोविन्द गिरी प्रेरणा, घनश्याम न्यौपाने 'परिश्रमी', चक्रव्यूह क्षेत्री, ध्रुवचन्द्र गौतम, धीरेन्द्र मल्ल, प्रमोद प्रधान, पुष्पहरि क्याम्पा राई, बूँद राना, मनु ब्राजाकी, युवराज नयाँघरे, रत्न प्रजापति, रमेश पौडेल, रमेश क्षितिज, राजेश्वर रेग्मी, राम अविराम, लव गाउँले, वसन्त प्रकाश उपाध्याय, विप्लव ढकाल, विवश पोखरेल, वियोगी बुढाथोकी र सानुराजा श्रेष्ठ 'अञ्जान' मुख्य रूपमा आउँछन्।

आजको वर्तमान, विश्व र समसामयिक सरोकार राख्ने गजलका अतिरिक्त सार्वकालिक महत्वका गजल लेख्ने गजलकारहरूमा अविनाश श्रेष्ठ, कृष्णहरि बराल, कृसु क्षेत्री, जैनेन्द्र जीवन, तीर्थ श्रेष्ठ, पूर्ण रंजीतकार, रवि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राञ्जल, ललिजन रावल, विजय वजिमय, हरि अधिकारी र ज्ञानुवाकर पौडेल-हरूका नाम उल्लेख गर्न सकिन्छ ।

समसामयिक नेपाली गजलकारहरूले गजलको अन्तिम शेरमा आफ्नो नाम वा उपनाम जोड्ने चलन ज्यादै कम गरेका छन् । यद्यपि केही गजलकारहरूले उर्दू गजलको यो परम्परालाई निरविच्छिन्न प्रयोग पनि गरी राखेका छन् । समसामयिक पुस्ताका धेरै नेपाली गजलकारहरूले उपनाम जोड्ने चलनलाई वहिष्कार पनि गरेका छन् । केही गजलकारहरूले रहरमा कुनै गजलमा नाम वा उपनाम जोडेका पनि छन् र कुनै गजलमा नाम वा उपनाम नजोडेका पनि छन् ।

नाम वा उपनाम जोड्ने गजलकारहरूमा अर्जुन सापकोटा, खुश्बूराज शाही, गुलाब खेतान, बूँद राना, मनु ब्राजाकी र ज्ञानुवाकर पौडेलको नाम उल्लेख गर्न सकिन्छ भने नाम वा उपनाम जोड्न नरुचाउने गजलकारहरूमा अमृतलाल श्रेष्ठ, कृष्णहरि बराल, नरेन्द्र राज प्रसाई, प्रकट पगेनी 'शिव', पूर्ण रंजीतकार, लव गाउँले, विजय वजिमय र हरि अधिकारी प्रमुख छन् । कहिलेकांही रहरमा नाम वा उपनाम जोड्ने गजलकारहरूमा कुसु क्षेत्री, केशव आचार्य, जैनेन्द्र जीवन, दुवसु क्षेत्री, ध्रुवचन्द्र गौतम, धर्मोगत शर्मा 'तूफान', पुष्कर माथेमा, बलराम बञ्जारा, भरत भारद्वाज, मुन पौडेल, रमेश पौडेल, रमेश क्षितिज, राम अविराम, वसन्त प्रकाश उपाध्याय र सानुराजा श्रेष्ठ 'अञ्जान' आदि उल्लेख्य छन् ।

समसामयिक पुस्तामा तीन प्रकारका गजलकारहरू देखा परेका छन् । पहिलो प्रकारका गजलकारहरूमा उर्दू र हिन्दी गजलको अध्ययन चिन्तन भएका गजलकारहरू पर्दछन्, जो उर्दू र हिन्दीमा समेत गजल लेखन सक्दछन् । यो वर्गमा गुलाव खेतान, ध्रुवचन्द्र गौतम, मनु ब्राजाकी र ज्ञानुवाकर पौडेल पर्दछन् । दोस्रो प्रकारका गजलकारहरूमा उर्दू र हिन्दी गजलको अध्ययन र चिन्तन त छ, तर तिनीहरू उर्दू र हिन्दीमा भने गजल लेख्ने गर्दैनन्, केवल नेपालीमा मात्र गजल लेख्ने गर्दछन् । यो वर्गमा कृष्णहरि बराल खगेन्द्रप्रसाद वस्याल, गोविन्द गिरी प्रेरणा, तीर्थ श्रेष्ठ, दुवसु क्षेत्री, ध्रुवचन्द्र गौतम, ध्रुव मधिकर्मी, बूँद राना, मुन पौडेल, रवि प्राञ्जल, ललिजन रावल, विजय वजिमय र हरि अधिकारी पर्दछन् । र तेस्रो वर्गमा उर्दू र हिन्दी गजलको अध्ययन र ज्ञान नभईकन गजल विधामा लागेर स्थापित भएका र स्थापित हुने क्रममा रहेका गजलकारहरूको ठूलो जमात छ ।

समसामयिक नेपाली गजलकारहरूलाई भौगोलिक क्षेत्रका हिसावले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि दुई वर्गमा वर्गीकृत गर्न सकिन्छ । पहिलो वर्गमा पहाडी भेगका गजलकार-हरू पर्दछन् । पहाडी भेगका गजलकारहरूमा अर्जुन सापकोटा, कृष्णहरि बराल, केशव प्रधान, गोविन्द गिरी प्रेरणा, जैनेन्द्र जीवन, ध्रुव मधिकर्मी, धीरेन्द्र मल्ल, पुष्प हरि क्याम्पा राई, बलराम बन्जारा रत्न प्रजापति, रमेश पौडेल, रमेश क्षितिज, लव गाउँले, वसन्त प्रकाश उपाध्याय, विप्लव ढकाल र हरि अधिकारी आदि गजलकारहरू पर्दछन् । जम्मा गजलकार संख्याको २९.४१ प्रतिशत स्थान पहाडी भेगका गजलकारहरूले ओगटेका छन् ।

तराई भेगका गजलकारहरूमा अमृतलाल श्रेष्ठ, इन्द्र कुमार श्रेष्ठ 'सरित्', कुसु क्षेत्री, केशव आचार्य, खगेन्द्रप्रसाद वरयाल, गुलाव खेतान, चक्र-व्यूह क्षेत्री, दुवसु क्षेत्री, ध्रुवचन्द्र गौतम, धीरेन्द्र प्रेमर्षि, नरेन्द्रराज प्रसाई, प्रमोद प्रधान, बूँद राना, भरत भारद्वाज, मनु ब्राजाकी, मुन पौडेल, युवराज नयाँघरे, राजेश्वर रेग्मी, राम अविराम, विवश पोखरेल र ज्ञानुवाकर पौडेल पर्दछन् । जम्मा गजलकार संख्याको ३९.२१ प्रतिशत स्थान तराई भेगका गजलकारहरूले ओगटेका छन् ।

यस बाहेक तराई र पहाडबाट काठमाडौं उपत्यकामा आएर बसेका गजलकारहरूको संख्या थुप्रो छ भने उपत्यकामै जन्मे हुर्केका गजलकारहरूको संख्या पनि कम छैन । नेपाल अधिराज्यका तराई र पहाडी भेगबाट आई काठमाडौंलाई कर्म क्षेत्र बनाई बसेका गजलकारहरूमा अर्जुन सापकोटा, कृष्ण-हरि बराल, कुसु क्षेत्री, केशव प्रधान, गुलाव खेतान, गोविन्द गिरी प्रेरणा, चक्रव्यूह क्षेत्री, जैनेन्द्र जीवन, दुवसु क्षेत्री; ध्रुवचन्द्र गौतम, धीरेन्द्र प्रेमर्षि, नरेन्द्र राज प्रसाई, पुष्पहरि क्याम्पा राई, रमेश पौडेल, रमेश क्षितिज, राम अवि-राम, ललिजन रावल, वसन्त प्रकाश उपाध्याय, विजय वजिमय र ज्ञानुवाकर पौडेल छन् । तराई र पहाडी भेगबाट काठमाडौं आई बसेका गजलकारहरूले जम्मा गजलकार संख्याको ३९.२१ प्रतिशत स्थान ओगटेका छन् ।

काठमाडौं उपत्यकामै जन्मे हुर्केका गजलकारहरूमा दिव्य गिरी, ध्रुव मधिकर्मी, धीरेन्द्र मल्ल, पूर्ण रंजीतकार, पुष्कर माथेमा, रत्न प्रजापति, रवि प्राञ्जल, लव गाउँले, वियोगी बुढाथोकी र सानुराजा श्रेष्ठ 'अञ्जान' छन् । यी गजलकारहरूले जम्मा गजलकार संख्याको १९.६० प्रतिशत स्थान ओगटेका छन् ।

जातिगत प्रतिनिधित्वका आधारमा हेर्ने हो भने समसामयिक नेपाली गजलकारको पुस्तामा क्षेत्री बाहुनको प्रतिनिधित्व बढी देखिन्छ । क्षेत्री बाहुन गजलकारहरूले जम्मा गजलकार संख्याको ६२.७४ प्रतिशत स्थान ओगटेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्री बाहुन पछि समसामयिक नेपाली गजलकारहरूमा नेवार जातिको प्रभुत्व देखिन्छ। सम्पूर्ण गजलकार संख्याको २५.४९ प्रतिशत स्थान नेवार जातिले ओगटेको देखिन्छ।

गिरी जातिवाट दुई जना (३.९२ प्रतिशत) गजलकारको प्रतिनिधित्व भएको छ भने मगर र राई जातिवाट एक एक जना गजलकारको प्रतिनिधित्व (१.९६ प्रतिशत) भएको देखिन्छ। मारवाडी सम्प्रदायवाट एक जना मात्र गजल–कारको प्रतिनिधित्व देखिन्छ भने तराईवासी मैथिली ब्राम्हाण झा जातिवाट पनि एक जनाले मात्र प्रतिनिधित्व गरेको पाइन्छ।

समसामयिक नेपाली गजलमा राष्ट्रभाषा नेपाली बाहेक विभिन्न भाषाभाषीवाट आएका गजलकारहरूको उपस्थिति पनि उल्लेखनीय छ। नेपाली बाहेक नेवारी भाषा पनि वोल्ने गजलकारहरूले जम्मा गजलकार संख्याको १९.६० प्रतिशत स्थान हासिल गरेका छन् भने नेपाली बाहेक मैथिली पनि वोल्ने गजल-कारहरूले ५.८८ प्रतिशत स्थान ओगटेका छन्। नेपाली बाहेक राजस्थानी भाषा वोल्ने गजलकारले १.९६ प्रतिशत स्थान ओगटेका छन्। त्यसै गरी नेपाली बाहेक मगर र राई भाषा पनि वोल्ने गजलकारहरूले पनि १.९६ प्रतिशत स्थान ओगटेका छन्।

समसामयिक नेपाली गजलकार

समसामयिक नेपाली गजल आधुनिक नेपाली गजल विधाको एउटा प्रतिनिधि संकलन हो र यसमा समसामयिक पुस्ताका स्थापित, चर्चित र प्रतिभा-शाली गजलकारलाई यथासंभव समावेश गरिएको छ। जम्मा ५१ जना गजल-कारका २०० वटा गजलहरू समावेश गरिएको यो संकलनले आधुनिक नेपाली गजलको एउटा कोशे ढुंगाको रूपमा काम गर्नेछ भन्ने कुरामा आशावादी हुन सकिन्छ। गजलको संग्रह प्रकाशित गरेका वा विभिन्न पत्रपत्रिकाहरूमा गजल प्रका-शित गरेर चिनिएका गजलकारहरूलाई यस संकलनमा समावेश गर्ने छनोटको आधार मानिएको छ। गजल प्रकाशनकाल र तिनको लोकप्रियता र स्तरीयतालाई पनि ध्यानमा राखिएको छ। तर नेपाल बाहिर रहेका नेपाली भाषी विदेशी नागरिकहरूका गजलहरूलाई यसमा प्रतिनिधित्व गराइएको छैन।

समसामयिक नेपाली गजल संग्रहमा समावेश गजलकारहरूलाई वर्णानु-क्रमका आधारमा स्थान दिइएको छ र यहाँ त्यही क्रममा गजलकारहरूको संक्षेप-मा चर्चा गरिन्छ।

अमृतलाल श्रेष्ठ मूलतः कवि हुन्। पूर्वी नेपालको झापा जिल्लामा वसेर निरन्तर साधनारत श्रेष्ठ कविता बाहेक गजल, कथा र संस्मरणहरू पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्दछन् । साहित्यिक पत्रपत्रिकाको सम्पादनमा पनि रुचि राख्ने श्रेष्ठका धेरै गजलहरू प्रकाशित भएका छैनन् । तर थोरै भए पनि स्तरीय, सौम्य र शिष्ट गजल लेखनमा लागी परेका श्रेष्ठले गजल लेखनमा निरन्तरता दिन सके भने नेपाली गजल विधामा उल्लेखनीय योगदान हुनेछ ।

अर्जुन सापकोटा गजल विधाका एउटा नवोदित प्रतिभा हुन् । मूलतः उनी गीतकार हुन् । गीत र गजल समान रूपमा लेखिरहेका सापकोटा पलायनतावादी गजलकार हुन् । जीवनका अनास्था, निराशा र विघटनहरूका चित्रणमा तल्लीन सापकोटा प्रेम विषयक गजल लेखनमा पनि रुचि राख्दछन् ।

अविनाश श्रेष्ठ मूलतः कवि र कथाकार हुन् । कवितामा जस्तै शिष्ट र विशिष्ट लेखनको छनक उनका गजलहरूमा पनि पाइन्छ । मानव जीवनका आरोह अवरोहहरूको चित्रण गर्नमा कुशल शिल्पी श्रेष्ठ प्रेमको सूक्ष्म र सुकुमार वर्णन गर्न पनि उत्तिकै सिपालु छन् । स्वतन्त्रता र उज्यालोका हिमायती गजलकार श्रेष्ठ शिष्ट भाषामा क्रान्तिको कुरा गर्न पनि खप्पीस छन् । शहर र शहरको यान्त्रिक र कृत्रीम जिन्दगीको विरोधलाई गजलमा ओराल्ने श्रेष्ठका गजलहरू कलात्मक छन् र तिनमा गजल धर्मको निर्वाह पनि राम्ररी भएको छ ।

इन्द्रकुमार श्रेष्ठ 'सरित्' युवा पुस्ताका संभावनायुक्त कथाकार हुन् । बितेका केही वर्ष यता उनले गजलमा पनि हात हालेका छन् । सुमधुर प्रेमका सुस्वादु गजलहरू सरित्ले लेखेका छन् । तर गजल लेखनमा उनको परिपक्वता देखिएको छैन । तथापि गजल लेखनमा सरित्ले निरन्तरता ल्याउन सके भने कथा पछि गजलमा पनि उनको उपस्थिति उल्लेखनीय मानिन सक्छ ।

कृष्णहरि बराल समसामयिक पुस्ताका चर्चित गीतकार हुन् । गीतमा जस्तै गजलमा पनि बरालले आफ्नो स्तर कायम राखेका छन् । गजलका मूल्य र मान्यताहरूप्रति सचेत बराल आफ्ना गीतहरूमा जस्तै गजलमा पनि शब्दहरू खेलाउन खप्पीस छन् र सरल, तरल र सुललित शब्दको संयोजनमा रुचि राख्दछन् । आजका कतिपय गजलकार झैं बराल हतार गर्दैनन्, शब्दहरू छरपष्ट गर्दैनन् । मनका हार्दिक भावहरूलाई अत्यन्तै संयमित भएर गजलमा कुँद्न साह्रै सिपालु कलाकार भएर बराल देखा परेका छन् । उनका ज्यादै कम गजल प्रकाशमा आएका छन् । गजल लेखनमा झैं प्रकाशनमा पनि निरन्तरता आउनु बरालका निम्ति मात्र नभएर आधुनिक नेपाली गजल विधाकै निम्ति पनि महत्वपूर्ण हुनेछ ।

कृसु क्षेत्री समसामयिक पुस्ताका नेपाली गजलकारहरूमा सबै भन्दा कान्छा गजलकार हुन् । गजलमा जस्तै कविता विधामा पनि क्षेत्री नवोदित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिभा हुन् । प्रेम, जिन्दगी र वर्तमान उनका गजलका विषयहरू हुन् । थोरै गजल प्रकाशित भएका भएतापनि एउटा ठूलो सम्भावनाको क्षितिज बोकेर उदाएका क्षेत्रीका गजलहरूमा प्रतीकको प्रयोग पनि राम्ररी भएको छ र गजलका संरचनागत मूल्य र मान्यताहरूको पनि पालना गरिएको छ ।

केशव आचार्य गजलकारभन्दा बढी मुक्तककार हुन् । तथापि गजल लेखनमा पनि उनको सशक्तता प्रष्ट देखिन्छ । गजलधर्मको पालनामा सचेत नदेखिएका भएता पनि आचार्यका गजलमा लयात्मकता छ र शब्दको संयोजन राम्ररी गरिएको पाइन्छ । प्रेम, रक्सी र जिन्दगीकै चालू विषयमा लेखिएका भए पनि उनका गजलहरू सुस्वादु र पठनीय लाग्दछन् ।

केशव प्रधान युवा पुस्ताका उल्लेख्य कवि हुन् र गीत र गजल लेखनमा पनि उनी उत्तिकै रूचि राख्दछन् । प्रधानका गजलमा अनास्था र पलायनता सूक्ष्म रूपमा प्रकट भएका देखिन्छन् । तथापि जीवनप्रतिको आस्था प्रधानका गजलहरूमा मरिरूकेको छैन । त्यसैले गजलकार प्रधान प्रेमका सुमधुर कुराहरू गजलमा गर्छन् र प्रेयसीलाई पटक पटक सम्बोधन गर्दछन् । प्रेमका अतिरिक्त समसामयिक चेत पनि उनका गजलमा अभिव्यक्त भएको छ । गजलका संरचनात्मक मूल्यहरूप्रति सचेत हुन सकेका खण्डमा प्रधानका गजलहरूले एउटा गति प्राप्त गर्नेछन् ।

खगेन्द्रप्रसाद बस्याल गजल विधालाई मात्र लिएर साधनारत युवा साहित्यकार हुन् । गजलको संरचनागत स्वरूपलाई बस्यालले पनि आत्मसात् गर्न सकेका छैनन् । तर गजल लेखनमा बस्यालको आफ्नै र प्रभावकारी शैली र शिल्प भने देखिएको छ । बस्याल भोलिप्रति आशावादी र उज्यालोका पक्षपाती भएर गजलमा प्रकट भएका छन् । बस्यालले शब्दको सुललित प्रयोग र संयोजनमा सचेष्टता देखाउन सकेको खण्डमा यिनका गजलहरूले एउटा मानक निर्माण गर्न सक्नेछन् ।

खड्गराज शाही गजल विधामा केन्द्रित लेखक हुन् । शाहीका गजलहरू कमै प्रकाशित छन् । उनका गजलहरू वर्तमानका विसंगतिप्रतिका आक्रोशका अभिव्यक्ति भएर प्रकट भएका छन् । तथापि शाहीमा प्रेमको पुरानो मोह पनि भंग भइसकेको छैन । गजलको संरचनात्मक स्वरूपप्रति भने शाहीले त्यति ध्यान पुऱ्याउन नसकेको प्रतीत हुन्छ ।

गुलाब खेतान नेपाली बाहेक उर्दू र हिन्दीमा समेत गजल लेखन सक्ने गजलकार हुन् । गजलमा प्रेमलाई अत्यन्त हार्दिक र सुललित बनाएर प्रस्तुत गर्ने खेतानले जिन्दगी र जगत्लाई पनि गजलमा चित्रित गरेका छन् । गजलको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूप र संरचनाप्रति अत्यन्त सचेत खेतानले गजलमा लयात्मकता र गेयतातर्फ पनि ध्यान पुऱ्याएका छन् । खेतानका गजलहरू समसामयिक सामाजिक सरोकारका विषयमा कम केन्द्रित छन् र सार्वकालिकताप्रति बढी प्रतिबद्ध देखिन्छन् ।

गोविन्द गिरी प्रेरणा मूलत कथाकार र कवि हुन् । कथापछि कविता उनको रूचिको विधा भएकाले यदाकदा आफ्ना हार्दिक भावहरूलाई गजलमा समेत प्रकट गर्दछन् । समसामयिक समाज र संसार प्रेरणाको गजलको विषय हो । वर्तमानको विसङ्गतिप्रति प्रेरणा असहमति व्यक्त गर्दछन् र आजको अनास्थायुक्त बचाइप्रति व्यंग्य प्रकट गर्दछन् । शहर र शहरका कृत्रीम र यान्त्रिक जीवनप्रति प्रेरणाको वितृष्णा छ । परिवर्तनप्रति पनि प्रेरणाका गजलहरूको मोह छ, तर त्यो ज्यादै सूक्ष्म रूपमा उनका गजलहरूमा अभिव्यक्त भएको छ । गजलमा अत्यन्त तीक्ष्ण व्यंग्य गर्नमा प्रेरणा खप्पीस छन्, त्यसो भएकाले प्रेरणाका गजलहरू सरल लाग्दा लाग्दै पनि प्रभावोत्पादन गर्न सक्षम देखिन्छन् । शैलीको विविधतालाई पनि प्रेरणाले आत्मसात् गरेका छन् । प्रेरणाका गजलहरूमा लयात्मकता पाइँदैन, तर गजलका संरचनात्मक मान्यताहरूलाई निकै हदसम्म पालना गरिएको पाइन्छ ।

घनश्याम न्यौपाने 'परिश्रमी' युवा पुस्ताका उल्लेखनीय गजलकार हुन् । स्तरीय गजल लेखनमा प्रतिवद्ध भएर परिश्रमी देखापरेका छन् । परिश्रमी प्रगतिवादी गजलकारका रूपमा देखा परेका छन् र परिवर्तनकाप्रति, उज्यालाकाप्रति र सम मानवीय जीवन स्थापनाकालागि परिश्रमी आफ्ना स्वरहरू गजलमा प्रकट गर्दछन् । गजलका संरचनात्मक मूल्य र मान्यताहरूप्रति पनि परिश्रमी सचेत छन् । परिश्रमीले आफ्ना गजलहरूमा प्रतीकको प्रयोग पनि गरेका छन् । यद्यपि उनले शब्दको सादा र सीधा प्रयोगबाट गजललाई जोगाउनेतर्फ ध्यान दिनु अझै आवश्यक छ ।

चक्रव्यूह क्षेत्री कविता र गजलमा समर्पित भएर लेखिरहेका युवा पुस्ताका लेखक हुन् । स्वतन्त्रता र मानवताप्रति प्रतिबद्ध क्षेत्रीका गजलहरू प्रेमका परम्परागत वर्णनहरूमा अलमल्लिएका पनि छन् । शहरको कृत्रीम सभ्यताप्रतिको विरोध, आजको अनास्थाग्रस्त बचाइप्रति असहमति र आस्था र उज्यालोको पक्षमा आवाज उठाउने काम क्षेत्रीले आफ्ना गजलहरूमा गरेका छन् । तर उनका गजलहरूमा लयात्मकताको कमी छ र गजल धर्मको पालनाप्रति क्षेत्रीले सजग रहनु पनि त्यत्तिकै आवश्यक देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जैनेन्द्र जीवन बीसको दशकमा उदाएर तीसको दशकको युवा पुस्तामा चर्चित र प्रतिभाशाली कवि र कथाकार हुन् । गजल उनको शोखको विधा हो । तर थोरै लेखे पनि स्तरीय र विशिष्ट लेख्ने जैनेन्द्रको लेखन गजलमा पनि त्यसरी नै प्रकट भएको छ । गजलमा उनको व्यंग्य अझ तीक्ष्ण भएर देखा परेको छ । समसामयिकता जैनेन्द्रका गजलहरूमा पनि प्रकट भएको छ र वर्तमानको विसंगति र विचलनप्रति उनको आक्रोश गजलमा पनि अभिव्यक्त भएको छ । जैनेन्द्रले जीवनलाई विभिन्न कोणबाट कोट्याएर हेरेका छन्, यो हेर्ने क्रममा यदाकदा प्रेमको सूक्ष्म र सुकुमार वर्णन पनि जैनेन्द्रका गजलमा भएका छन् । पलायनता र निराशा पनि कहिलेकाहीं जैनेन्द्रमा देखिन्छ, तर मूलत: उनी आस्था, उज्यालो र स्वतन्त्रताका पक्षपाती हुन् र परिवर्तनप्रति उनको मोह छ । तर गजलको संरचनात्मकतातिर जैनेन्द्रको ध्यान पुगेको छैन, त्यसले गर्दा उनका गजलहरूमा लयात्मकता यदाकदा खजमजिएको पनि पाइन्छ ।

तीर्थ श्रेष्ठ मूलत: कवि हुन् र तीसको दशकको कवि पुस्तामा उनको अलग्गै स्थान छ । हार्दिकता र बौद्धिकताको समन्वय गरेर कविता रचना गर्ने श्रेष्ठको शैली गजलमा पनि पाइन्छ । स्वतन्त्रता र मानवता, आस्था र उज्यालो मात्र हैन, श्रेष्ठले गजलमा राष्ट्र र राष्ट्रियताको कुरा पनि उठाएका छन् । विश्व र विश्व बन्धुत्वको कुरा पनि उठाएका छन् र क्रान्ति र परिवर्तनको स्वर पनि उठाएका छन् । अधिकांश गजलकारहरूले लेख्ने गरेको प्रेमको विषयभन्दा श्रेष्ठ निकै टाढा छन् । तर श्रेष्ठका गजलहरूलाई उनको कविले थिचेको छ र उनका गजलमा गद्यात्मकता अलि बढी नै प्रकट भएको छ ।

दिव्य गिरी युवा पुस्ताका सक्रिय गजलकार हुन् । प्रेम उनको गजलको विषय भएता पनि उनीभित्र परिवर्तनप्रति पनि उत्तिकै आस्था छ । शहरी जीवनको कृत्रीमता र आजको युगको यान्त्रिकताप्रति पनि उत्तिकै आक्रोश छ । गिरीका गजलहरूमा गजलका संरचनात्मक त्रुटिहरू फेला पर्दछन्, तर पनि उनका गजल-हरू सुपाठ्य छन् र एक किसिमको प्रभावोत्पादकता प्रदान गर्न सक्षम छन् ।

दुबसु क्षेत्री तीसको दशकको उत्तरार्द्धमा देखा परेका युवा कवि हुन् । गजल उनको शोखको रचना विधा हो । क्षेत्रीका कविताहरूले उनका आफ्नै गजलहरूलाई थिचेको देखिन्छ ।

धर्मगत शर्मा 'तूफान' प्रगतिवादी गजलकार हुन् । उनका गजलहरूमा प्रगतिवादी चेतना कहिलेकाहीं आवश्यकताभन्दा बढी पनि प्रकट भएको पाइन्छ । तर गजल धर्मको निर्वाहप्रति भने तूफान निकै सचेत देखिन्छन् । परिवर्तनकाप्रति,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोलिको सुन्दर भविष्यकाप्रति र उज्यालो जिन्दगी र नमेटिने इतिहासका निम्ति तूफानले आफ्नो आस्था र आवाजलाई गजलमा अभिव्यक्त गरेका छन्। शब्दहरूको भीडलाई जुलुसबाट जोगाएर हिंडाउन सक्ने तूफानका गज़लहरूले एउटा छुट्टै मापदण्ड खडा गर्न सक्नेछन्।

डा० ध्रुवचन्द्र गौतम नेपाली साहित्यका कथा र उपन्यास विधाका उच्चतम उपलब्धी र एक उल्लेख्य स्थापित हस्ताक्षर हुन्। रहरले गीत, गजल र यदाकदा कविता समेत लेख्ने गौतमका थोरैमात्र गजलहरू प्रकाशित भएका छन्। कथा र उपन्यासमा जस्तो सशक्तता उनका गजलमा प्रकट हुन नसकेको भए तापनि गजलमा पनि गौतमको शैली अरू गजलकारको भन्दा अलग्गै छ। उनका गजलहरू सन्तुलित पनि छन् र पठनीय पनि लाग्दछन्। व्यंग्य गर्ने उनको निजी शैली गजलमा पनि प्रकट भएको पाइन्छ। अनस्तित्व र अनास्थाको भीडबाट अस्तित्व र आस्थाको सूक्ष्मतम बिन्दूको खोज गर्ने शिल्प गौतमका गजलहरूमा पनि देखिन्छ। गजल धर्मप्रति पनि गौतम सचेत जस्ता देखिन्छन्, तर उनका गजलहरूमा गेयताको कमी अलि बढी नै देखिएको छ।

ध्रुव मधिकर्मी मूलतः कथाकार हुन्। कथा लेखन सँगसँगै कविता र गजल विधामा देखा परेका मधिकर्मी पछिल्ला वर्षहरूमा गजल विधाप्रति बढी आकृष्ट देखिएका छन्। अत्यन्त सचेत र सावधान भएर शब्दको संयोजन र प्रयोग गर्ने मधिकर्मीको शैली सरल छ, तर अभिव्यक्तिको प्रहार कडा छ। मधिकर्मीका गजलहरूमा लयात्मकता छ र एउटा सन्तुलित प्रवाह छ। श्रृंखला-बद्ध भावहरूको सुसङ्गत मेल उनका गजलहरूमा भेटिन्छ। जीवनको गहिराइ-सम्म पुगेर सूक्ष्मतम वर्णन गर्ने मधिकर्मी उज्यालो, आस्था र स्वाधीनताप्रतिको प्रतिबद्धता आफ्ना गजलहरू मार्फत प्रकट गर्दछन्। मानव र मानवताप्रतिको प्रेमलाई पनि मधिकर्मीले आफ्नो गजलमा अभिव्यक्ति दिएका छन्। जिन्दगी, मान्छे र समय मधिकर्मीका गजलका प्रमुख विषयहरू हुन् र समसामयिकता पनि उनका गजलहरूका प्रकट भएको छ भने उनका गजलमा चेतनाको पनि राम्ररी प्रयोग भएको छ। गजलको रूप विधान र गजल धर्मप्रति पनि मधिकर्मी सचेत देखिन्छन्। मधिकर्मीका गजलहरू आधुनिक नेपाली गजलका उच्चतम उपलब्धी हुन्।।

धीरेन्द्र मल्ल अत्यन्त थोरै गजलहरू लिएर नेपाली साहित्यमा देखा परेका छन्। कविता उनको मूल विधा हो। समसामयिक सामाजिक सरोकारका विषयहरूलाई मल्लले गजलमा अभिव्यक्त गरेका छन्। वर्तमानप्रतिको आक्रोश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र अनाचारप्रतिको असहमति उनका गजलमा पाइन्छ । तर मल्ल गजलको संरचनात्मक मूल्यप्रति भने सचेत देखिँदैनन्, त्यसै हुनाले उनका गजलहरू गद्यात्मक र कठोर लाग्दछन् ।

धीरेन्द्र प्रेमर्षि नवोदित कवि तथा गजलकार हुन् । प्रेमर्षिका गजलहरू थोरै संख्यामा प्रकाशित भएका छन्, तर तिनमा रचना कौशल र कलात्मकताको सम्भावना प्रष्ट देखिएको छ । प्रेमर्षिका गजलहरूले प्रेमको पुरानो विषयलाई पनि नवीन ढङ्गले आत्मसात् गरेका छन् । प्रेमर्षिका गजलहरूले केवल प्रेमलाई मात्र वर्णन गरेका छैनन्; सामाजिक अव्यवस्था र वर्तमानको विसंगतिप्रति पनि विरोध प्रकट गरेका छन् । प्रेमर्षिका गजलहरू लयात्मक छन्, उनका गजलमा संगीतात्मकमा छ र गजलहरू गेय पनि छन् । प्रेमर्षिले गजल धर्मको निर्वाह पनि गरेका छन् ।

नरेन्द्रराज प्रसाईं मूलत गीतकार हुन् र गजलमा उनको प्रवेश निकै ढीलो गरी भएको हो । गजलको रूप विधानप्रति प्रसाईं त्यति सचेत नभएको पाइए तापनि शब्दको सुललित प्रयोग गर्नमा भने प्रसाईं निकै सिपालु छन् । उनका गजलहरू लयात्मक र गेय छन् । प्रेम उनको पनि गजलको विषय हो र जिन्दगीका आरोह–अवरोह, सुख–दुःख र घाम–छायाँहरूलाई प्रसाईंले गीतमा जस्तै गजलमा पनि सुकोमल अभिव्यक्ति दिएका छन् । ग्रामीण नेपाली जन–जीवन र स्थानीयताको चित्रण गर्न र नेपाली रहनसहन र संस्कृतिलाई कलात्मक ढङ्ग दिएर गजलमा प्रस्तुत गर्न प्रसाई निकै खप्पीस छन् ।

प्रकट पगेनी 'शिव' निरन्तर साधनारत युवा पुस्ताका कवि हुन् र कविता बाहेक गीत र गजलमा पनि शिवको रूचि छ । शिवले हार्दिक भावनाहरू–लाई अत्यन्त सूक्ष्म र सुललित शैलीमा गजलमा अभिव्यक्ति दिएका छन् । हार्दिकता र त्यसको तीक्ष्ण प्रभावोत्पादकता उनका गजलका विशेषता हुन् । मान्छेको जिन्दगी, जिन्दगीका विभिन्न आयामहरू, माया–प्रेम, जन्म–मृत्यु, यौन–यौवन जस्ता विषयहरूमाथि उनका गजलहरू केन्द्रित भएका छन् । लयात्मकता यिनका गजलहरूमा यथेष्ट पाइन्छ, तर पनि उनले गजलको रूप विधान-प्रति सचेतता देखाउन सकेको भने पाइँदैन ।

प्रमोद प्रधान युवा पुस्ताका चर्चित कवि हुन् । कविता बाहेक निबन्ध र समालोचनामा समेत हात हाल्ने प्रधान यदाकदा गजलमा समेत रूचि राख्दछन् । थोर भए पनि प्रधानका गजलहरू स्तरीय छन् र गजल धर्मप्रति पनि प्रधान निकै सचेष्ट छन् । प्रधानका गजलमा प्रेम पनि सूक्ष्म रूपमा प्रकट भएको छ भने समसामयिक विसंगतिप्रति विरोध र आजको युगीन विडम्बनाप्रति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यंग्य पनि उनका गजलमा अभिव्यक्त भएको पाइन्छ। शहरिया जीवनको कृत्रीमता र आजको युगको अमानवीयताप्रति पनि प्रधान आक्रोश प्रकट गर्दछन्। व्यंग्यको तीक्ष्ण प्रयोग र तीव्र प्रभावोत्पादकता पनि प्रधानका गजलका विशेषताहरू हुन्।

पूर्ण रंजीतकार गजल विधामै समर्पित भएर लेख्ने युवा पुस्ताका चर्चित गजलकार हुन्। गजलको रूप विधान र संरचनात्मक मूल्यप्रति प्रतिबद्ध र सचेत रंजीतकार सूक्ष्म रूपमा गजलमा आफ्नो एउटा अलग्गै शैलीको निर्माणमा लागेका छन्। रंजीतकारका गजलहरू केवल वर्तमानप्रति मात्र सचेत छैनन्, उनका गजलहरू सार्वकालिक छन् र ती धेरै कालसम्म मर्दैनन्। मान्छे र मान्छेको जिन्दगीको आरोह–अवरोहका विभिन्न आयामहरूलाई अत्यन्त संयमित भएर सुललित शब्दमा अभिव्यक्ति दिने रंजीतकारका गजलहरूमा युगीन चेतना पनि राम्ररी प्रकट भएको छ। प्रेमलाई पनि रंजीतकारले आफ्नो गजलको विषय बनाएका छन्,तर रंजीतकार प्रेमको सस्तो र छरपष्ट वर्णन गर्दैनन्। प्रेमको हार्दिकतालाई गजलको तरलतामा प्रवाहित गरेर रंजीतकारले गजलको मूल प्रवाह बनाएका छन्। रंजीतकारका गजलहरू शिष्ट, विशिष्ट र सन्तुलित पनि लाग्दछन् र आधुनिक गजलमा एउटा छुट्टै अस्तित्व राख्न समर्थ छन्।

पुष्कर माथेमा गजल विधा लिएर नेपाली साहित्यमा देखा परेका युवा साहित्यकार हुन्। आजको अस्तव्यस्त जीवन र वर्तमानको विसंगत विश्व र युगीन विडम्बनालाई गजलको विषय बनाएर माथेमा गजलमा प्रकट हुन्छन्। अनास्थाको विरुद्ध, अव्यवस्थाको विरुद्ध र अनाचारको विरुद्ध संयमताकासाथ माथेमा आफ्ना आवाजहरू गजलमा अभिव्यक्त गर्दछन्। थोरै भएपनि माथेमाका गजलहरू स्तरीय छन्, तर ती गजलहरूमा गजलका संरचनागत त्रुटिहरू यदाकदा पाइन्छन्।

पुष्पहरि क्याम्पा राई नवोदित गजलकार हुन्। राईका गजलहरूमा प्रेमको कलात्मक प्रस्तुति पाइन्छ एकातिर भने परिवर्तनकाप्रति पनि राई आशावादी देखिन्छन्। राईका गजलहरूले समसामयिक समाजका विसंगतिहरूमाथि प्रहार पनि गरेका छन्। स्तरीय गजल लेखनतर्फ लगनशील राईले गजलको रूपविधानप्रति भने निकै सचेत रहनु पर्ने देखिन्छ।

बलराम बञ्जारा समसामयिक पुस्तामा नवोदित गजलकारका रूपमा देखा परेका छन्। बञ्जारा गजलका अतिरिक्त कविता र कथा लेखनमा समेत रुचि राख्दछन्। तर गजलमा देखिएको उनको प्रतिभा अरू विधाका तुलनामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेखनीय र प्रभावशाली छ । सुललित पद र पदावलीको प्रयोग गरेर गजल-लाई सरल र तरल बनाउने दिशामा लागेका बन्जाराले गजललाई आफ्ना हार्दिक भावनाहरूलाई अभिव्यक्त गर्ने माध्यम बनाएका छन् ।

बूँद राना गजल विधामा केन्द्रित भएर लेख्ने युवा पुस्ताका चर्चित गजलकार हुन् । प्रगतिवादी चेतनालाई आफ्ना गजलहरूमा अभिव्यक्त गर्न सिपालु रानाले गजलको संरचनात्मक रूपविधानलाई पनि ख्याल गरेको पाइन्छ । प्रेमलाई पनि अत्यन्त रोचक ढङ्गले गजलमा प्रस्तुत गर्ने रानाले जीवन-को चित्रणलाई पनि गजलको विषय बनाएका छन् । बूँद रानाका गजलहरूमा गेयात्मकता छ र कलात्मकता पनि छ । आकर्षक शैली र प्रस्तुतिले गर्दा राना-का गजलहरू लोकप्रिय पनि भएका छन् । रानाका गजलहरूले आधुनिक नेपाली गजलको विकासमा पनि योगदान गरेका छन् । तर रानाले आफ्नो विचारको आग्रहलाई अझ संयमित र कलात्मक बनाउनु पर्नेतर्फ ध्यान दिनु पनि उत्तिकै आवश्यक देखिन्छ ।

भरत भारद्वाज नवोदित गजलकारका रूपमा देखा परेका छन् । कविता, गीत र गजल समान रूपमा लेखिरहेका भारद्वाजले प्रेम र जीवन, क्रान्ति र परिवर्तन, समय र स्वाभिमान, समाज र संसारलाई आफ्नो गजलको विषय बनाएका छन् । गेयात्मकता र लयात्मकता भारद्वाजका गजलमा न्यून छ । गजलको केन्द्रीय रूपविधानप्रति भारद्वाज सचेत हुन सकेको पाइँदैन । तर युगीन चेतनाको राम्ररी प्रयोग भएका भारद्वाजका गजलहरू स्तरीयताका दृष्टिले भने निकै मजबूत छन् ।

मनु ब्राजाकी मूलतः कथाकार हुन् । गजल ब्राजाकीको शोखको विधा हो । तर उर्दू र हिन्दीको विशद अध्ययन भएका ब्राजाकी गजल विधातर्फ आकर्षित भई दिनाले नेपाली गजल विधालाई ठूलो योगदान मिलेको छ । ब्राजाकी कथामा झैं गजलमा पनि आफ्नो अलग्गै र विशिष्ट शैली र पहिचान बनाउन प्रयत्नशील छन् । गजलको संरचनात्मक मूल्य र मान्यता एवं रूप-विधानको पर्याप्त अध्ययन भएतापनि कहिलेकाहीं ब्राजाकी आफ्नै गजलमा चिप्लेर पछारिएका पनि छन् । शब्द संयोजनमा र गजलको आरम्भ र अन्तमा कहिलेकाहीं सावधान नभईदिँदा ब्राजाकीका गजलहरू अलमलिएका पनि छन् । सुरा र सुन्दरीको सस्तो वर्णनले ब्राजाकीको गजल नराम्ररी खस्किएको पनि पाइन्छ । गजलमा प्रेम र क्रान्तिका कुरा सँगसँगै गर्ने मनु ब्राजाकीले यदाकदा प्रगतिशील सपना पनि देख्ने गरेका छन् र ती प्रगतिवादी आग्रहहरूलाई गजल-मा पनि खोँद्ने गरेका छन् । कथामा जस्तै अस्तव्यस्तता र छरपष्टता उनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गजलहरूमा पनि यदाकद: पाइन्छ । तर ब्राजाकीका अधिकांश गजलहरू गजल–का संरचनात्मक दृष्टिले स्तरका दृष्टिले, र लयात्मकताका दृष्टिले स्तरीय र लोकप्रिय पनि छन् । ब्राजाकी गजल विधाप्रति प्रतिवद्ध र अध्ययनशील पनि देखिन्छन् । युवा पुस्ताका अधिकांश लेखक र गजलकारहरूमा नदेखिएको अध्ययन र चिन्तन वृत्ति र प्रवृत्ति तर आश्चर्यजनक रूपमा ब्राजाकीमा पाइन्छ । यसकारणले पनि ब्राजाकीका गजलहरू उल्लेखनीय र अलग्ग लाग्दछन् ।

मुन पौडेल गजल विधामा केन्द्रित भएर निरन्तर लेखिरहेको युवा पुस्ताका चर्चित गजलकार हुन् । विविध विषयलाई विविधता दिएर आकर्षक शैलीमा प्रस्तुति दिने पौडेलका गजलमा हार्दिकता र बौद्धिकताको समन्वय पाइन्छ । पौडेलका गजलहरू आक्रामक लाग्दैनन्, तर शिष्ट भएर तीक्ष्ण व्यंग्य र कडा प्रहार गर्न भने पौडेल चुक्तैनन् । पौडेलका गजलहरू सरल भए पनि तरल छन्, लयात्मक भएपनि कलात्मक छन् र बौद्धिक भएपनि सुललित छन् । पौडेलले गजल धर्मको निर्वाहप्रति ध्यान पुऱ्याएको देखिन्छ, तापनि कतिपय गजल-हरूमा पौडेल गद्यात्मक र कठोर पनि लाग्दछन् । जे भएपनि पौडेलका गजलहरू युगीन चेतनालाई बोकेर नेपाली गजलको एउटा विशिष्ट मानक खडा गर्न निरन्तर प्रयत्नशील छन् ।

युवराज नयाँघरे नवोदित कवि तथा गजलकार हुन् । कविता विधा-भन्दा गजल बढी लेखिरहेका नयाँघरेले आजको विसङ्गत वर्तमानप्रति र आजको सामाजिक विडम्बनाप्रति तीक्ष्ण प्रहार गर्ने माध्यमका रूपमा गजललाई लिएका छन् । प्रेम, यौवन र जीवनलाई पनि सूक्ष्म अभिव्यक्ति दिने कलामा गजलकार नयाँघरे सिपालु छन् । नयाँघरेले सामाजिक सरोकारका विषयमा पनि गजलको ध्यान आकर्षित गरेका छन् । नयाँघरेका गजलहरू कलात्मक पनि छन् र लयात्मक पनि छन्, तापनि उनले गजलको केन्द्रीय रूपविधानप्रति सजग रहनु आवश्यक छ ।

रत्न प्रजापति नवोदित गजलकार हुन् र गजल विधामा केन्द्रित भएर साधनारत प्रतिभा हुन् । प्रजापतिका गजलहरूमा प्रेमलाई अत्यन्त मार्मिक ढंगबाट अभिव्यक्त गरिएको हुन्छ । प्रजापतिको शैली शिष्ट र सरल छ र उनका गजलमा कलात्मकता पनि धेरै हदसम्म पाउन सकिन्छ । तर अधिकांश नवोदित गजलकारहरूले झैं प्रजापतिले पनि गजलको संरचनात्मक ढाँचाप्रति भने ध्यान पुऱ्याएका छैनन् ।

रमेश पौडेल नवोदित गजलकारका रूपमा एउटा ठूलो सम्भावना बोकेर आएका छन् । आजको समयको कृत्रीमता, शहरी जीवनको यान्त्रिकता र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजको युगको विसङ्गतिप्रति तीव्र आक्रोशको प्रखर अभिव्यक्ति लिएर प्रकट भएका पौडेलका गजलहरूमा लयात्मकता र संगीतात्मकताको भने कमी देखिन्छ। पौडेल गजलको संरचनात्मक मूल्यप्रति सचेत रहन सकेका छैनन्, तर उनका गजलहरूमा युगीन चेतनाको भने अत्यन्त सन्तुलित प्रयोग भएको छ।

रमेश क्षितिज गजलकारका रूपमा एउटा उज्यालो क्षितिज बोकेर उदाएका नवोदित प्रतिभा हुन्। क्षितिज आफ्ना दौंतरी गजलकारहरूले झैं गजललाई सामाजिक सरोकारको विषय बनाउँछन्। समसामयिकता पनि उनका गजलहरूमा प्रशस्त प्रकट भएको छ। प्रेमलाई गजलको विषय बनाउने मोह क्षितिजमा अझै पनि छ। गजलको रूपविधानप्रति भने क्षितिज पनि सचेत र सजग रहन सकेका देखिदैनन्।

रवि प्राञ्जल गजल विधामा समर्पित भएर देखा परेका युवा पुस्ताका चर्चित गजलकार हुन्। विगत समयमा कविता र गीत लेखनमा समेत रूचि राखने प्राञ्जल केही वर्ष यता आएर गजलमा मात्र केन्द्रित भएका पाइन्छन्। शव्दको संयोजन र प्रयोगमा अत्यन्त सचेत र सजग भएर गजल लेखनमा प्रतिवद्ध प्राञ्जल गजलका संरचनात्मक मूल्य, मान्यता र रूपविधान–प्रति पनि उत्तिकै सचेष्ट छन्। हार्दिकता र बौद्धिकताको सम्मिश्रण गरेर आफूले भन्नु पर्ने विषयको गहिराइसम्म पुग्न सक्ने प्राञ्जलको शैली कलात्मक छ र गजल लयात्मक र गेय पनि छन्। विषयगत विविधतालाई आत्मसात् गर्दै प्राञ्जलले शैली र शिल्पको समन्वय पनि कायम गरेका छन्। जीवनका आरोह–अवरोह र भोगाइका विभिन्न आयामहरूलाई गजलमा जीवन्तता प्रदान गर्न उत्सुक र सक्षम गजलकार प्राञ्जलमा प्रगतिवादी चेतना पनि यदाकदा प्रकट भएको पाइन्छ र यस्ता विचार वा वादप्रतिको आग्रहलाई गजलमा ओराल्दा गजलकारले संयमित र सावधान हुनु पर्ने देखिन्छ। गजल विधामै केन्द्रित भएर निरन्तर गजल रचनामा तल्लीन प्राञ्जलका गजलहरू आधुनिक नेपाली गजलका उच्चतम उपलव्धीहरू हुन्।

राजेश्वर रेग्मी नवोदित कवि तथा गजलकार हुन्। युवा पुस्ताको एउटा ठूलो जमात गजल लेखनतर्फ आकृष्ट भएको छ र त्यसमा अलिकति भिन्न स्वर र शैली लिएर रेग्मी देखा परेका छन्। आजको विश्वको विडम्बना, अनास्थाले थिचेको आकाश र विसंगतिले विचलित जीवनप्रति असहमति, विरोध र व्यंग्यको शैली लिएर देखा परेका रेग्मीका गजलहरू पठनीय छन्। तर तिनमा लयात्मकताको कमी र गजलधर्मको निर्वाहप्रतिको सचेतताको कमी भने प्रष्ट देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम अविराम हाइकू, मुक्तक र गजल लेखन सँगसँगै लिएर देखा परेका नवोदित पुस्ताका प्रतिभा हुन् । स्वतन्त्रता, प्रजातन्त्र र मानवतालाई आफ्नो लेखनको अभीष्ट वनाएर लेखनमा उत्रेका अविरामका गजलहरूमा वर्तमानप्रतिको विद्रोह पनि प्रवट भएको छ । राष्ट्रिय सीमाभन्दा वाहिर गएर वर्लिनको पर्खालसम्म छुने अविराम शायद उल्लेख्य नेपाली गजलकार हुन् । नेपाली गजलमा अन्तर्राष्ट्रिय भावनाहरूलाई आत्मसात् गराउन प्रतिबद्ध अविरामका गजलहरू गजलको रूपविधानप्रति भने सचेत देखिदैनन् ।

ललिजन रावल गजल विधामा मात्र केन्द्रित भएर देखा परेका वर्तमान पुस्ताका चर्चित र स्थापित गजलकार हुन् । गजल बाहेक रावलले कविता पनि लेखेका छन्, तर केही वर्ष यता आएर रावलले आफूलाई गजल विधामा मात्र समर्पित गरेका छन् । रावलले उर्दू र हिन्दी गजलको समेत प्रशस्त अध्ययन गरेका छन् र गजलका संरचनात्मक मूल्य–मान्यता र रूपविधानप्रति रावल अत्यन्त सचेत र सावधान छन् । अत्यन्त संक्षिप्त शब्दको प्रयोग र सुसंयोजन रावलका गजलमा पाइन्छन् भने यिनका गजल सरल मात्र छैनन्, तरल पनि छन् र एउटा लयात्मक प्रवाह यिनका गजलमा पाइन्छ । त्यसैले रावलका गजलहरू गेय छन् र गाइएका पनि छन् ।

रावलका गजलमा विषयगत विविधतालाई समाहित गरिएको पाइन्छ भने हृदय तत्व र बुद्धि तत्वको एउटा सुसङ्गत मेल पनि यिनका गजलमा पाइन्छ । नेपाली भाषाका सुललित र मृदु शब्दहरूका प्रयोगप्रति अत्यन्त सजग रावलले आफ्ना गजलमा उर्दू र हिन्दीको छाप पर्न दिएका छैनन् । तर पनि यिनका गजलमा थाहा नपाइने किसिमले संरचनागत त्रुटिहरू पनि नभएका होइनन् । गजलको सार्वकालिक जीवन्ततालाई छोडेर रावल कहिले काहीं प्रगतिवादी चेतनाको प्रयोग गर्न तिर लाग्दा केही पातलिएका पनि छन् र कतिपय ठाउँमा खस्केका पनि छन् । तर रावलको शैली भने सुललित छ र आफ्ना भावहरूलाई शिल्पयुक्त ढंगले गजलमा कुंद्न सिपालु रावलका गजलहरू कलात्मक पनि छन् । यिनका गजलहरू कम जटील र कम बौद्धिक छन्; त्यसैले ती गद्यात्मक र कठोर पनि छैनन् । कुनै पनि विषयलाई गहिराइसम्म पुगेर हेर्न खोज्ने र खोतल्न खोज्ने रावलको गजल शैलीको आधुनिक नेपाली गजलमा अलग्ग र विशिष्ट स्थान छ । रावलले आधुनिक नेपाली गजललाई एउटा नवीन दिशा र गति प्रदान गरेका छन् । यिनका गजलहरू नेपाली गजलकै वैभव हुन् ।

लव गाउँले मूलतः कथाकार हुन् । कथा पछि कविता र गजल विधामा पनि गाउँलेको रूचि देखिएको छ । कथामा यौन र यौनजन्य मानसिकतालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रित गर्ने गाउँलेले गजलमा प्रेम र पीडालाई, जीवन र यौवनलाई, शहर र शहरी कृत्रीम मानसिकतालाई, विसंगति र विडम्बनालाई, अनास्था र पलायनतालाई, गजलमा चित्रित गरेका छन् ।

व्यंग्यको पनि गाउँलेको गजलमा यथेष्ट मात्रामा प्रयोग भएको पाइन्छ । रोचक तथ्यको प्रयोग कथामा झैं गजलमा गर्न पनि गाउँले खप्पीस छन् । कथामा झैं गजलमा पनि यथार्थवादी धारालाई यिनले अंगाली राखेका छन् । तर यिनका गजलहरूमा एकातिर लयात्मकताको अभाव छ भने अर्कोतिर गजलको संरचनात्मक स्वरूपप्रति गाउँले सचेत हुन सकेका छैनन् ।

बसन्त प्रकाश उपाध्याय एउटा नवीन आकाश बोकेर उदाएका नवोदित पुस्ताका कवि तथा गजलकार हुन् । छोटा छोटा कविता, मुक्तक, लघुकथाका अतिरिक्त गजल लेखनमा तल्लीन उपाध्यायका गजलहरू आजको समसामयिक परिस्थिति र परिवेशको चित्रण गर्ने माध्यमका रूपमा आएका छन् । अधिकांश दौंतरी गजलकारहरूले झैं उपाध्यायले पनि सौन्दर्य, यौवन र प्रेमको वर्णन गर्ने मोह छोड्न सकेका छैनन् । तथापि उपाध्यायका गजलहरूले सामाजिक जीवनका सरोकारका विषयहरूमा पनि आँखा चिम्लेका छैनन् । तर यिनका गजलमा गेयताको अभाव देखिन्छ र संरचनात्मक स्वरूपका सम्वन्धमा पनि ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ ।

बिजय वजियम तीसको दशकका युवा पुस्ताका चर्चित कवि हुन् । कविता बाहेक कथा, गीत र गजलमा वजिमय उत्तिकै सशक्त र सक्रिय देखा परेका छन् । वजिमयले प्रेम र पीडा, यौन र यौवन, रक्सी र रंगीन दुनियाँलाई गजलको विषय बनाए तापनि यिनका गजलहरूमा सुललित शब्दहरूका सुपाठ्य संयोजन भएको पाइन्छ । वजिमयका गजलहरूमा हृदय पक्ष पनि मुखरित भएको पाइन्छ भने बुद्धि तत्व पनि त्यत्तिकै सवल देखिन्छ । तर कवितामा पाइने बौद्धिकता र व्यंग्य यिनका गजलमा अलि कम पाइन्छ । वजिमयका गजलहरू एउटा प्रवाहमा वगे जस्ता छन् र एउटा शृङ्खलामा आवद्ध देखिन्छन् । प्रेमको पुरानो विषयवाट गजलको यात्रा शुरू गरेका वजिमयले वातावरण जस्तो विश्व-व्यापी विषयलाई पनि सर्वप्रथम नेपाली गजलमा भित्र्याएका छन् । यसले गर्दा नेपाली गजलको दायरा अव अझ फराकिलो भएको छ । निश्चय पनि वजिमयले गजलका संरचनागत विधानप्रति त्यति ध्यान पुऱ्याउन सकेका छैनन्, तर पनि उनको गजल लेखन खस्केको पाइँदैन । एउटा अलग्ग शैली र वैशिष्ट्यको निर्माणमा लागेका वजिमय कतिपय ठाउँमा सतहमा पनि परेका छन् । तर मानवीय मूल्य र मान्यता प्रति प्रतिवद्ध, उज्यालो, आस्था, स्वतन्त्रता र सुन्दर भविष्यप्रति प्रतिवद्ध भएर लेखिएका वजिमयका गजलमा एउटा शिष्ट तर विशिष्ट साहित्यिक मूल्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइने हुनाले उनका गजलहरूले आधुनिक नेपाली गजललाई एउटा नवीन मोड दिएका छन् ।

विप्लव ढकाल नवोदित पुस्ताका गजलकार हुन् । गजल बाहेक कविता र नाटक–एकाङ्कीमा समेत हात हालेका ढकालका गजलहरूमा प्रगतिशील चेतनाको राम्ररी प्रयोग भएको पाइन्छ । गजलमा आजको विश्वमा देखापरेको विसंगति, युद्ध, घृणा र यान्त्रिक यन्त्रणाको विरूद्धमा आवाज उठाउने ढकालले शान्ति, सभ्यता र मानवताको पक्षमा पनि आवाज उठाएका छन् । ढकालका गजलहरू अरू गजलकारका अपेक्षा बढी बौद्धिक छन् र शब्दको वजनदार प्रयोग- मा पनि ढकाल उत्सुक देखिन्छन् । अन्य कतिपय गजलकारहरूले झैं ढकालले पनि गजलको संरचनात्मक विधानलाई बेवास्ता गरेका छन् र अधिकांश उनका गजलहरूमा गेयताको कमी देखिएको छ ।

वियोगी बुढाथोकी मूलतः कवि हुन् । तर केही वर्ष यता आएर बुढा– थोकीले आफूलाई गजल विधामा केन्द्रित र समर्पित गरेका छन् । बुढाथोकी शुरु शुरूमा एउटा लहडमा गजल विधातर्फ आकृष्ट भएर लेखन थालेका भएता पनि उनका गजलहरूमा युगीन चेतनाको राम्ररी प्रयोग भएको पाइन्छ एकातिर भने अनास्था, अनाचार र अव्यवस्थाप्रतिको आक्रोश र वर्तमानको विडम्वनाप्रतिको विरोधको स्वर पनि उनका गजलमा प्रशस्त प्रकट हुन्छन् । समसामयिक चेत पनि बुढाथोकीमा पाइन्छ । तर प्रेमको पुरानो मोह पनि उनले आफ्ना गजलहरूमा यदाकदा देखाएका छन् । त्यसो त मानवता, स्वतन्त्रता र प्रजातन्त्र प्रतिको प्रेम पनि बुढाथोकीका गजलहरूमा सशक्त भएर उभिएको पाइन्छ । बुढाथोकी आफ्ना गजलहरूमा व्यंग्यको प्रहार पनि वडो सवल रूपमा गर्दछन्, गजलमा बुढाथोकी अत्यन्त तीक्ष्ण आक्रमण गर्दछन् । तर बुढाथोकीका गजलहरूले गजल धर्मको निर्वाहमा ध्यान पुऱ्याएका छैनन् एकातिर भने रूपविधानप्रति बुढाथोकी असाव- धान देखिन्छन् । यद्यपि बुढाथोकीका गजलहरू आधुनिक नेपाली गजलका उच्च संप्राप्तिहरू हुन् ।

विवश पोखरेल युवा पुस्ताका कवि र कथाकार हुन् । गजल लेखनमा पनि उत्तिकै रूचि राख्ने पोखरेलका गजलहरूमा एकातिर बैंसालु प्रेमका भावनाहरू प्रकट भएका छन् भने अर्कोतिर आजको समाज र विश्वको विसंगति र विडम्वना प्रतिको आक्रोश पनि आरोपित भएका पाइन्छन् । पोखरेल शब्दहरू खेलाउन अत्यन्त खप्पीस छन् र संक्षिप्त तर तीक्ष्ण शब्दको प्रयोगमा रूचि राख्दछन् । पोखरेलले अधिकांश समसामयिक पुस्ताका गजलकारहरूले झैं गजल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाई सामाजिक सरोकारको विषय वनाएकां छन् । पोखरेल तर मानवीय मूल्य र मान्यताप्रति पनि उत्तिकै सजग र सचेत देखिन्छन् एकातिर भने अर्कोतिर आजको युगमा व्याप्त सन्त्राश, अनास्था र सन्दिग्धताको विरूद्धमा पनि सबल उभिएका पाइन्छन् । पोखरेल नैतिकताका पक्षमा, स्वाभिमानका पक्षमा, उज्यालाको पक्षमा उभिएका गजलकार हुन् । अधिकांश गजलकारहरू झ पोखरेल पनि गजलको केन्द्रीय रूप विधानप्रति भने उदासीन नै देखिन्छन् ।

सानुराजा श्रेष्ठ 'अञ्जान' नवोदित गजलकार हुन् ।गजल विधामैं मात्र केन्द्रित भएर लेखिरहेका अञ्जानले एउटा छुट्टै संभावना वोकेर आएका छन् । अञ्जानले प्रेमका गजलहरू धेरै लेखेका छन्, तर प्रेमलाई अत्यन्त हार्दिक विषय वनाएर प्रस्तुत गर्न अञ्जान सिपालु देखिन्छन् । जीवनका वारेमा पनि अञ्जानले अत्यन्त सुन्दर गजलहरू लेखेका छन् । तर अञ्जानमा पनि जीवन प्रतिको पलायनता यदाकदा प्रकट भएको छ । आजको विश्वको युद्धजन्य परिस्थिति र संहारको विरूद्धमा पनि अञ्जानले आफ्ना गजलहरूलाई सशक्त उभ्याएका छन् । तर अञ्जानका गजलहरूमा पनि गजल धर्मको निर्वाह राम्ररी भएको पाइँदैन, गजलको संरचनात्मक स्वरूप प्रति पनि अञ्जान सचेत भएको पाइँदैन ।

हरि अधिकारी वीसको दशकको उत्तरार्द्धमा उदाएर तीसको दशकको पुस्तामा चर्चित कवि र कथाकार हुन् । गजल अधिकारीको शोखको लेखन विधा हो । थोरै भए पनि स्तरीय लेखनमा अधिकारी विश्वास राख्दछन् । अत्यन्त सूक्ष्म ढंगले आफ्ना अभिव्यक्तिहरू राखन सिपालु अधिकारी व्यंग्यको तीक्ष्ण प्रहार गर्न पनि उत्तिकै खप्पीस छन् । आफूले अभिव्यक्त गर्न खोजेको विषयवस्तुको गहिराइसम्म पुगेर खोतल्न उत्सुक अधिकारी मानवता र स्वतन्त्रताका हिमायती गजलकार हुन् । गजलको केन्द्रीय रूप विधानप्रति असावधान देखिए तापनि अधिकारीका गजलहरू लयात्मक भने छन् । यिनका गजलहरूमा एउटा प्रवाह छ, एउटा गति छ र एउटै श्रृङ्खलामा वाँधिएका गजल लेखन अधिकारी उत्सुक हुन्छन् । अधिकारीका गजलहरू वौद्धिक पनि छन् । अधिकांश गजलकारहरू भन्दा वढी वौद्धिक सुगठन यिनका गजलहरूमा पाइन्छ भने हृदय तत्वको संयोजन पनि उनका गजलमा नपाइने होइन । शब्दको चयन र संयोजनमा अधिकारी सजग देखिन्छन् र प्रजातन्त्र प्रतिको अधिकारीको प्रतिवद्धता गजलमा पनि यथेष्ठ मात्रामा प्रकट भएको पाइन्छ ।

ज्ञानुवाकर पौडेल आधुनिक नेपाली गजलका महारथी हुन् । प्राथमिक कालमा मोतीराम भट्टले आरम्भ र नेतृत्व गरेको नेपाली गजलको परम्परालाई माध्यमिक चरणमा भीमनिधि तिवारीले नेतृत्व दिए र आधुनिक नेपाली गजललाई ज्ञानुवाकर पौडेलले नेतृत्व गरिराखेका छन् । भीमनिधि तिवारी र उपेन्द्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहादुर जिगरको विश्रामपछि मौनता साँधेको नेपाली गजललाई यिनले वि.सं. २०३६ देखि ब्युँझाएर पुनारम्भ मात्र गरेनन् कि नेपाली गजललाई नवीन दिशा र गति प्रदान गरी आधुनिकताको राजमार्गसम्म ल्याई पुऱ्याए। पौडेलले नेपाली गजल-लाई आधुनिकतातर्फ धकेल्ने मात्र काम गरेनन्, उनले गजल विधालाई नेपाली जनमानसमा परिचित र लोकप्रिय बनाउने काम पनि गरेर गजल विधालाई नेपाली साहित्यको एउटा प्रमुख विधाका रूपमा प्रतिष्ठापित गराउन ऐतिहासिक योगदान पनि गरे।

गजल बाहेक मुक्तक, कविता र यदाकदा कथा पनि लेख्ने पौडेलको केन्द्रीय विधा भने गजल नै हो र झण्डै एक दशक यता उनी निरन्तर गजल मात्र लेखिरहेका छन्। पौडेलमा उर्दू र हिन्दी गजलको अध्ययन पनि पर्याप्त छ र उर्दू र हिन्दी गजल परम्पराको पनि उनमा प्रशस्त ज्ञान छ। शायद त्यसै हुनाले पौडेलका गजलहरूमा उर्दू र हिन्दी गजलको प्रभाव छ र यो प्रभावबाट उनी मुक्त हुन सकेका छैनन्। गजलका संरचनात्मक विधानप्रति पौडेलको ज्ञान हुँदाहुँदै उनका कतिपय गजलहरूमा ती मान्यताहरूको उल्लंघन पनि भएको छ। मात्राको प्रयोगमा पौडेल सचेत देखिएका छैनन्। उनका गजलहरूमा लयात्मकता भए पनि गेयता भने न्यून छ, अझ भनौं पौडेलका गजलहरू गद्यात्मक बन्दै गएका छन्। त्यति हुँदाहुँदै पनि पौडेलका गजलहरूमा सरलता र तरलता भने छ। उनका गजलहरू दिशाहीन छैनन्, गतिहीन छैनन्। उनका गजलहरूको एउटा मूल प्रवाह छ र एउटा शृंखला छ। विषयको विविधतातिर पनि पौडेलले ध्यान दिएका छन् भने शैलीको विविधतालाई पनि पौडेलले आत्मसात् गरेका छन्। बौद्धिकता र हार्दिकताको एउटा सुन्दर समन्वय पौडेलका गजलहरूमा देखन पाइन्छ। उनका गजलहरू हेर्दा सहज र स्वाभाविक देखिए तापनि तिनको प्रहार कडा र तीव्र हुन्छ। व्यंग्यको प्रयोग पौडेलका गजलहरूमा यथेष्ठ भएको छ। यति हुँदाहुँदै पनि पौडेल समसामयिक समाजको कृत्रीमता र, अनास्था र अव्यवस्थाप्रति निराश देखिन्छन् र कहिले काहीं त जीवनप्रति नै उदास हुन्छन्। पलायनता र उदासीनताको पटक पटक पुनरावृत्ति उनका गजलहरूमा भएको छ। उपनाम जोड्ने उर्दू परम्पराको निर्वाह निरविच्छिन्न रूपमा पौडेलले गरेका छन्। समसामयिक सामाजिक सरोकारप्रति ध्यान दिएर गजल लेख्ने पौडेलका गजलहरूमा सार्वकालिक भाव पनि प्रशस्त प्रकट भएको छ। स्वतन्त्रताप्रतिको आफ्नो आग्रहलाई पनि पौडेलले सावधानीपूर्वक गजलहरूमा अभिव्यक्त गरेका छन्। तर पौडेलका कतिपय गजलहरू प्रेम र रक्सी, जीवन र यौवन, सौन्दर्य र रहदास आदिमा अलमलिएका पनि छन्। शब्द चयन र संयोजनप्रति अत्यन्त सचेष्ट पौडेल आफ्ना गजलहरूमा तीव्र प्रभावोत्पादकता प्रदान गर्न सिपालु छन्; कलात्मकताको कमी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन नदिन सचेत छन् र त्यसैले ती सुस्वादु लाग्दछन् । पौडेलका गजलहरू अस्तित्वका अटल उपस्थितिहरू हुन्, वर्तमानका विभीषिकाका विम्वहरू हुन् र विसंगतिका विरूद्ध वाणीका वज्रहरू हुन् । र ती आस्थाका अजरामर आवाजहरू हुन् र सामयिकतालाई संवोधन गर्ने स्वाभिमानी स्वरहरू हुन् । डेढ दशकदेखि निरन्तर गजल लेखिरहेका पौडेलले आधुनिक नेपाली गजललाई एउटा विशिष्ट मोड, नवीन दिशा र नेतृत्व प्रदान गरेका छन् । पौडेलका गजलहरू आधुनिक नेपाली गजलका कोशे ढुंगाहरू मात्र होइनन् कि नेपाली साहित्यकै उच्चतम उपलब्धीहरू हुन् ।

उपसंहार

केही समीक्षक, समालोचक र विश्लेषकहरूले समसामयिक नेपाली गजल ह्रासोन्मुख छ पनि भनेका छन् र कतिले त आधुनिक नेपाली गजलमा आएको यो प्रवाहलाई साउने भेल मात्र हो भनेर भनेको पनि पाइन्छ । निश्चय पनि गजल लेखनमा एउटा बाढी र एउटा प्रवाह आएको छ, यसलाई स्वीकार्नु पर्छ । शायद यही बाढी र प्रवाहलाई क्षणिक साउने भेलका रूपमा चित्रित गर्न खोजिएको हुन सक्छ । तर यस प्रवाहको स्थायीत्व, निरन्तरता, गतिशीलता र स्तरीयता माथि नै प्रश्न चिह्न उठाइ हाल्न मिल्दैन । किनभने यो प्रगतिको लक्षण हो । कविता विधामा होस् या कथामा, एउटा गतिलो आँधी नआई र त्यसमा असंख्य लहरहरू नआई एउटा निश्चित गति र दिशा प्राप्त हुन सक्दैन । सयौं कविहरू जन्मेपछि मात्र एउटा देवकोटा जन्मिन्छ, सयौं नाटककारहरूकै माझवाट एउटा सम जन्मिन्छ र सयौं उपन्यासकारहरूकै माझवाट एउटा दौलत विक्रम व्युंझिन्छ । त्यसैले सयौ गजलकारहरूको प्रवाह यहाँ आवश्यक छ र नै अर्को मोतीराम हामी जन्माउन सक्छौं ।

निश्चित रूपमा भीमनिधि तिवारी र उपेन्द्र वहादुर जिगरको थकान र विश्रामपछिको, निकै लामो अन्तरालपछि मात्र व्युंझिएको नेपाली गजलको आधुनिक धारालाई पुराना समालोचक–समीक्षकहरूले नपढेका पनि हुन सक्छन्, र पढ्न नपाएका पनि हुन सक्छन् । गजल विधाको लामो मौनता र थकानले गजलको लोकप्रियतामा कमी आएको पनि हुन सक्छ । तर आजको गजलले सामाजिक सरोकारको विषयलाई, समाजको अविरल गति र गतिशीलतालाई, आधुनिक जीवनको जटीलतालाई र विषयगत विविधतालाई आत्मसात् गरेको छैन भन्न मिल्दैन । पछि गएर गजलको यही धाराले स्थायीत्व लिन्छ र लिनुपर्छ । गजलको आजको विकासक्रमले नै आधुनिक नेपाली गजलको इतिहास निर्माण गर्दछ र आज गजलमा देखिएको धाराले नै भोलिको अत्याधुनिक नेपाली गजलको दिशा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाई पनि इंगित र निर्देशित गर्दछ ।

आधुनिक नेपाली गजलको मूल प्रवाहलाई नेतृत्व गर्दै नेपाली गजललाई एउटा निश्चित दिशा, नवीन मोड र गति प्रदान गर्न उच्चतम साहित्यिक मूल्यका गजल लेखनमा निरन्तर लागि परेका अविनाश श्रेष्ठ, कृष्णहरि बराल, जैनेन्द्र जीवन, ध्रुव मधिकर्मी, पूर्ण रंजीतकार, बूँद राना, मनु ब्राजाकी, मुन पौडेल, रवि प्राञ्जल, ललिजन रावल, विजय वज्जिमय, वियोगी बुढाथोकी, हरि अधिकारी र ज्ञानुवाकर पौडेल जस्ता गजलकारहरूद्वारा नेपाली गजललाई लोकप्रियता, स्तरीयता र सफलताको सर्वोच्च शिखरमा पुऱ्याउने सुकार्य सुसम्पन्न हुनेछ भन्ने कुरामा विश्वस्त हुँदै समसामयिक नेपाली गजलको भूमिका लेख्ने भारलाई यहीं बिसाइन्छ ।

दुबसु क्षेत्री
२०५०।१।७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वसुन्धरा प्रकाशन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal